साप्ताहिक
साँघु
SANGHU Vernacular Weekly
वेबसाइट: www.sanghunews.com
अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्की नेपालको ४७औं प्रधानमन्त्री भएको १३७औं दिन
वर्ष ४३, अंक ३४, २०८२, माघ १२ गते, सोमबार (Jan. 26, 2026) मूल्य रू. १०।-

# एमालेभित्रै उठ्यो 'कमाण्डर' खोज्ने आवाज
## टिकट नपाएका नेताहरू नै 'ट्रम्प कार्ड' ?

**काठमाडौं । नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओली अहिले चुनावी रणनीतिको चर्को दबाबमा परेका छन् । झापा–५ मा बालेन शाहले चुनावी प्रतिस्पर्धा 'लक' गराएपछि अध्यक्ष ओली देश दौडाहामा जान सक्ने अवस्थामा नरहेको चर्चा एमालेभित्रै हुन थालेको छ । यही कारण एमालेभित्र अहिले चुनावी अभियानका लागि नेताहरूलाई व्यापक रूपमा परिचालन गर्नुपर्ने दबाब बढ्दै गएको छ ।**

पार्टीभित्र अध्यक्ष ओलीले टिकट नपाएका सिनियर र प्रभावशाली नेताहरूलाई नै चुनावी कमाण्डर बनाएर मैदानमा उतार्नुपर्ने आवाज उठ्न थालेको छ। तर, यस्तो सुझाव अहिलेसम्म औपचारिक रूपमा कसैले पनि अध्यक्ष ओलीसमक्ष पुऱ्याउने प्रयास भने गरेको छैन ।

एमालेभित्र अहिले चुनावी क्याम्पेनलाई सशक्त बनाउन टिकट नपाएका अनुभवी र प्रभावशाली नेताहरूलाई परिचालन गर्नुपर्ने तर्क बलियो बन्दै गएको हो । त्यसका लागि अध्यक्ष ओलीले एक कदम पछाडि हटेर ती नेताहरूसँग संवाद, छलफल र समन्वय गरेर अघि बढ्नुपर्ने आवाजसमेत उठिरहेको छ ।

**टिकट नपाएका नेताहरू, तर प्रभाव कायम**

एमालेभित्र अहिले पनि चुनावी दौडमा जान सक्ने र जनमतमा प्रभाव राख्न सक्ने नेताहरूको सूची लामो रहेको नेताहरूको भनाइ छ । ती नेताहरूमा गोकुल बाँस्कोटा, सुरेन्द्र पाण्डे, योगेश भट्टराईसहित एक दर्जनभन्दा बढी नेताहरू रहेका



छन् । तर, टिकट नपाएकै कारण उनीहरू निष्क्रिय बस्न बाध्य भएको अवस्था छ । यही कारण ती नेताहरूलाई सक्रिय रूपमा परिचालन गर्नुपर्ने आवाज पार्टीभित्र बलियो बन्दै गएको हो ।

**घट्दो प्रभाव र रणनीतिक संकट**

पछिल्ला दिनहरूमा एमालेको प्रभाव क्रमशः घटिरहेको छ । यो प्रभाव थप कमजोर हुन नदिन र हालसम्म प्राप्त जनमतलाई जोगाएर राख्न जसरी पनि रणनीतिक कदम चाल्नुपर्ने अवस्था आएको नेताहरूको बुझाइ छ । पछिल्लो समय एमालेप्रति वितृष्णा बढाउने गतिविधिहरू भइरहेका छन् । एमालेलाई निरन्तर आक्रमण गरेर रक्षात्मक अवस्थामा धकेल्ने प्रयास भइरहेको नेताहरूको आरोप छ ।

यही कारण एमालेले अब रक्षात्मक मात्र होइन, आक्रामक र रणनीतिक 'मुभ' गर्नुपर्ने अवस्था सिर्जना भएको बताइन्छ । चुनावी क्याम्पेनलाई तीव्र बनाउने, सन्देशलाई स्पष्ट बनाउने र संगठनलाई चलायमान बनाउने विकल्पबाहेक एमालेसँग अरू विकल्प नरहेको नेताहरूको विश्लेषण छ ।

**कार्यकर्ता र भोट बैंकमा दरार**

पछिल्ला दिनमा एमालेका कार्यकर्ताहरू नै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) तर्फ ढल्किन थालेको संकेत देखिन थालेको छ । उता नेपाली कांग्रेसले आफ्ना भोट सुरक्षित गर्न आन्तरिक व्यवस्थापनमा ध्यान केन्द्रित गरिरहेको अवस्थामा एमालेका भोटहरू भद्रगोल बन्ने सम्भावना बढेको नेताहरूको चिन्ता छ । नेकपाले भने आफ्नो पुरानो भोट बैंक सुरक्षित गर्ने प्रयासमै अधिकांश समय खर्च गरिरहेको बताइन्छ । यस्तो अवस्थामा एमाले थप दबाबमा परेको देखिन्छ ।

**ओली झुक्ने कि रणनीति बदल्ने ?**

यसैकारण दबाबमा रहेको एमालेलाई सुरक्षित चुनावी नतिजा (बाँकी पृष्ठ ८ मा)

# निर्वाचन देखावटी ! नयाँ सत्ताको यस्तो तयारी ?
# भोट, विद्रोह र भ्रम : 'ग्रान्ड डिजाइन'भित्रको नेपाल

**काठमाडौं । नेपालको राजनीतिमा पलपल तरंगित हुने घटनाक्रमहरू देखिए तापनि यी घटनाहरू पूर्वनिर्धारित योजना अनुसार नै भएको अनुमान गर्न थालिएको छ । यो एक प्रकारको 'ग्रान्ड डिजाइन' जस्तो देखिन्छ, जहाँ एकपछि अर्को घटनाहरू 'प्लट' गरिएका छन् । पूर्वलिखित पटकथा ९ක्अचष्उत) का आधारमा पात्रहरूले आ–आफ्नो भूमिका निर्वाह गरिरहेका छन् । यसको अन्त्य कसरी हुन्छ भन्ने कुरा पनि पूर्वनिर्धारित नै देखिन्छ । यो कुनै अत्यन्त सिद्धहस्त योजनाकारले कल्पना गरेर बनाएको योजना जस्तो भान हुन्छ ।**

**यथार्थ जस्तो तर, काल्पनिक**

नेपालको राजनीतिमा अहिले एकपछि अर्को घट्ने घटनाहरू हेर्दा यथार्थ लागे तापनि ती सबै काल्पनिक कथाहरूमा आधारित जस्ता देखिन्छन् । २०८२ भदौ २३ र २४ देखि करिब चार महिना व्यतीत हुँदा पहिले पर्दा पछाडि रहेका पात्रहरू अहिले भटाभट सार्वजनिक रूपमा प्रकट भइरहेका छन् । यी दृश्यहरू कुनै कालिगढले कुँदेको मूर्ति वा चित्रकारले कोरेको चित्रभन्दा बढी दुरुस्त र मजबुत देखिन्छन् ।

**युद्ध दृश्य र राजनीतिक भ्रम**

यो योजना अत्यन्त दीर्घकालीन रणनीतिका साथ बनाइएको देखिन्छ। इराक र अमेरिकाबीचको युद्धका बेला अमेरिकाले सीएनएन (ऋल्ल) मार्फत प्रसारण गरेका काल्पनिक युद्ध दृश्यहरूसँग यसको तुलना गर्न सकिन्छ। त्यतिबेला सार्वजनिक भएका विवरणअनुसार अमेरिकाले इराक युद्धका क्रममा करिब ३० हजारभन्दा बढी काल्पनिक दृश्यहरू निर्माण गरी सीएनएनमार्फत विश्वभर प्रसारण गरेर भ्रम फैलाएको थियो। विश्वका आम नागरिकहरूले त्यसलाई सत्य ठानेका थिए। एकाध छिटपुट घटना हुँदा पनि भीषण बमबारीका दृश्यहरू प्रसारण गरिन्थ्यो । यहाँ पनि त्यस्तै योजनाबद्ध दृश्यहरू एकपछि अर्को गरी प्रस्तुत भइरहेका छन् ।

**भदौ २३–२४ : प्रश्नैप्रश्न**

भदौ २३ र २४ का घटनामा भएको तोडफोड तथा आगजनी, सरकारी भवनहरूमा प्रयोग गरिएको भनिएको रसायन (केमिकल), र निश्चित आगजनीपछि आफैं ती क्रियाकलाप बन्द हुनुले गम्भीर प्रश्नहरू जन्माएको छ। कुनै पनि घटनाको छानबिन हुनुअघि नै प्रमाण नष्ट हुने गरी घटनास्थलको 'रङ्गरोगन' र 'सरसफाइ' गरिनुले राज्य संयन्त्र नै यो योजनालाई वैधता दिन सक्रिय रहेको पुष्टि गर्छ। त्यसपछि मात्र आयोग गठन गरिनु र अहिले निर्वाचनको बहानामा आयोगको समयावधि थपिनुले यो योजना झनै छर्लङ्ग भएको छ ।

**माग एउटा, परिणाम अर्कै**

अझ आश्चर्यजनक कुरा के छ भने 'जेन-जी' (न्भल(श) ले भ्रष्टाचार नियन्त्रण, सुशासन र सामाजिक सञ्जालको प्रतिबन्ध फुकुवाको माग गरिर हँदा त्यसको राजनीतिक लाभ भने प्रतिनिधिसभा विघटन र अन्तरिम सरकार गठनजस्ता अप्रत्याशित निर्णयहरूमा परिणत भयो। मागिएको एउटा कुरा, अप्रत्यासित रुपमा प्राप्त भएको अर्कै । अहिले निर्वाचनका उम्मेदवार घोषणा गर्ने समयसम्म आइपुग्दा पहिले प्रयोग गरिएका पात्रहरूले नयाँ-नयाँ भूमिका पाइसकेका छन् ।

**पात्र फेरिए, खेल उही**

पानी बाँड्ने, सामाजिक सञ्जालबाट आदेश दिने, जेलबाट भाग्ने-भगाउने जस्ता सबै प्रपञ्च मिलाएर कतिलाई नयाँ पार्टीमा प्रवेश गराइएको छ भने कतिलाई टिकट बाँडिएको छ। यसले के प्रमाणित गर्छ भने २०८२ भदौ २३ र २४ का घटनामा पर्दा पछाडि रहेकाहरू अहिले संस्थागत रूपमा संसदमा प्रवेश गर्ने प्रयत्नमा छन् ।

**इन्जिनियरिङ चेन्जको अभ्यास**

यसबीच धेरै नेपालमा धेरै प्रयोगहरू भए । योजनाको मुख्य उद्देश्य पुराना राजनीतिक दल र नेताहरूलाई विस्थापित गर्दै नयाँ पात्र खडा गरेर देशलाई आफ्नो इसारामा सञ्चालन गर्नु रहेको देखिन्छ । सुरुमा रवि लामिछाने, बालेन शाह र कुलमान घिसिङलाई अगाडि सारेर काम अघि बढाउने रणनीति देखियो। रवि मुद्दा-मामिलामा अल्झिएपछि र कुलमानको राजनीतिक हैसियत नपुग्ने देखिएपछि बालेनलाई अगाडि सारियो ।

**'प्रोजेक्ट गगन'**

यतिले मात्र नपुग्ने (बाँकी पृष्ठ ८ मा)

## रास्वपाभित्र चार समूहको शक्ति संघर्ष

*काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भित्र अहिले चारवटा समूहबीच तीव्र अन्तर्द्वन्द्व देखिएको छ । ती चारवटै समूहले आ-आफ्नो रणनीति बनाइरहेका छन् । ती रणनीतिहरू पार्टीको आधिकारिक हितभन्दा पनि आफ्नो समूहलाई मात्रै जिताउने उद्देश्य मा केन्द्रित देखिएको रास्वपा स्रोतहरूको दाबी छ ।*

*रास्वपाभित्र अहिले सबैभन्दा कमजोर समूह भने बालेन शाहको समूह रहेको बताइन्छ । स्रोतका अनुसार, समानुपातिक सांसदमा पठाइएका नाम, केन्द्रीय समितिमा समेटिएका नाम र अन्य नियुक्तिहरूका कारण "बालेनसँग खासै केही रहेनछ" भन्ने धारणा पार्टीभित्र फैलिएको छ । यही कारण रास्वपाभित्र बालेनको समूह दोस्रो दर्जामा सीमित भएको बालेननिकट नेताहरू स्वयंले स्वीकार गर्न थालेका छन् ।*

*रास्वपाका केही नेताहरूले खुलेआम "बालेनसँग अब खास केही छैन" भन्ने टिप्पणी गर्न थालेको चर्चा छ । त्यतिमात्र होइन, प्रत्यक्ष चुनावमा पनि बालेन पक्षका उम्मेदवारहरूलाई हार्ने सम्भावना बढी भएका क्षेत्रमा टिकट दिइएको भन्ने गुनासो व्यापक रूपमा उठेको छ । यसका कारण बालेनको समूह अहिले रुष्ट बनेको बताइन्छ । यद्यपि, चुनावअघि बोल्ने अवस्था नरहेको भन्दै उनीहरू गुनासोमै सीमित रहेका छन् ।* (बाँकी पृष्ठ ८ मा)

## देउवाको नयाँ चाल-अब राष्ट्रिय भेला
### सभापित गगन स्वीकृत कि अस्वीकार ?




काठमाडौं । नेपाली कांग्रेसमा विशेष महाधिवेशनमार्फत सभापतिमा गगन थापा निर्वाचित भएको घोषणा निर्वाचन आयोग र सर्वोच्च अदालतबाट समेत साथ पाइसकेको छ । तर, सभापति शेरबहादुर देउवा पक्षले उक्त निर्णयलाई औपचारिक रूपमा अस्वीकार नगरे पनि स्वीकार गरेको संकेत पनि देखिएको छैन । यही पृष्ठभूमिमा देउवा पक्षले कांग्रेसको राष्ट्रिय भेला आयोजना गर्ने तयारी गरेको छ। राष्ट्रियसभाको निर्वाचन लगत्तै बोलाइने भनिएको यो भेलालाई राजनीतिक रूपमा निकै अर्थपूर्ण रूपमा हेरिएको छ । कांग्रेसनिकट स्रोतहरूका अनुसार, यो भेला डाकिनु नै देउवा पक्षले विशेष महाधिवेशनलाई अस्वीकार गरेको संकेतका रूपमा लिनुपर्ने अवस्था आएको छ। विशेष महाधिवेशन अस्वीकार गर्नु भनेको त्यहाँबाट निर्वाचित सभापति गगन थापा र उनको सम्पूर्ण टिमलाई अस्वीकार गर्नु सरह हुने स्रोतहरूको दाबी छ ।

**आन्तरिक सन्देश र बाह्य रणनीति**

कांग्रेसको यो भेलाले आन्तरिक मात्र होइन, बाह्य राजनीतिक समीकरणमा पनि प्रभाव पार्ने स्रोतहरू बताउँछन् । पछिल्ला दिनहरूमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को बढ्दो प्रभावका कारण दबाबमा परेका प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाको संयुक्त रणनीतिक मुभ को रूपमा पनि यो भेलालाई हेरिएको छ। देउवाले गगन (बाँकी पृष्ठ ८ मा)

## चुनावको मुखमा प्रचण्डको कठोर कारबाही
### गजुरेलदेखि कुलप्रसादसम्म किन निशानामा ?



काठमाडौं । नेकपामा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले लामो समयपछि आफ्नो प्रिय कोटामा परेका नेता हरिबोल गजुरेललाई कारबाही गरेका छन् । चुनावको मुखमा उपमहासचिवसमेत भइसकेका, कुनै समय प्रचण्डका विश्वासिला मानिने गजुरेलमाथि गरिएको कारबाहीले नेकपालाई ठूलो क्षति पुऱ्याउने आँकलनसमेत हुन थालेको छ ।

शनिबार कारबाहीमा परेका सात जना नेतामध्ये तीन जना अत्यन्त प्रभावशाली मानिन्छन् । गजुरेलले यसपटक सिन्धुलीबाट प्रतिनिधिसभाको टिकट लिन खोजेका थिए । तर प्रचण्डले गजुरेलको सट्टा राजन दाहाललाई टिकट दिएका छन् । जबकि जिल्लाबाट दाहालको नाम नै औपचारिक रूपमा सिफारिस भएको थिएन। यही कारण अहिले सिन्धुलीमा नेकपा दुई धारमा विभाजित भएको छ ।

गजुरेलले सिन्धुलीमा महेश्वर दाहाललाई चुनावी मैदानमा उतारेपछि पूर्वमाओवादीहरूबीच समेत विभाजन देखिएको छ। यसले नेकपाको एक सिटमा प्रत्यक्ष असर पर्ने अनुमान गरिएको छ।

उदयपुरमा मेजर राई कारबाहीमा

यस्तै, उदयपुरमा मेजर राईलाई कारबाही गरेर नेकपाले अर्को समस्या खडा गरेको बताइन्छ। नेकपाभित्र र स्थानीय स्तरमा राम्रो जनाधार, संगठन र प्रभाव भएका नेतामध्ये मेजर राईलाई लिने गरिन्थ्यो । तर, उनलाई टिकट नदिइएपछि उनले बागी उम्मेदवारी दिएका (बाँकी पृष्ठ ८ मा)

## गुप्तचरमा अन्यायमाथि झन अन्याय !

काठमाडौं । गृह मन्त्रालयको नेतृत्वले आफू मातहतको सुरक्षा निकाय राष्ट्रिय अनुसन्धान (गुप्तचर) विभागको बढुवामा काखापाखाको नीति अवलम्वन गरेको गुनासो बाहिर आएको छ। मन्त्रालयले विभागमा कार्यरत अनुसन्धान निर्देशक कृष्ण खनाललाई अतिरिक्त मुख्य अनुसन्धान निर्देशक बढुवामा अन्याय भएको गुनासो विभाग स्रोतले गरेको छ । विगतमा पनि अनुसन्धान निर्देशक बढुवामा नेपाली कांग्रेसको सोर्सफोर्स र दबाबमा रामप्रसाद दासलाई रोकेर कार्यक्षमता र अनुभव अति फितलो भएका ओमराज जोशी, ओम खड्कालाई गरिएको गुनासो बाहिरिएको थियो। जसकाकारण केही समय अगाडि मात्र जोशी र खड्का अतिरिक्त मुख्य अनुसन्धान निर्देशकमा बढुवा हुन सफल भएको आरोप गुप्त स्रोतले लगाएको छ ।

अतिरिक्त मुख्य अनुसन्धान निर्देशकमा भरखरै बढुवा भएका खड्का भन्दा कार्यक्षमता, सूचना संकलनको स्रोत, विश्लेषण र मातहतका कर्मचारीहरूलाई सही ढंगले परिचालन गर्ने विषयमा उपत्यका कार्यालय (कन्ट्रोल) का प्रमुख खनाल निकै अगाडि रहेको बताइन्छ। त्यसैगरी, गण्डकी प्रदेशका अनुसन्धान निर्देशक प्रजेशसिंह हमाल, लुम्बिनीमा कार्यरत रामप्रसाद दास निकै योग्य, सक्षम र अनुभवी मानिने स्रोतको दावी छ। तर, गृहमन्त्री ओमप्रकाश अर्याल र सचिव राजकुमार श्रेष्ठको जोडबलमा सक्षम र योग्य खनाल, हमाल र दासलाई पन्छाएर (बाँकी पृष्ठ ८ मा)

## पुजारी भूपतिबज्र विवादमा थैली खेलको अब के होला ?

काठमाडौं । निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले गरेका कर्तुतहरु एकपछि अर्कोगरी छत्ताछुल्ल हुन थालेका छन्। २०८१ पुसमा मन्त्री अधिकारीले मोटो थैले बुझेर गुठी संस्थानमार्फत बौद्धनाथ स्तुपाको पुजारीमा चिनियाँमूलका भूपति बज्र लामालाई नियुक्ति गरेको रहस्य खुलेको छ। त्यसअघि पनि लामा पाँच वर्ष स्तुपाको पुजारी नियुक्त भएर कामकाज गरेको बताइन्छ । गुरु ल्हाङ्खा गुम्बा अर्थात् मेलम्ची घ्याङ गुठीको लामा चिनियाँ मूलका बज्र सम्पदायबाट नियुक्ति हुने प्रचलन रहेको थियो ।

तर, उनलाई गैरकानूनी रूपमा निवर्तमान मन्त्री अधिकारीले मोटो रकमको थैली बुझेर गुपचुपमा नियुक्ति दिएको (बाँकी पृष्ठ ८ मा)

## वनमा बिचौलिया हावी !

काठमाडौं । बन तथा वातवरण मन्त्री माधवप्रसाद चौंलागाईंको कार्यशैली र बिचौलियहरु सल्वलाउँदा मन्त्रालयमा कार्यरत कर्मचारीहरु भने हैरानीमा परेको गुनासो प्राप्त भएको छ। खासगरी मन्त्री चौंलागाईं निवर्तमान मन्त्री ऐनबहादुर शाहीका छोरा राजेन्द्र र आफ्नै सल्लाहाकार हरिहर न्यौपानेको कारण दिनप्रतिदिन विवादमा पर्दै आएको मन्त्रालय स्रोतले जानकारी दिएको छ । सल्लाकार न्यौपाने यसअघि पनि निवर्तमान मन्त्री शाहीको सल्लाहाकार भएर काम गरेका थिए । यसपटक पनि मन्त्री चौंलागाईंले उनै न्यौपानेलाई सल्लाहाकार नियुक्ति गरेका छन्। अघिल्ला मन्त्री शाहीको १४ महिने कार्यकालमा पनि यी दुवै जनाको केमेष्ट्री राम्रोसँग मिलेको कारण (बाँकी पृष्ठ ८ मा)

## प्रधान सेनापतिसम्म पुगेको अधिकृतहरूको असन्तोष
# होनहार सेनानीको पलायन रोक्ने कि निरन्तरता दिने ?

● साँघु विशेष संवाददाता

**काठमाडौं । नेपाली सेनाभित्र संस्थागत सन्तुलन कायम राख्न र होनहार, सक्षम तथा युवा अधिकृतहरूलाई प्रोत्साहित गर्न नेपाली सेनाको सैनिक सेवा नियमावली, २०६९ को छैठौं संशोधन अपरिहार्य भइसकेको विषय पछिल्लो समय जोडदार रूपमा उठ्न थालेको छ । विशेषतः बढुवा प्रणालीका कारण निराश बनेका र राजीनामा दिएर सैनिक सेवा छाड्न बाध्य भएका करिब ७ सय सेनानी (मेजर) को अवस्थाले यो विषयलाई गम्भीर मोडमा पुऱ्याएको छ ।**

स्रोतका अनुसार, वर्तमान सैनिक सेवा नियमावलीका बढुवा सम्बन्धी व्यवस्थाबाट ४२ बेसिकदेखि ५० बेसिकसम्मका युवा, जेहेन्दार र पेशागत रूपमा सक्षम सेनानीहरू प्रत्यक्ष रूपमा पीडित छन्। यही कारणले ४०-४२ वर्षकै उमेरमा सेनानीहरु सैनिक सेवा छाडेर कोही विदेश पलायन हुन बाध्य भएका छन् भने कोही निजी क्षेत्रका सुरक्षा सेवामा रोजगारी गर्न पुगेका छन्। राज्यले लाखौं रुपैयाँ खर्च गरेर विभिन्न तालिम, रणनीतिक अभ्यास र अन्तर्राष्ट्रिय अनुभव प्रदान गरी तयार पारेका सैन्य अधिकृतहरू संस्थाबाट निराश भएर बाहिरिनु स्वयं संस्थाका लागि गम्भीर चिन्ताको विषय बनेको छ ।

**प्रधान सेनापतिको चासो र सुधारको संकेत**

स्रोतको दाबीअनुसार, नेपाली सेनाका प्रधान सेनापति अशोकराज सिग्देल स्वयं पनि वर्तमान बढुवा व्यवस्थाप्रति सन्तुष्ट छैनन् र नियमावलीमा सुधार आवश्यक रहेको पक्षमा देखिनु भएको छ । संस्थाभित्र देखिएको असन्तुलन, बढ्दो निराशा र प्रतिभा पलायनको अवस्थालाई अन्त्य गर्न प्रधान सेनापतिले छिट्टै केही ठोस कदम चाल्ने तयारी गरेको बताइन्छ।

नेपाली सेनामा सेनानी (मेजर) पदलाई केवल गण वा गुल्म स्तरको नेतृत्व मात्रै होइन, समग्र संस्थाको मेरुदण्डका रूपमा हेरिन्छ । यही तहबाट भविष्यका कमाण्डर, रणनीतिक



योजनाकार र नेतृत्व विकास हुने भएकाले यो तहमा असन्तोष बढ्नु दीर्घकालीन रूपमा संस्थाका लागि जोखिमपूर्ण मानिन्छ ।

**बढुवा प्रणालीमा देखिएको असन्तुलन**

हालको सैनिक सेवा नियमावलीअनुसार बढुवा प्रक्रिया अत्यधिक प्रतिस्पर्धात्मक र सीमित अवसरमा केन्द्रित भएको गुनासो छ । विशेषगरी स्टाफ कलेज नगरेका तर फिल्डमा उत्कृष्ट कार्यसम्पादन गरेका अधिकृतहरू बढुवाबाट वञ्चित हुनुपरेको अवस्था व्यापक रहेको बताइन्छ। यसले गर्दा क्षमताभन्दा अवसर र संरचनागत सीमाले अधिकृतहरूको भविष्य निर्धारण गरिरहेको अनुभूति बढ्दै गएको छ।

स्रोतका अनुसार, यदि स्टाफ कलेज गर्न सफल अधिकृतहरूका लागि ६० प्रतिशत र नन-स्टाफ कलेज अधिकृतहरूका लागि ४० प्रतिशत बढुवाको व्यवस्था गरियो भने मेजरदेखि प्रमुख सेनानीसम्मको तहमा उल्लेखनीय राहत मिल्नेछ। यसले संस्थाभित्रको असन्तुलन घटाउने र निराश अधिकृतहरूलाई पुनः संस्थाप्रति प्रतिबद्ध बनाउने विश्वास व्यक्त गरिएको छ ।

**प्रमुख सेनानीदेखि महासेनानीसम्म सुधारको प्रस्ताव**

यस्तै, प्रमुख सेनानीदेखि महासेनानीसम्मको बढुवा प्रक्रियामा रहेको 'अति योग्य' श्रेणी हटाएर 'बढी योग्य' श्रेणी मात्र कायम गर्ने, र हालको १० प्रतिशत योग्य कोटा बढाएर २० प्रतिशत पुऱ्याउने प्रस्तावले पनि संस्थागत सन्तुलन कायम गर्न सहयोग पुऱ्याउने दावी गरिएको छ । यसले मध्यम श्रेणीदेखि वरिष्ठ अधिकृत तहसम्म न्यायोचित वातावरण सिर्जना हुने, प्रतिस्पर्धा स्वस्थ बन्ने र सैनिक अधिकृतहरुको मनोबल वृद्धि हुने अपेक्षा गरिएको छ। यस किसिमको सुधार लागू भएमा केवल सेनानी तह मात्र होइन, उपरथी हुँदै रथीवृन्दसम्मको बढुवा प्रणाली पनि बढी पारदर्शी, सन्तुलित र न्यायिक बन्ने विश्वास व्यक्त गरिएको छ ।

**इकाइहरूबाट आएका सुझाव र अपेक्षा**

स्रोतका अनुसार, नेपाली सेनाका विभिन्न इकाइ (पल्टन) हरूबाट समेत सैनिक सेवा नियमावली संशोधन (बाँकी पृष्ठ ८ मा)

## कालपानीबाट सिधै मालपानी अड्डामा !

काठमाडौं । अर्थमन्त्री रामेश्वर प्रसाद खनालले मन्त्रालयमा एकसेएक काविल र सक्षम सहसचिव हुँदाहुँदै गृह मन्त्रालयबाट सहसचिव केदारनाथ शर्मालाई भित्र्याएर ठूला करदाता कार्यलयमा खटाएका छन् । उनी सहसचिवका लागि काला पानी मानि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालय भैरहवामा कार्यरत रहेका थिए । मन्त्रालय र मातहत निकायमा कार्यरत सहसचिवहरुलाई वाइपास गर्दै गएको हप्ता सहसचिव शर्मालाई मन्त्रालयमा भित्र्याएर मालदार मानिने ठुला करदाता कार्यालयको प्रमुख कर प्रशासकको जिम्मेवारीमा सरुवा गरिएको छ । सो कार्यालयमा कार्यरत प्रमुख कर प्रशासक दिलीप गौतम २०८२ पुष २ गते ५८ वर्षे उमेरहदका कारण सेवा निवृत्त भएका थिए ।

त्यसपछि मन्त्री खनालले गरेको ठुला करदाता प्रमुखको नियुक्तिको निर्णय र कार्यशैलीलाई मन्त्रालयमा कार्यरत कर्मचारीहरूले खासै निको भने नमानेको स्रोत बताउछ । उता, चालु आर्थिक वर्षको अर्ध बार्षिक अर्थात २०८२ पुस मसान्तसम्म सरकारको राजस्व लक्ष्यअनुसार संकलन हुन सकेको छैन । यो ६ महिनाको अवधिमा लक्ष्यभन्दा करिब १ सय अर्ब कम राजस्व संकलन भएको मन्त्रालय स्रोतले दावी गरेको छ। राजस्व र अर्थ दुवै सचिव भएर मन्त्री खनालले लामो समय नेतृत्व गरेका थिए ।

अनुभवी र काविल भनिएका मन्त्री खनालले मन्त्रालयको नेतृत्व गर्ने अवसर पाउँदासमेत अपेक्षित रुपमा राजश्व संकलन हुन नसक्नुले व्यापक रुपमा तस्करी र चुहावटकै आशंका गरिएको छ। सचिव र मन्त्रीले कर्मचारी सरूवामा अनुभवी, काबिललाई भन्दा आफू निकटका कर्मचारीहरूलाई काखी च्याप्नेक्रम यसअघिका सरुवाले पनि पुष्टि गर्दै आएको छ। मन्त्रालयको नेतृत्वले क्षमतावान (बाँकी पृष्ठ ८ मा)

## मन्त्री इङनामलाई कर्मचारीको असहयोग
### विभागका अति आवश्यक कामहरु ठप्प !



प्रा. डा. कुमार इङनाम

● रामहरिचौलागाईं

काठमाडौं । अब लगभग तीन महिने भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री प्रा.डा. कुमार इङनामलाई मन्त्रालय र मातहत निकायमा कार्यरत कर्मचारीहरुले असहयोग गर्दै आएको मन्त्री निकट स्रोत बताउछ । मन्त्री प्रा.डा. कुमार इङनाम सचिव मदन भुजेललाई खटाएको निकायमा नगएर कर्मचारीहरूले असहयोग गर्न थालेको गुनासाहरु बाहिर आइरहेका छन् । मन्त्री इङनामले यसअघि मन्त्रालयको नेतृत्व गरेका मन्त्री र सचिवले सेटिङमा खटाएका केही कर्मचारीहरुले हटाएका थिए । तर, मन्त्री इङनाम, सचिव, भुजेल र प्रशासन महाशाखा प्रमुख सहसचिव गोबिन्द प्रसाद रिजालले निर्णय गरेर जिल्ला प्रमुख मालपोत अधिकृतमा खटाएका कतिपय उपसचिवहरु जिम्मेवारीबहन गर्न अनाकानी गर्दै बसेको कर्मचारी स्रोतले जानकारी दिएको छ ।

मन्त्रालयले गएको हप्ता ललितपुर र भक्तपुरमा नयाँ प्रमुख मालपोत अधिकृतहरूलाई खटाएको थियो। तर, उनीहरू अझै ती कार्यालयमा हाजिर गर्न पुगेका छैनन। जसले गर्दा कार्यालय प्रमुखको जिम्मेवारी निमित्तले सम्हाल्दै आएका छन्। मन्त्रालयले ललितपुरमा भीमबहादुर बुढा र भक्तपुरमा भने अर्जुन राईलाई खटाएको थियो । मन्त्रालयले भूमि सुधार तथा मालपोत कार्यालय लमजुङको प्रमुख मालपोत अधिकृतमा हरिकृष्ण सुवेदी र चन्द्रनिगाहपुर रौतहटको प्रमुख मालपोत अधिकृतमा दीपेन्द्र कुमार खत्रीलाई खटाएको थियो ।

खटाएको डेढहप्ता बित्दासमेत उनीहरु कार्यालयमा पुगेका छैनन् । त्यस्तै, मन्त्रालयले भूमि व्यवस्थापन तथा अभिलेख विभागका महानिर्देशक रहेका शिवप्रसाद रेग्मीलाई हटाउन चाहेको महिनादिन भन्दा बढी समय बितिसकेको छ । तरपनि मन्त्री इङनामले विभागको महानिर्देशकको जिम्मेवारीमा पठाउनका लागि नयाँ सहससचिव फेला पार्न नसकेको स्रोत बताउछ। २०८२ फागुन २१ गते हुन गईरहेको प्रतिनिधि सभा निर्वाचनलाई मध्यनजर गर्दै निर्वाचन आयोगले २०८२ (बाँकी पृष्ठ ८ मा)

## निर्वाचन आचासंहिता लागेपछि...! मन्त्री र सचिव विदेश भ्रमणमा रमाउँदै

काठमाडौं । कृषि तथा पशुपन्छी विकास मन्त्री डा. मदन प्रसाद परियार र सचिव डा. राजेन्द्र प्रसाद मिश्र छिमेकी मुलुक भारतमा आयोजना हुन गइरहेको कार्यक्रममा भाग लिन जाने तयारीमा जुटेका छन् । निर्वाचन गराउने प्रमुख म्याण्डेटसहित गठित अन्तरिम सरकारका सचिव र मन्त्रीहरू निर्वाचन आचासंहिता लागुभएपछि किन विदेश सयरमा रमाउदै आएका छन् भन्ने प्रश्नसमेत उठ्ने गरेको छ । सुशीला कार्की नेतृत्वको सरकार पुँजीगत खर्च कटौती गरेर निर्वाचनको जोहोमा लागेको छ । तर, सरकारले अनावश्यक खर्च घटाउने र मितव्ययिता अपनाउने उद्घोष गर्न भने छोडेको छैन ।

यसअघि पनि अन्तरिम मन्त्रिपरिषद बैठकले मन्त्री, सचिव र कर्मचारीहरुको बिदेश भ्रमणलाई स्वीकृति प्रदान गर्दै आएको छ । सोहीक्रममा २०८२ माघ २२ गतेदेखि २४ गतेसम्म भारतको नयाँ दिल्लीमा आयोजना हुने साउथ एशियन एग्रो फरेष्ट्री एण्ड ट्रिज आउट साइड फरेष्ट्र कन्फ्रेन्स २०२६ भाग लिनका लागि मन्त्री परियार र सचिव मिश्रलाई सहमति प्रदान गरेको बताइन्छ । एकातिर सरकार निर्वाचनको माहोलमा होमिएको (बाँकी पृष्ठ ८ मा)

# राजनीति किन रिसइबीको अखडा बन्यो ?
## नीति नभएको चुनाव, दिशा नभएको देश

**प्रतिनिधि सभाको निर्वाचनका निम्ति तोकिएको २०८२ फागुन २१ को दिन आउन अब डेढ महिना पनि बाँकी छैन । तर, मुलुकमा निर्वाचनको तयारी हुन लागेको समयमा जे जस्तो वातावरण बन्ने अनुमान गरिन्छ, अहिलेसम्म त्यस्तो वातावरण बनेको देखिँदैन । कथित अगुवाहरू मर्यादारहित गालीगलौज, रिसइबी र कुण्ठामा डुबेको मात्र देखिन्छन् ।**

**यो बेला**



**युवराज पाण्डे(पीएचडी)**

**नशाको सुरमा आधा रातमा फेसबुकबाट राजनीतिक दल र नेताहरुलाई अमर्यादित र अश्लील शब्द प्रयोग गरेर गाली गर्ने प्रवृत्तिको पुनरावृत्ति भइरह्यो भने मुलुकको कस्तो दशा होला ?**

प्रधानमन्त्री तथा मन्त्री जस्ता पदका कथित उम्मेदवारहरू र दावेदारहरूले मात्र होइन, पत्रकार, कानून व्यवसायी, बुद्धिजीवी, विश्लेषकहरू र मतदाताहरू सबैले निर्वाचनलाई मुलुक र मुलुकबासीको भाग्य निर्धारण गर्ने अवसरका रूपमा होइन, रिसइबी साँध्ने अवसरका रूपमा प्रयोग गर्न खोजिरहेको जस्तो अनुभव हुन थालेको छ ।

अहिलेसम्म पहिले सरकारको नेतृत्व गर्ने अवसर नपाएका वा सरकारको नेतृत्व गर्ने स्थानमा नपुगेका राजनीतिक दलहरूले "हामी निर्वाचनमा विजय हासिल गऱ्यौं भने देश र जनताको हितमा पहिलेका सरकार हरूले नगरेका यी-यी नयाँ काम गर्छौं" भनेर जनतासमक्ष आफ्ना योजनाको खाका प्रस्तुत गरेका छैनन् । पहिले सरकारमा गएका दलहरूले पनि "हामीले पहिले गर्न नसकेका यी-यी नयाँ काम गर्छौं र पहिले गरेका यी-यी गल्ती अब दोहोऱ्याउँदैनौं" भनेर जनसमक्ष कुनै स्पष्ट प्रतिबद्धता गरेका छैनन् ।

प्रधानमन्त्री तथा गृहमन्त्री जस्ता पदका नयाँ दावेदारहरूको तर्फबाट पनि अहिलेसम्म संविधान, ऐन-कानून, राजनीतिक प्रणाली, आर्थिक प्रणाली, शिक्षा प्रणाली, स्वास्थ्य प्रणाली, कृषि प्रणाली तथा समग्र उत्पादन प्रणाली लगायतका विषयमा स्पष्ट र भिन्न नीति तथा कार्यक्रमको प्रस्ताव अगाडि आएको छैन । सुधारका कुनै पनि नयाँ र फरक नीति तथा कार्यक्रम अघि सार्न नसकेको कुरामा नयाँ भनिने दल र तिनका प्रधानमन्त्री, मन्त्री लगायत पदका दावेदारहरूमा र पुराना दलका त्यस्ता दावेदारहरूमा कुनै भिन्नता देखिँदैन ।

**नयाँ र पुराना अनुहार : एउटै गाली, एउटै असफलता**

पुराना दलहरूले त बरु विद्यमान आर्थिक, राजनीतिक र सामाजिक प्रणालीको स्वामित्व लिन खोज्लान्, तर नयाँ भनिने दलहरू र महत्वपूर्ण पदका नयाँ दावेदार (बाँकी पृष्ठ ८ मा)

## जीवनधारा

### मौन शक्ति

सुविख्यात दार्शनिक एवं विचारक कार्लाइल आफ्ना परिवारजनसहित एक भोजमा गए । त्यहाँ उनका एक कट्टर शत्रु पनि उपस्थित थिए । उनले त्यहाँ उपस्थित निम्तालुको बीचमै कार्लाइललाई अपशब्द प्रयोग गरेर गाली गर्न थाले । परन्तु कार्लाइल मौन रहे । आयोजकले अनुनयविनय गरे, उसलाई शान्त राख्न बहुत कोसिस गरे, तर उसले केही न केही राम्रो–नराम्रो व्यक्त गरिरह्यो । यो सब कुरा कार्लाइलको पत्नीलाई असह्य भयो । उनी आफ्नो पतिलाई धिक्कार्दै भन्न थालिन्–ऊ एकदमै दुस्ट व्यक्ति सबैको सामुन्ने तपाई–हाम्रो अपमान गरिरहेको छ, तर तपाईंचाहिं चुपचाप बसिरहनुभएको छ । पत्नीको कुरा सुनेर कार्लाइल भन्न थाले–म चुप बसेर पनि उसलाई जवाफ दिइरहेको छु । यस्ता व्यक्तिलाई जवाफ दिने यही एउटा सही तरिका हो । मौनता शब्द भन्दा धेरै शक्तिशाली हुन्छ । तिमीले त्यसलाई बुझिरहेकी छैनौं, तर त्यो व्यक्ति मेरो मौनतामा लुकेको जवाफ बुझेर नै ऊ आहत भइरहेको छ । कार्लाइलको जवाफ सुनेर उनकी पत्नीसमेत हैरान हुन पुगिन् ।

लक्ष्यलाई पूरा गर्नका लागि आफ्नो पूरा शक्तिद्वारा परिश्रम गर्नु नै पुरुषार्थ हो ।

– पतञ्जली (योगदर्शन)

## सम्पादकीय

### स्वच्छ र निष्पक्ष निर्वाचनको अपेक्षा

२०८२ साल माघ ६ गते उम्मेदवारहरूको मनोनयन दर्ता सम्पन्न भएसँगै मुलुक औपचारिक रूपमा प्रतिनिधि सभा निर्वाचनको चरणमा प्रवेश गरेको छ । २०८२ फागुन २१ गते सम्पन्न हुने यो निर्वाचन केवल जनप्रतिनिधि चयन गर्ने प्रक्रिया मात्र होइन, नेपालको लोकतान्त्रिक अभ्यासको परीक्षा पनि हो । विगतका निर्वाचन अनुभव, राजनीतिक अस्थिरता, जनआक्रोश र सुशासनप्रतिको निराशाबीच यो निर्वाचनलाई भयमुक्त, हिंसारहित, निष्पक्ष, स्वच्छ र स्वस्थ ढंगले सम्पन्न गर्न सक्नु आजको सबैभन्दा ठूलो चुनौती र दायित्व हो ।

लोकतन्त्रमा निर्वाचन जनताको सार्वभौम अधिकारको प्रयोग हो । मतदाताले स्वतन्त्र रूपमा आफ्नो मत प्रयोग गर्न पाउने वातावरण सिर्जना हुनु नै लोकतन्त्रको आत्मा हो । तर, विगतका केही निर्वाचनहरूमा देखिएका डर–त्रास, धम्की, भोट किनबेच, सत्ताको दुरुपयोग, राजनीतिक हिंसा र प्रशासनिक पक्षपातले जनविश्वास कमजोर बनाएको यथार्थ कसैबाट लुकेको छैन । त्यसैले २०८२ सालको प्रतिनिधि सभा निर्वाचन विगतका कमजोरी दोहोऱ्याउने होइन, सुधार र परिमार्जन गर्ने अवसरका रूपमा लिनुपर्छ ।

निर्वाचन आयोग संवैधानिक निकायका रूपमा निर्वाचनको मूल जिम्मेवार संस्था हो । तर, आयोग एक्लैले निर्वाचन निष्पक्ष र विश्वसनीय बनाउन सक्दैन । निर्वाचन सफल बनाउन निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान (गुप्तचर) विभागको

निष्पक्ष भूमिका र सक्रियता अत्यन्तै निर्णायक हुन्छ । यी सबै राज्यका स्थायी अंग हुन्, जसको निष्ठा संविधान, कानून र राष्ट्रप्रति हुनुपर्छ–कुनै दल, समूह वा व्यक्तिप्रति होइन ।

निजामती कर्मचारीहरू निर्वाचनको प्रशासनिक मेरुदण्ड हुन् । मतदान केन्द्रको व्यवस्थापन, मतपेटिका सुरक्षा, मतगणना प्रक्रिया, नतिजा प्रकाशनसम्म उनीहरूको भूमिका प्रत्यक्ष देखिन्छ । कर्मचारीको सानो त्रुटि वा पक्षपातले पनि निर्वाचनको विश्वसनीयतामाथि प्रश्न उठ्न सक्छ । त्यसैले उनीहरूबाट उच्च व्यावसायिकता, निष्पक्षता, पारदर्शिता र कानूनी अनुशासनको अपेक्षा गरिएको छ । राज्य संयन्त्र जनताको विश्वासको आधार हो भन्ने कुरा कर्मचारीले आत्मसात् गर्नैपर्छ ।

सुरक्षाको सवालमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको भूमिका अत्यन्त संवेदनशील र जिम्मेवार हुनु अति जरुरी छ । निर्वाचनका बेला सम्भावित हिंसा, झडप, धम्की, अवाञ्छित गतिविधि तथा मतदाता प्रभावित पार्ने प्रयास रोक्नु उनीहरूको प्रमुख दायित्व हो । मतदान केन्द्रदेखि मतगणना स्थलसम्म सुरक्षाको सुनिश्चितता बिना निष्पक्ष निर्वाचन सम्भव हुँदैन । सुरक्षाकर्मीहरूको तटस्थ व्यवहार, संयम र पेशागत इमानदारीले नै आम नागरिकलाई निर्भय बनाउँछ ।

त्यसैगरी, राष्ट्रिय अनुसन्धान विभागको भूमिका दृश्यभन्दा अदृश्य भए पनि अत्यन्त महत्वपूर्ण हुन्छ । निर्वाचनमा हुन सक्ने षड्यन्त्र, हिंसात्मक योजना, अवैध आर्थिक गतिविधि, संगठित अपराध तथा बाह्य हस्तक्षेपको जोखिम पहिचान गरी समयमै सम्बन्धित निकायलाई जानकारी गराउनु लोकतन्त्रको रक्षा हो । सूचना र विश्लेषणको सही प्रयोगले धेरै अप्रिय घटनाहरू समयमै रोक्न सकिन्छ ।

स्वस्थ निर्वाचन केवल राज्य संयन्त्रको जिम्मेवारी मात्र होइन । राजनीतिक दल र उम्मेदवारहरूको आचरणले पनि निर्वाचनको स्तर निर्धारण गर्छ । घृणात्मक भाषण, जातीय वा धार्मिक विभाजन, झूटा प्रचार, शक्ति र पैसाको दुरुपयोग लोकतन्त्रका घोर शत्रु हुन् । दलहरूले आचारसंहिता पालना गर्नु बाध्यता होइन, राजनीतिक संस्कार र नैतिकता हो भन्ने बुझाइ आवश्यक छ ।

सञ्चारमाध्यमको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ । तथ्यमा आधारित, सन्तुलित र जिम्मेवार पत्रकारिताले निर्वाचनलाई स्वच्छ बनाउँछ भने अफवाह, उत्तेजना र पक्षपातले वातावरण बिगार्न सक्छ । सञ्चार माध्यम लोकतन्त्रको पहरेदार हो, उत्तेजनाको साधन होइन ।

अन्ततः निर्वाचनको वास्तविक शक्ति मतदाताको हातमा हुन्छ । डर, लोभ, भ्रम र दबाबबाट मुक्त भई विवेकपूर्ण निर्णय गर्नु नागरिक कर्तव्य हो । सचेत मतदाताले नै अस्वस्थ राजनीति अस्वीकार गर्न सक्छ ।

२०८२ सालको प्रतिनिधि सभा निर्वाचनलाई इतिहासमा विश्वसनीय, स्वच्छ र निष्पक्ष निर्वाचनका रूपमा स्थापित गर्न राज्यका सबै अंग, सुरक्षा निकाय, राजनीतिक दल, सञ्चारमाध्यम र नागरिक समाजले इमानदारीपूर्वक आ–आफ्नो जिम्मेवारी पूरा गर्नैपर्छ । लोकतन्त्रको भविष्य भयमुक्त मतदान, हिंसारहित प्रतिस्पर्धा र जनताको स्वच्छ निर्णयमै निर्भर छ ।

# निर्वाचन नागरिकको कि ‘नेता’को ?

**आम निर्वाचनलाई हल्का, कर्मकाण्डी, वैधानिक प्रक्रिया वा सरकारी र आयोगले गर्ने कार्यमा मात्र सीमित गरेर बुझियो र सोचियो भने लोकसत्ता कमजोर तथा अस्थिर बन्न पुग्दछ । त्यस्तो सोचले लोकतन्त्रप्रति नागरिक अपनत्व वृद्धि हुनै सक्दैन । विगतमा भएको मूल समस्या यो पनि हो । नेपालको शासन प्रणाली, दलीय व्यवस्था र शासनप्रति नागरिक अपनत्व कमजोर हुनुमा निर्वाचनलाई बुझ्ने कुरामा प्रष्ट नहुनुले पनि हो । तसर्थ निर्वाचनका बहुआयाम र बहुआयामिक पक्षका सन्दर्भमा गम्भीर बन्नु जरुरी छ । केवल आवधिक निर्वाचन मात्रले लोकतन्त्र बलियो बन्न सक्दैन ।**

## समय र विचार



**डा. प्रेमराज सिलवाल, अधिवक्ता**

**नेपालमा अहिले राजनीतिक अस्थिरता, अविश्वास, असुरक्षा, अनुमानयोग्य शासनको कमी, नागरिक सहभागिता र राजनीतिक दलहरूको अर्थपूर्ण भूमिकामाथि प्रश्नचिन्ह खडा भएकोले पनि ताजा जनादेशको बहुआयामिक अर्थ रहेको छ ।**

निर्वाचनमार्फत जनप्रतिनिधिको चयन हुन्छ । प्रतितिधिमूलक लोकतान्त्रिक शासन व्यवस्थामा आवधिक निर्वाचन अपरिहार्य कुरा हो । निर्वाचनले प्रतिनिधिको छनोट मात्र गर्ने होइन । यसका बहुआयामिक अर्थ र पक्ष रहेका हुन्छन् । केवल ५ वर्षमा वा सरकारले घोषणा गर्ने मितिमा आउने आवधिक निर्वाचनले मात्र लोकतन्त्र सुदृढ हुन सक्दैन । निर्वाचनको राजनीतिक, कानूनी र प्राविधिक ‘सरकारी दायित्व’ मात्र हुने होइन । निर्वाचनमार्फत मुख्यत ३ वटा विषयलाई स्पष्टता दिन्छ । निर्वाचनको माध्यमबाट आम जनताको विचार, मत वा ताजा धारणा जान्न सहयोग गर्ने गर्दछ । दोस्रोमा, नागरिकका सामाजिक, आर्थिक र राजनीतिक प्राथमिकताको निर्धारण गरी त्यसलाई कार्यान्वयन गर्न सक्ने आफ्ना प्रतिनिधिको चयन गर्ने गर्दछ । तेस्रो, महत्वपूर्ण विषय भनेको त्यस्तो नेतृत्वको छनोट गर्ने गर्दछ जसले शासनमा वैधानिकता प्राप्त गर्दछ ।

**निर्वाचनको अर्थ**

स्वच्छ, स्वतन्त्र, भयरहित र नागरिकको व्यापक सार्थक सहभागिता भएको निर्वाचनमार्फत शासनमा नागरिकको प्रतिनिधित्व, अपनत्व, सहभागिता, शासनमा सुनिश्चिता, पारदर्शिता तथा जनमतको परीक्षण समेत गर्नु निर्वाचनका बहुआयामिक अर्थ हुन् । निर्वाचनमार्फत नागरिकलाई राजनीति, शासन-प्रशासन, सत्ता, मुलुकको कार्यदिशा आदिमा प्रत्यक्ष रूपले बहसमा सहभागी बन्न पाउने अवसर प्राप्त हुन्छ । जसले मतदातालाई अनेकौं दृष्टिले सूचित, शिक्षित, सवल र सक्षम बनाउन सहयोग गर्दछ । निर्वाचनमा तोकिएको दिन मतदान केन्द्रमा गएर कसैलाई भोट हाल्नु मात्रले शासन प्रणालीप्रति नागरिकको अपनत्व र नियन्त्रण स्थापित हुन सक्दैन । मतदाता सूचित, शिक्षित र जागरूक नभई हुने निर्वाचनले नागरिकलाई राजनीतिक प्रणालीप्रति अपनत्व वृद्धि गर्न सहयोग गर्दछ । नागरिकको अर्थपूर्ण र सार्थक सहभागिता नहुने निर्वाचनले राजनीतिक प्रणाली सुदृढ बनाउन टेवा दिनै सक्दैन । यसर्थ नागरिक सूचित र शिक्षित हुन आवश्यक भएको हो ।

निर्वाचनको इतिहास हेर्दा विश्वमा प्राचीन प्रजातन्त्र इशापूर्व ५०० वर्ष अघिदेखि निर्वाचनको अभ्यास सुरु भयो । ग्रिक दार्शनिक प्लेटोले गरीब, अशिक्षित र राजनीतिक चेतना नभएकोलाई शासनको अधिकार नहुने धारणा राखेका थिए । विश्वका प्रत्येक देशको आफ्नै सामाजिक, राजनीतिक, भौगौलिक, सांस्कृतिक इतिहास तथा क्रान्ति एवम् संवैधानिक तथा कानुनी विधि र प्रणाली हुन्छन् । युरोपको नर्वेमा निर्वाचित भएका सबै दलहरू सम्मिलित सर्वदलीय सरकार गठन गर्ने अभ्यास रहेको छ । सङ्घीय शासन भएको नर्वेमा राजा समेत रहेको भए पनि सुशासन, विकास र समृद्धिका सबैजसो सूची उच्च रहेको देखिन्छ । संसदीय लोकसत्ताको जननी बेलायतमा निर्वाचनको मिति घोषणा भएपछि निर्वाचनको चहलपहल सुरु हुन्छ । साधरण बहुमतीय प्रणालीबाट त्यहाँ प्रतिनिधिको चयन हुन्छ । जहाँ सबैभन्दा बढी मत ल्याउने उम्मेदवार विजयी हुन्छ । अर्थात प्रत्यक्ष निर्वाचित हुने विधि (एफपिटिपी) प्रणाली लागु गरिएको छ ।

अमेरिकाको राष्ट्रपतिको निर्वाचन ५३८ इलेक्टोरल भोटबाट गरिन्छ । सिनेटको निर्वाचन भने प्रत्येक राज्यबाट २/२ जना समान प्रतिनिधित्वबाट जम्मा १०० जना रहन्छन् । फ्रान्समा मिश्रीत शासन प्रणालीको गणतन्त्र रहेको छ । सन् १७८९ को फ्रान्सेली क्रान्तिलाई धेरैनै महत्वपूर्ण मानिएको छ । फ्रान्समा विदेशमा बसेको तथा हिडडुल गर्न नसक्नेको लागि पनि मताधिकार रहेको देखिन्छ । त्यहाँ आइतबार नै चुनाव गरिने प्रथा रहेको छ । मतदातालाई गोप्य र खुल्ला दुवै तरिकाबाट मताधिकार रहेको छ । जर्मनमा निर्वाचनसम्बन्धी कार्य त्यहाँको सरकार अर्न्तगतको एउटा विभागले गर्ने गर्दछ । सरकारी विभागले निर्वाचन गर्ने भए पनि त्यसको भूमिका र विश्वसनीयताप्रति त्यहाँ ‘विरोध’ गर्नुपर्ने अवस्था रहेको देखिन्न । निर्वाचनसम्बन्धी स्वच्छता, निश्पक्षता, सहभागिता, जिम्मेवारी, उत्तरदायित्व तथा संवैधानिक सर्वोच्चता सुनिश्चित गरिएका कारण युरोपका सबैजसो मुलुकमा समृद्धि, विकास, सुशासन, प्रगति र राजनीतिक स्थिरता देखिन्छ ।

नेपालको संविधानले संविधानबमोजिम गठन भएका राजनीतिक दलहरूलाई लोकसत्ताको आधार मानेर संवैधानिक र कानूनी अधिकार दिएको छ । लोकसत्तामा निर्वाचन अनिवार्य विषय हो । यद्यपि जस्तोसुकै निर्वाचन हुनु वा गराउनुले लोकसत्ता बलियो हुने र नागरिकको अपनत्व वृद्धि हुने चाहिँ होइन । आवधिक, स्वतन्त्र, स्वच्छ र जनताको सार्थक सहभागितापूर्ण निर्वाचनले मात्र जनताको लोकतान्त्रिक-गणतान्त्रिक शासनप्रतिको आस्था बढ्न जान्छ । बङ्गलादेशमा सन् २०२५ अघि प्रधानमन्त्री शेख हसिना सरकारले १५ वर्षसम्म गराउँदै आएको जस्तो निर्वाचन भयो भने मुलुकमा राजनीतिक, संवैधानिक, कानुनी तथा विविध खालका सामाजिक द्वन्द्व वृद्धि गर्ने खतरा हुन्छ ।

निर्वाचनसम्बन्धी कार्य र प्रक्रियाको माध्यमबाट जनताको उमेर, लिङ्ग, क्षेत्र, भूगोल, जाति लगायतको तथ्याङ्क संकलन हुन पनि सहयोग पुग्छ । त्यसले नीति निर्मातालाई राष्ट्रिय विकास नीति निर्माणमा सहयोग पुग्छ । राजनीतिक दलहरूलाई राजनीतिक प्रक्रिया निर्धारण गर्न र मुद्दाको उठान गर्न सहयोग पुग्दछ । आवधिक, स्वच्छ, भयरहित, स्वतन्त्र तथा नागरिकको व्यापक सहभागिता सुनिश्चित भएको निर्वाचनले मात्र नागरिकलाई अधिकार सम्पन्न बनाउन सहयोग गर्दछ । शासनमा नागरिकको प्रतिनिधित्व सुनिश्चित गर्नु निर्वाचनको अर्को आयाम हो । निर्वाचन त्यस्तो उत्कृष्ट माध्यम हो जसको माध्यमबाट जनतालाई राजनीतिक रूपले अधिकार सम्पन्न बनाउन, समाजलाई सामाजिककरण गर्न, नागरिकलाई संवैधानिकीकरण र वैधानिकीकरण गर्न, समाजमा रहेका इकाईमा भएका फरक-फरक विचार र मागलाई अपनत्व मिल्ने गरी मार्ग निर्देशन गर्न, प्रजातान्त्रिक प्रणाली र विधिबाट आफ्ना प्राथमिकता निर्धारण गराउन, द्वन्द्वको वैधानिक विधिबाट व्यवस्थापन गर्न अचुक उपायको काम गर्ने गर्दछ । यसरी मात्र निर्वाचनको माध्यमबाट शासन प्रणालीमा नागरिक नियन्त्रण, सहभागिता तथा अपनत्व बढाउन निर्वाचनको बहुआयामिक महत्व रहेको देखिन्छ ।

**नेपालमा निर्वाचन**

सिद्धान्ततः नागरिक अधिकार सुनिश्चितता भएको आवधिक निर्वाचनलाई लोकसत्तामा एक प्रकारको सामाजिक करार समेत मान्ने गरिएको छ । खासमा निर्वाचित सरकारले जनताको सामाजिक, आर्थिक र राजनीतिक जीवनलाई कम द्वन्द्वको अवस्थामा व्यवस्थित गर्ने काम गर्ने गर्दछ । नेपालमा अहिले राजनीतिक अस्थिरता, अविश्वास, असुरक्षा, अनुमानयोग्य शासनको कमी, नागरिक सहभागिता र राजनीतिक दलहरूको अर्थपूर्ण भूमिकामाथि प्रश्नचिन्ह खडा भएकोले पनि ताजा जनादेशको बहुआयामिक अर्थ रहेको छ । वैधानिक रूपमा सरकारको गठन, जनताको हक अधिकार र कर्तव्यको विधिबाट शासन सञ्चालनको लागि सहजता, नागरिकका राजनीतिक, सामाजिक मुद्दालाई एउटा प्रक्रियाबाट हल गर्न बाटो खोल्ने भएकाले नागरिकको सार्थक सहभागिता भएको निर्वाचनको चौतर्फी अर्थ रहेको देखिन्छ । यसर्थ निर्वाचन, राजनीतिक दल, प्रजातन्त्र, विधिको शासन, मौलिक हकको प्रत्याभूति, मानवअधिकार जस्ता कुरा एक अर्कासँग अन्तरसम्बन्धित विषय हुन् । निर्वाचनमार्फत प्रत्येक नागरिकले राजनीतिक, सामाजिक र सार्वजनिक मुद्दामा आफ्ना धारणा र विचार राख्न सक्ने बहुआयामिक महत्वको माध्यम निर्वाचन पनि हो । नागरिकको अर्थपूर्ण, प्रभावकारी र सार्थक सहभागिता नभई लोकतन्त्र सवल बन्न नसक्ने भएकाले निर्वाचनको महत्व बढेको देखिन्छ । निर्वाचन नागरिकको सरोकारको विषय भएकोले यसका बहुआयामिक पक्षको महत्व बुझ्न आवश्यक छ । भदौको विध्वंसपछि फागुन २१ गते तोकिएको निर्वाचनसम्बन्धी कार्यक्रम अघि बढेको अवस्थामा निर्वाचनलाई नेताको व्यवस्थापनको विषय होइन जनताको आफ्नो आवश्यकता, सरोकार र महत्वको विषय बनाउन सक्नु अत्यावश्यक छ ।

# बद्नाम नेता र विशेष महाधिवेशन विरोधी आउट
# यस पटक ‘थैली भेट’ बिना नै कांग्रेसको टिकट !

● साँघु संवाददाता

**काठमाडौं । नेपाली काँग्रेसको विशेष महाधिवेशनलाई लिएर पार्टीभित्र अन्तरविरोध कायमै रहेको छ । निर्वाचन आयोगले गगनकुमार थापा नेतृत्वको कांग्रेसलाई आधिकारिक रुपमा मान्यता दिएको छ । त्यसपछि निवर्तमान सभापति शेरबहादुर देउवा पक्षधर नेताहरुले आयोगको सो कदमप्रति २०८२ माघ ४ गते आइतवार सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए । तर, २०८२ माघ ६ गते मंगलबार अदालतले अन्तरिम आदेश जारी गर्न नपर्ने राय दिएको छ । अदालतको यो आदेशपछि थापा पक्ष थप उत्साहित देखिएको बताइन्छ ।**

रोचका विषय त २०८२ माघ ६ गते मंगलबार अदालतबाट सो आदेश आउनु अगावै सो पार्टीले १ सय ६५ वटै निर्वाचन क्षेत्रका लागि टिकट वितरण गरिसकेको थियो । निर्वाचन आयोगले आगामी फागुन २१ गते प्रतिनिधि सभाको लागि माघ ६ गते मंगलबार नै उम्मेदवारी दर्ताको लागि समय तालिका निर्धारण गरेको थियो । सभापति गगन थापाले बिना ‘थैली भेट’ पहिलो पल्ट नेपाली कांग्रेसले टिकट वितरण गरेको नेताहरु बताउछन् टिकट वितरण पनि सन्तुलित ढंगले गरेको काँग्रेसका नेता तथा कार्यकर्ताहरुले दावी गरेका छन् । सभापति थापा नेतृत्वको केन्द्रीय कार्य समितिले टिकट वितरणमा अधिकांश युवा र त्यसमा पनि विगतमा सरकारमा गएका भएपनि दाग नलागेका नेताहरूलाई प्राथमिकता दिएको चर्चा चल्ने गरेको छ ।

पार्टी सभापति थापाले विगतमा मन्त्री हुँदा विवादमा परेको र नेपाली नागरिकले औंला ठडाएका नेताहरुले भने यो पटकको निर्वाचनमा टिकटबाट बञ्चित गरेका छन् । साथै, अघिल्लो पटक अर्थात् ०७९ को मंसिरमा सम्पन्न आम निर्वाचनमा प्रत्यक्ष निर्वाचित र विवादमा परेका कतिपय निवर्तमान सांसदहरूलाई नै सो पार्टीले टिकट दिएको छैन । निवर्तमान पार्टी सभापति देउवाको आड पाएका कारण भ्रष्टाचार मुद्दा लागेर आर्थिक रूपमा कारवाही नभएका कतिपय नेताहरूलाई चुनावको टिकट नै नदिएर नसियत दिएको अर्थमा हेरिएको छ । जसलाई नेपाली काँग्रेसका कतिपय इमान्दार नेता कार्यकर्ताहरुले सकारात्मक भनेर नेतृत्वको प्रशंसासमेत गरेका छन् ।

**यी बद्नाम नेताहरुले पाएनन टिकट**

अघिल्लो निर्वाचनमा काठमाडौंको क्षेत्र न. २ बाट निर्वाचित एवम् त्यसअघि गोकर्णेश्वर नगरपालिकाको मेयर भइसकेका विवादस्पद छबिका सन्तोष चालिसेलाई यो पटक टिकट दिइएन । उनीमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारको आरोपमा विशेष अदालतमा मुद्दा दायर गरेको छ । अकुत सम्पत्ति आर्जनमा अख्तियारले डामेका उनलाई यो पटक टिकट दिइएन । चालिसेको विशेष अदालतमा भ्रष्टाचार मुद्दा विचाराधीन रहेपछि उनको ठाउँमा कांग्रेसले रमेश अर्याललाई टिकट दिएको छ ।

यसैगरी, सिन्धुपाल्चोकबाट यसअघि निर्वाचित नेता मोहनबहादुर बस्नेतलाई पनि सभापति थापाले टिकट दिएनन् । उनीमाथि पनि अर्बौंको टेरामक्स खरिद प्रकरणमा आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ । बस्नेत पूर्व स्वास्थ्य मन्त्रीसमेत हुन् । २०७९ को प्रतिनिधिसभा उनी निर्वाचनमा सिन्धुपाल्चोक क्षेत्र न. २ बाट निर्वाचित भएका थिए । उक्त क्षेत्रमा पार्टीले आगामी प्रतिनिधि सभा निर्वाचनमा वंशलाल तामाङलाई टिकट दिएको छ । यसअघि उर्जा, जलस्रोत तथा सिंचाईं मन्त्री रहेका दीपक खड्का पनि आयोगको निगरानीमा रहेकोले उनलाई पनि पार्टीले टिकट दिएन ।

‘जेन-जी’ आन्दोलनकोक्रममा डलर जलेर सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको छानबिन दायरामा रहेको कारण पार्टीले टिकट नदिएको स्रोत बताउछ । नक्कली भुटानी शरणार्थी काण्डमा मुद्दा लागेर धरौटीमा छुटेका बालकृष्ण खाणलाई पनि यो पटक गगन कांग्रेस पार्टीले टिकट दिएन । त्यस्तै, सम्पत्ति शुद्धीकरण अनुसन्धान आयोगको छानबिन दायरमा रहेकी निवर्तमान परराष्ट्र मन्त्री आरजु राणा देउवालाई पनि टिकटबाट बञ्चित गरिएको छ । विवादित र दाग लागेका नेताहरूलाई पार्टीले टिकट नदिएर नसिहत गरेको बताइन्छ ।

**विशेष महाधिवेशनको रणनीति**

दाग लागेका नेताहरुले मुद्दाको छिनोफानो नभएसम्म पार्टी नेतृत्वले टिकट नदिने रणनीति विशेष महाधिवेशनबाट नै तय गरेको थियो । उता, भिजिट भिसा प्रकरणमा अख्तियारको छानबिन दायरामा रहेका रमेश लेखकलाई टिकट नदिएर नसिहत दिएको बताइन्छ । अख्तियारको छानबिन दायरामा रहेका पूर्वमन्त्री लेखकको चुनाव क्षेत्रमा हरि बोहरालाई अघि सारिएको छ । लेखकमाथि ‘जेन-जी’ आन्दोलन दमन गरेको भन्दै उनीसँग जाँचबुझ आयोगलेसमेत बयान लिइसकेको छ ।

ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री भएका बेलाका विवादित बनेका र अख्तियारको समेत छानबिन दायरामा रहेका खड्कालाई गगन नेतृत्वको कांग्रेस टिकटबाट बञ्चित गरेको छ । उनी निर्वाचित भएको संखुवासभामा कांग्रेसले दीपनकुमार श्रेष्ठलाई उम्मेदवार चयन गरेको छ । सहकारी ठगीमा डिभोर्स काण्डले विवादित बनेका धनराज गुरुङले पनि कांग्रेसले टिकट दिएन । गुरूङको ठाउँमा कांग्रेसले स्याङ्जा-२ बाट भागवत प्रकाश मल्ललाई अघि सारेको छ ।

निजामती कर्मचारीहरुको कुलिङ पिरियड जालझेलमा जिम्मेवार ठहरिएका ओखलढुङ्गाका निवर्तमान सांसद रामहरि खतिवडा पनि यो पटक टिकटबाट बञ्चित गरिएको छ । उक्त क्षेत्रमा कांग्रेसले कुमार लुईंटेललाई टिकट दिएको छ । भ्रष्टाचार मुद्दा लागेका विजयकुमार गच्छारले भने सुनसरी-३ बाट टिकट पाएका छन् । सो क्षेत्रमा नेतपाली कांग्रेसले वेदनारायण गच्छदारलाई उम्मेदवार बनाएको छ । रामेछापबाट विवादित ठेकेदार पूर्णबहादुर (कान्छाराम) तामाङले पनि टिकट पाउन सकेनन् । कांग्रेसले उक्त क्षेत्रमा रामचन्द्र खड्कालाई टिकट दिएको छ । कांग्रेसले अधिकांश दागी नेतालाई यसपटक गगन नेतृत्वको कांग्रेसले टिकट दिएको छैन । रोचक विषय त २०८२ पुस २७ देखि माघ १ गतेसम्म भएको कांग्रेसको विशेष महाधिवेशनले थापाको नेतृत्वमा नयाँ केन्द्रीय समिति चयन गरेको थियो । सो विशेष महाधिवेशनलाई कतिपय निवर्तमान सभापति देउवा निकट नेताहरुले अस्वीकार मात्र होइन निर्वाचन आयोगदेखि सर्वोच्च अदालतसम्मको ढोका ढकढकाएका थिए ।

**लज्जाबोध नगरेका यी नेताहरु**

तर, यी दुवै निकायबाट सहयोग नपाएका नेताहरु बिना लज्जाबोध सभापति थापालाई स्वीकार गर्दै उनले हस्ताक्षर गरेको टिकट लिएर प्रतिनिधि सभामा उम्मेदवार बनिसकेका छन् । विशेष महाधिवेशनताका पूर्व सभापति देउवा र नेता डा. शेखर कोइराला समूहका कतिपय नेताहरुले गुट भेलाको संज्ञासमेत दिएका थिए । विशेष महाधिवेशन अवैध रुपमा भएको ठहर गर्दै पूर्व संस्थापन पक्षले नेतृत्वलाई अस्वीकार गर्ने निर्णय गरेको थियो ।

रोचक विषय त समानुपातिक र राष्ट्रिय सभाका उम्मेदवारको टिकटमा भने निवर्तमान सभापति देउवाको हस्ताक्षर रहेको छ । विशेष महाधिवेशनपछि सभापति थापाले संसदीय बोर्ड गठन गरेर उम्मेदवार छनोट गरेको थियो । योसँगै देउवा र शेखर पक्ष विशेष महाधिवेशन पक्षसँग लचिलो भएर टिकट लिएर चुनावमा होमिएको बताइन्छ । विशेष महाधिवेशन र त्यसबाट चुनिएको समितिलाई अस्वीकार गरेपनि कतिपय देउवा र कोइराला पक्षका उपल्लो तहका नेताहरूले सभापतिमा थापालाई स्वीकार गरेर टिकट हात पारेर मैदानमा उत्रिसकेका छन ।

विशेष महाधिवेशनको चर्को बिरोध गरेका शेखर कोइरालाले मोरङ ६ बाट प्रतिनिधि सभामा उम्मेदवार बनेका छन । निवर्तमान कार्यबाहक खड्का स्वयं उम्मेदवार नबनेपनि उनले प्रतिस्पर्धा गर्दै आएको सुर्खेत-१ मा सहोदर भाइ विष्णुबहादुर खड्कालाई टिकट दिलाएका छन् । देउवा र खडका समूहका शीर्ष तहका नेताहरुमा ‘विशेष महाधिवेशन’ सुन्नै नचाहने विमलेन्द्र निधिले पनि सभापति थापाले हस्ताक्षर गरेको टिकट लिएर धनुषा क्षेत्र न. ३ बाट उम्मेदवारी दिइसकेका छन् ।

त्यसैगरी विशेष महाधिवेशन बिरोधी र देउवाका विश्वास पात्र प्रकाशशरण महत, ज्ञानेन्द्रबहादुर कार्कीसमेले टिकट हात पारेर उम्मेदवारी दिएका छन् । उता, विशेष महाधिवेशनको विपक्षमा उभिएका नेताहरू महेन्द्र यादव, किशोरसिंह राठोर, एनपी साउद सुशीला थिङ, नैनसिंह महरलगायत नेताहरु पनि आगामी निर्वाचनका लागि उम्मेदवार बनिसकेका छन् ।

डा. मीनेन्द्र रिजाल, राजीव कोइरालालगायत उम्मेदवार बनेका छन् । डडेलधुरामा अन्तिमपटक उम्मेदवार हुन इच्छुक देउवाले टिकट पाउने सम्भावना कमै थियो । तर, नेतृत्वले टिकट नदिने भएपछि उनले माघ ५ गते सोमबार मध्यरात सचिवालयमार्फत उठ्न नचाहेको जानकारी गराएको बताइन्छ । महाधिवेशनको विपक्षमा रहेकाले टिकट प्राप्त नगर्ने नेताहरुमा धनराज गुरुङ, जीवन परियार, प्रकाशमान सिंह, डा. शशांक कोइरालागायत छन् ।

## सुनसान बन्दै संघीय निकाय सिंहदरबार

# आचारसंहिताले रोक्यो सरुवाको बेथिति !

● साँघु संवाददाता

**काठमाडौं । निर्वाचन आयोग नेपालले ०८२ माघ ४ गते आइतवार राति १२ बजेदेखि लागु गर्नेगरी निर्वाचन आचारसंहिता जारी गरिसकेको छ । राष्ट्रिय सभा निर्वाचन र प्रतिनिधि सभा निर्वाचनलाई लक्षित र मध्यनजर गर्दै आयोगले उक्त आचारसंहिता लागु गरेको बताइन्छ । साथै, हिजो २०८२ माघ ११ गते आइतवार आयोगले राष्ट्रिय सभाका रिक्त १९ सिटमासमेत निर्वाचन सम्पन्न गरेको छ ।**



त्यसैगरी, आयोगले आगामी २०८२ फाल्गुण २१ गतेका लागि निर्धारण गरिएको प्रतिनिधि सभा निर्वाचनलाई मध्यनजर गर्दै आचारसंहिता जारी गरेपछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित रुपमा गर्दै आएको कर्मचारीहरुको सरुवामा केही कमी आएको चर्चा चलेको छ ।

त्यसैले पनि निर्वाचन अघिसम्म सरुवा बेथिति कम हुँदै जाने स्थिति देखिएको मन्त्रालयस्रोतले दावी गरेको छ । अव कर्मचारीहरुको सरुवा गर्नैपर्ने बाध्यकारी अवस्थामा मात्र विभागीय मन्त्रालयहरुले आयोगसँग सहमति लिएर गर्नसक्ने कानूनी प्रावधान रहेको छ । जसले गर्दा बिभागीय मन्त्रालयका मन्त्री र सचिवहरुले सामान्य प्रशासन मन्त्रालयको नेतृत्व र अधिकारीहरुलाई दवाव वा प्रभावमा पारेर तत्काल कर्मचारीहरुको सरुवा गर्नसक्ने अवस्था भने देखिंदैन । त्यतिमात्र होइन, स्थानीय तहका जनप्रतिनिधि र प्रदेश मन्त्रालयहरुले पनि संघीय सरकारलाई दवाव दिएर आफू अनुकूलका कर्मचारीहरु भित्राउन सक्ने अवस्था छैन ।

जसका कारण सामान्य प्रशासन मन्त्री रामेश्वरप्रसाद खनाल र सचिव चन्द्रकला पौडेलले केही दिन भएपनि सरुवामा अन्य निकायको दवावबाट मुक्ति पाएको मन्त्रालय स्रोतले जानकारी दिएको छ । यो अवधिमा कथम् कदाचित् सरकारले नै आवश्यक ठानेको अवस्थामा आयोगको सहमति लिएर कर्मचारीहरु सरुवा गर्न भने कुनै बाधा देखिंदैन । निर्वाचन आयोगले प्रतिनिधि सभा निर्वाचनको लागि राजनीतिक दलहरु उम्मेदवारी दर्ता कार्यलाई भने गएको २०८२ माघ ६ गते मंगलबार सम्पन्न गरेको छ ।

**सुनसान बन्दै सिंहदरवार**

राजनीतिक दलका नेता तथा कार्यकर्ताहरु उम्मेदवारी दर्ताका लागि जिल्ला जिल्लामा गएका कारण यतिखेर संघीय प्रशासनिक निकाय नै सुनसान बन्दै गएको छ । अझ कर्मचारीहरु पनि निर्वाचन कार्यालयहरुमा खटिएको कारण सामान्य प्रशासन मन्त्रालय अगाडि दिनहुँ देखिने कर्मचारीहरुको संख्यामा पनि कमी भएको बताइन्छ । यसअघि सिंहदरवार परिसरमा जिम्मेवारी नपाएका र बरण्डामा हाजिर गर्नेहरुको बाँक्लो भिड लाग्ने गरेको थियो ।

साथै, यसअघि मन्त्रीको सचिवालयमा रहेर काम गरिसकेका कतिपय राजनीतिक दलका नेता र कार्यकर्ताहरु पनि कर्मचारी सरुवामा बिचौलियाको भूमिकामा सक्रिय रहने गरेका थिए । उनीहरुसमेत निर्वाचनमा केन्द्रित भएकोले पनि माहोल सुनसान हुँदै गएको बताइन्छ । जेनजी युवाहरुको ध्यानसमेत निर्वाचनमा केन्द्रित हुँदा यतिखेर मन्त्रालयमा भिडवाडसमेत निकै कम देखिन्छ । जसले गर्दा मन्त्री र सचिवहरुलाई भेट गर्न सजह भएको सेवाग्राहीहरुले दावी गरेका छन् ।

**मन्त्रीले राजीनामा**
**दिंदा मारमा भने कर्मचारी**

उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले मन्त्री पदबाट राजीनामा दिनु अगाडि तीनवटा शक्तिशाली विकासे मन्त्रालयको नेतृत्व गरेका थिए । उनले राष्ट्रिय स्वतन्त्र पार्टीसँग पार्टी एकीकरण र उपसभापतिको जिम्मेवारी ग्रहण गरेपछि अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले नै पदबाट राजीनामा दिन दवाव दिएकी थिइन । त्यसपछि उनले राजीनामा दिएपनि रास्वपासँगको एकता भने लामो समयसम्म टिक्न सकेन ।

यतिखेर उनी उज्यालो पार्टीकोतर्फबाट काठमाडौं क्षेत्र न. ३ बाट प्रतिनिधि सभा सदस्यको उम्मेदवार बनिसकेका छन् । उनीमात्र नभएर कार्की नेतृत्वको अन्तरिम सरकारमा युवा तथा खेलकुद मन्त्री रहेका बब्लु गुप्ता, संचार तथा सूचना प्रबिधि मन्त्री जगदीश खरेल र शिक्षा तथा प्रबिधि मन्त्रालयको नेतृत्व गरेका मन्त्री महावीर पुनले पनि राजीनामा दिइसकेका छन । मन्त्री पदबाट राजीनामा दिएका यी चारैजनाले २०८२ माघ ६ गते मंगलबार प्रतिनिधि सभा सदस्यमा उम्मेदवारी दिइसकेका छन् ।

उनीहरु प्रतिनिधि सभाको उम्मेदवार बन्नु नौलो विषय रहेन । तर, उनीहरुले मन्त्री हुँदा रोजेर आ-आफ्ना सचिवालयमा भित्र्याएका कर्मचारीहरुको भने यतिखेर कन्तबिजोक भएको गुनासाहरु सुनिन थालेको छ । कमसे कम चुनाव सम्पन्न नभएसम्मका लागि भएपनि मन्त्रीहरुका प्यारो बनेर सचिवालयमा भित्रिएका कतिपय कर्मचारी रैथाने कर्मचारीहरुको व्यवहारबाट दिक्कसमेत बनेको स्रोत बताउछ । यसरी सचिवालयमा भित्रिएका कर्मचारीहरुमाथि नेपाली काँग्रेस, नेकपा एमाले र नेपाली कम्यूनिष्ट पार्टी निकटका कर्मचारी संगठनहरुले पनि 'जेन-जी सरकारका प्यारा' भन्दै दिक्क बनाएको बुझिएको छ ।

अझ त्यसमा पनि बिभागीय मन्त्रीहरु नै धमाधम राजीनामा दिएर निर्वाचनमा होमिएपछि उनीहरु बिदा लिएर मन्त्रालयमा आउन छाडेको मन्त्रालयमा कार्यरत कर्मचारीहरुले बताउने गरेका छन् । मन्त्रीको निजी सचिवालयमा उपसचिवस्तरका कर्मचारीहरु खटिदै आएका छन् । माथि उल्लेखित मन्त्रीहरुले रोजेर मन्त्रालयमा भित्र्याएका कर्मचारीहरुलाई निर्वाचनपछि गठन हुने नयाँ सरकारका मन्त्रीहरुले भोलिका दिनमा पक्कै निरन्तरता भने दिने छैनन् । त्यसकारण उनीहरुमाथि जेन-जी सरकार निकट कर्मचारीको ट्याग स्वत लागेको छ ।

**यी दुई सचिव पनि मारमा**

०८२ माघ २ गते शुक्रबार बसेको मन्त्रिपरिषद बैठकले सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयमा कार्यरत सचिव राधिका अर्यालको सरुवा गरेको थियो । उनलाई निवर्तमान मन्त्री जगदीश खरेलले नरुचाउँदा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा सरुवा गरिएको चर्चा बाहिर आएको थियो । उक्त मन्त्रालयमा भने जेष्ठ नागरिक मन्त्रालयमा कार्यरत सचिव लक्ष्मी कुमारी बस्नेतलाई भित्र्याइएको थियो ।

तर, मन्त्री खरेलले नै राजीनामा दिएर हिंडेपछि सचिव बस्नेतको भने मारमा परेकी छिन । विगत एक महिनादेखि विभिन्न विषयमा गर्नुपर्ने निर्णयहरूको कार्यान्वयनमा सचिव अर्यालसँग कुरा मिल्न नसकेको कारण उनलाई सरुवा गर्दै बस्नेतलाई बाध्य भएर भित्र्याइएको चर्चा सिंहदरवार परिसरमा नचलेका भने होइनन् । अझ निवर्तमान मन्त्री खरेलले सञ्चार सचिवमा जिल्लाबासी सचिव एवम् हाल गण्डकी प्रदेशमा कार्यरत प्रमुख सचिव डण्डुराज घिमिरेलाई भित्र्याउने कोसिससमेत गरेका थिए ।

सचिव घिमिरे २०८२ भदौ अन्तिम साता तत्कालीन सचिव भरतमणि सुवेदीले राजीनामा दिएपछि रिक्त रहेको पदमा बढुवा भएपछि सो प्रदेशमा पदास्थापन भएको बताइन्छ । घिमिरे सचिव बढुवा भएलगत्तै शोभाकान्त पौडेललाई गण्डकी प्रदेशको प्रमुख सचिवबाट महालेखा नियन्त्रक कार्यालयमा सरूवा गरिएको थियो ।

**चुनावको मुखमा**
**आठ सहसचिवहरुको सरुवा**

उता, सरकारले २०८२ माघ २ गते आठ सहसचिवहरुको सरुवा गरेको छ । बैठकले गण्डकी र मधेश प्रदेशमा कार्यरत स्वास्थ्य सचिवहरुकोसमेत सरुवा गरेको छ । शुक्रराज ट्रपिकल तथा सरूवा रोग अस्पतालका निर्देशक पदमा कार्यरत डा. युवानिधि बसौलाको गण्डकी प्रदेशको स्वास्थ्य सचिवमा सरूवा गरिएको छ । यस्तै, गण्डकी प्रदेशको स्वास्थ्य सचिव रहेका डा. विश्वबन्धु बगालेलाई भने संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सरुवा गरेको छ ।

मधेश प्रदेशका स्वास्थ्य सचिव रहेका डा. ओमप्रसाद अर्यालको संघीय स्वास्थ्य मन्त्रालयमा सरुवा भएको छ । सो प्रदेशको स्वास्थ्य सचिवमा भने राम आधार यादवलाई खठाइएको बताइन्छ । अध्यागमन कार्यालय गौतम बुद्ध अन्तरष्ट्रिय विमानस्थल भैरहवाका प्रमुख अध्यागमन अधिकृत केदारनाथ शर्मा अर्थ मन्त्रालय भित्रिएका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा रहेका सहसचिव प्रदीप परियारलाई सोही मन्त्रालयमा सरुवा गरिएको छ ।

मन्त्रालयको अतिरिक्त समूहमा रहेका सहसचिव छविलाल रिजाललाई भने गण्डकी प्रदेशतिर कामकाजमा खटाइएको छ । उनी जेन-जी आन्दोलन हुँदा काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीको भूमिकामा रहेका थिए । मधेश प्रदेशमा सरूवा भएका बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रको सरूवा बदर गरिएको छ । उनको सो प्रदेशबाट गृह मन्त्रालय वा अन्तर्गत सरूवा भएको छ । उता, अन्तरिम चुनावी सरकारले भटाभट सरकारी निकायमा नियुक्ति गर्दै आएको छ ।

निवर्तमान शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री महावीर पुनले राजीनामा दिएर बाहिरिनु अगाडि शिक्षा तथा व्यवसायिक तालीम परिषद (सिटिइभिटी)को उपाध्यक्षमा रौतहटका मोहम्मद सफी उल्लाहलाई मनोनित गरेका छन् । उनको प्रस्तावमा २०८२ माघ २ गतेको मन्त्रिपरिषद्को बैठकले उल्लाहलाई उपाध्यक्षमा मनोनित गरेको बताइन्छ । सरकारले सहकारीमा भएको बेथिति छानबिन तथा जाँचबुझ गर्न उच्च अदालतका पूर्वन्यायाधीश विनोद प्रसाद शर्माको संयोजकत्वमा जाँचबुझ आयोगसमेत गठनको निर्णय गरेको थियो ।

## समाचार/विविध

### सामाजिक भत्ता भ्रष्टाचारको आरोपमा मुद्दा

● साँघु संवाददाता



*काठमाडौं । २०८२ माघ ६ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सामाजिक सुरक्षा अन्तर्गत ज्येष्ठ नागरिक भत्ता वितरणमा अनियमितता गरेको आरोपमा बिशेष अदालतमा आरोप पत्र दायर गरेको छ । आयोगले बारा जिल्ला पचरौता नगरपालिका वडा नं ६ का अध्यक्ष र साजुला मियाँ अन्सारीसमेतको मिलेमतोमा ज्येष्ठ नागरिक भत्तामा अनियमितता गरेको आरोप दायर मुद्दामा उल्लेख छ । वडा अध्यक्ष मकबुल अन्सारीसँगको मिलेमतोमा उमेर बढाएर केही स्थानीयहरुले ज्येष्ठ नागरिक भत्ता भत्ता बुझ्दै आएको उजुरी आयोगमा परेको थियो ।*

*आयोगले उजुरीका सम्वन्धमा अनुसन्धान गर्दा वडा नं. ६ निवासी प्रतिवादीहरु साजुला मिया अन्सारी, रबेया अन्सारी र उमत मिया अन्सारीले ज्येष्ठ नागरिक भत्ता लिन नागरिकताको वास्तविक जन्म मितिमा झुट्टा तथ्य विवरण वदनियतपूर्वक बुझाएको फेला परेको थियो । उनीहरुले सक्कल नागरिका नबुझाई फोटोकपी पेश गर्दै उमेर नपुगी भत्ता बुझेको अनुसन्धानबाट खुलेको छ । राज्यलाई हानी नोक्सानी पुऱ्याउने नियतले जानी बुझी ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्न वडा कार्यालयमा निवेदन दिएको आयोगले दायर गरेको आरोप पत्रमा जनाइएको छ ।*

*आयोगका सहसचिव एवम प्रवक्ता सुरेश न्यौपानेले प्रेस विज्ञप्ति जारी गर्दै तल उल्लेखित व्यक्तिहरुलाई प्रतिवादी बनाएर आरोप पत्र दायर गरेको जानकारी दिएका हुन । आयोगकाअनुसार वडा अध्यक्ष मकबुल मियाँ अन्सारीले रु.४ लाख ७६ हजार भ्रष्टाचार गरेको दावी गरेको छ । त्यसैले उनीबिरुद्ध भष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा आरोप पत्र दायर गरिएको छ ।*

*साथै सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम बिगो कायम गरी दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद सजाय र बिगो बमोजिम जरिवाना असुल उपरको माग दाबी लिइएको छ । त्यसैगरी आयोगले सोही वडामा कार्यरत तत्कालीन वडा सचिव संगिता घिमिरे बिरुद्ध रु. १ लाख ४० हजार र तत्कालीन वडा सचिव पिटर थारु बिरुद्ध रु. ८४ हजार बिगो असुल उपरको माग दाबीसहित आरोप पत्र दायर गरको छ ।*

*आयोगले तत्कालीन वडा सचिव राजाराम प्रसाद साह बिरुद्ध रु. २ दाख ५२ हजार र सोही वडा निवासी साजुला मियाँ अन्सारी बिरुद्ध रु. १ लाख ४० हजार भष्टाचार गरेको ठहरसहित आरोप पत्र दायर गरको बताइन्छ । यसैगरी, रबेया अन्सारी बिरुद्ध रु. ८४ हजार र उमत मिया अन्सारीलाई रु. २ लाख ५२ हजार मुख्य कसुरदार सरह सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुनसमेत मागदाबी सहित आरोप पत्र दायर गरेको छ ।*

### वैदेशिक लगानी : ३९ अर्ब बढीको प्रतिबद्धता

*काठमाडौं । उद्योग बिभागले चालु आर्थिक वर्षको प्रथम ६ महिनाको अवधीमा सरकारलाई रु. ३९ अर्ब २३ करोड ६१ लाख ६४ हजार बराबरको वैदेशिक विकास साझेदारहरूबाट लगानी प्रतिबद्धता प्राप्त भएको दावी गरेको छ । विभागले सार्वजनिक गरेको प्रत्यक्ष वैदेशिक लगानी सम्बन्धी मासिक प्रतिवेदनअनुसार चालु आ.व.को यो अवधिमा ४ सय ७५ वटा उद्योगमा माथि उल्लेखित रकमको प्रतिवद्धता प्राप्त भएको जानकारी दिएको छ । बिभागका अनुसार चालु आ.व.को पहिलो तीन महिनामा ३ सय ११ वटा उद्योगमा रु. ३५ अर्ब १३ करोड ७७ लाख ८६ हजार बराबरको लगानी प्रतिबद्धता प्राप्त भइसकेको छ ।*

*बिभाग स्रोतका अनुसार विगत ६ महिनामा प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धतामा सबैभन्दा बढी सूचना प्रविधिमूलक क्षेत्र रहेका छन् । जसमा २ सय ५७ वटा उद्योगका लागि रु. १ अर्ब ७ करोड ८४ लाख ८६ हजार लगानी प्रतिवद्दता आएको छ । कृषिमूलक क्षेत्रका १३ उद्योगमा रु २१ अर्ब ८८ करोड ८० लाख बराबरको लगानी प्रतिबद्धता प्राप्त भएको बिभागको दावी छ । पर्यटनमूलक क्षेत्रका १ सय ४५ उद्योगमा रु. १० अर्ब ५४ करोड २० लाख ५० हजार बरावरको प्रतिवद्दता आएको बताइएको छ । त्यस्तै, उत्पादनमूलक क्षेत्रका २७ उद्योगमा रु २ अर्ब ३ करोड २३ लाख बरावरको प्रतिवद्धता आएको विभागको दावी छ ।*

*विभागले दिएको जानकारी अनुसार ऊर्जामूलक क्षेत्रमा भने एउटा मात्र उद्योगको लागि प्रतिवद्धता आएको छ । जसमा रु. १८ करोड ४२ लाख ५० हजार रहेको छ । उता, खनिज क्षेत्रमा रु ४ करोड ५० लाख र सेवामूलक क्षेत्रका ३१ उद्योगमा रु ३ अर्ब ४६ करोड ६० लाख बराबरको प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धता आएको बिभागले जारी गरेको तथ्याकंमा उल्लेख छ । चालु आवमा सात वटा ठूला, सोही बराबर मध्यम र ४ सय ६० वटा साना उद्योगमा प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धता प्राप्त भएको बिभागले दावी गरेको छ ।*

*गएको पुस मसान्तसम्ममा ३६ वटा साना उद्योगमा रु पाँच अर्ब ९९ करोड ५० लाख बराबरको विदेशी लगानी प्रतिबद्धता प्राप्त भएको बिभागले जनाएको छ । प्रत्यक्ष वैदेशिक लगानीमा हालसम्मको कुल प्रतिबद्धता भने ७ हजार ७ सय १३ वटा उद्योगमा रु. ६ खर्ब ७५ अर्ब ४३ करोड ३३ लाख बराबर रहेको बिभागको दावी छ ।*

# कर्मचारी संगठनका यी माग किन परे अलपत्र ?

● साँघु संवाददाता

***काठमाडौं । नेकपा एमालेनिकट नेपाल निजामती कर्मचारी संगठनले अन्तरिम सरकारसँग सार्वजनिक सेवा प्रवाह सम्बन्धमा बिभिन्न मागहरु प्रस्तुत गरेको छ । संगठनले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न जनताको तीव्र चाहनाको सम्बोधन हुनेगरी शीघ्र सेवा-तीव्र विकासको लागि सरकारको महत्वपूर्ण सहयात्री बन्न तत्पर रहेको जानकारी दिएको छ । सोही अनुसार संगठनको तर्फबाट अभियान शुरु गरिसकेको दावी संगठनले गरेको छ । त्यसका लागि संगठनले बार्षिकरुपमा प्रत्येक प्रदेशमा प्रदेश कार्यसमितिले र जिल्लामा जिल्ला तथा विभागीय कार्यसमितिले नेगो सुशासन सहजीकरण अभियान संचालनको तयारी अगाडि बढाएको छ ।***

संगठनले नागरिकमैत्री प्रशासन अभियान संचालनको अभियान, सेवा प्रवाहस्तरको कार्यालयमा स्थानीय भाषामा डिजिटल वा श्रव्यदृश्यसहितको नागरिक बडापत्र राख्न जोड दिएको छ । संगठने मुस्कानसहितको सेवा, शिष्ट व्यवहार र धन्यवादसहितको सेवा प्रवाह गर्न प्रतिबद्ध रहेको दावी गरेको छ । पूर्णरुपमा अपांग तथा अशक्तहरुको लागि घरमा नै सेवा प्रवाहको व्यवस्थापनको लागि सरकारसँग माग र होटलको जस्तो सत्कार र बैंकको जस्तो सेवा प्रदानमा संगठनले जोड दिने संगठनको भनाई रहेको छ । त्यसका लागि सहज सरकार र सरल प्रक्रियाको अभियान सञ्चालन गर्न सरकारलाई सुझाव दिने संगठनले निर्णय गरेको छ ।

यस्तै, निगाहमा होईन अधिकारमा आधारित सेवा प्रवाहमा जोड, सेवा प्रवाहमा एकद्वार प्रणालीको विकास र सार्वजनिक सेवामा समयकार्ड लागू गर्ने कार्य लागुगर्न सरकारसँग माग गर्ने निर्णय गरेको छ । संगठनले सेवा प्रवाहमा कानूनी प्रक्रिया सरल र जनताले बुझ्ने भाषामा रुपान्तरण गर्न बहस सञ्चालन गर्ने भएको छ । साथै, विद्युतीय शासनमा जोड दिने सोही बमोजिम कर्मचारीहरुलाई प्रशिक्षित गर्ने कार्यमा संगठनले अझ प्रभावकारी भूमिका खेल्ने भएको छ ।

**सार्वजनिक प्रशासनका सवाल**

संगठनले केन्द्रीय समितिको बैठकबाट निर्णय गर्दै २०८२ भाद्र २३ र २४ गतेको जेन-जी विद्रोहकाक्रममा सरकारी कार्यालयमा गरिएको आगजनी, तोडफोड र लुटपाटका घटनाकाकारण कर्मचारीहरुको आत्मबल अत्यन्त कमजोर भएको ठहर गरेको छ । जसले गर्दा कर्मचारीको कार्यस्थलको भरपर्दो सुरक्षा व्यवस्था नभएकासमेत संगठनको निष्कर्ष रहेको छ । त्यसैले सरकारमाथि कर्मचारीलाई कार्य वातावरण तयार गर्न अनावश्यक दवाव दिने निर्णय गरेको छ ।

निजामती कर्मचारी प्रशासनमाथि हुने गैरकानूनी क्रियाकलाप बन्द गर्न पनि सरकारसँग संगठनले माग राखेको छ । साथै, तत्कालीन घटनामा संलग्न दोषीको पहिचान गरी कानूनी कारवाहीको लागी माग सरकारसँग गर्ने निर्णय बैठकमार्फत गरेको छ । जेन-जी विद्रोहपछि लुटिएको सुरक्षाकर्मीहरुको हतियारहरु फिर्ता हुन नसकेको, कर्मचारी तथा सुरक्षाकर्मीहरुलाई धाकधम्की दिनेलगायतका क्रियाकलाप जारी नै रहेको संगठनको ठहर छ । त्यसकारण पनि घोषित मितिमा निर्वाचन सम्पन्न गर्नुपर्ने दायित्व सरकार र निजामति कर्मचारीको रहेको छ ।

त्यसो हुँदा स्वच्छ, भयरहित र निष्पक्ष वातावरणमा निर्वाचन सम्पन्न गर्ने वातावरणको लागि सुरक्षाको प्रत्याभूतिको वातावरण सिर्जना गर्न र निर्वाचनमा खटिने कर्मचारीको विमा तथा सुरक्षाको




ग्यारेन्टीको लागि सरकारसँग जोडदार माग गरेको छ । सहकारी समस्या, भ्रष्टाचार, अनियमितता, प्राकृतिक स्रोत साधनको अतिदोहन, शान्ति सुरक्षाको खस्कँदो स्थिति, वातावरणीय विनाश, अराजक गतिविधि जस्ता जनसरोकारका विषय तथा स्थानीय समस्याका बारेमा बहस, पैरवी गरी नेपाल सरकार र सम्बन्धित पक्षको ध्यानाकर्षण गराउने संगठनको आगामी योजना रहेको छ ।

संविधान र कानून विपरीत विभिन्न स्थानमा राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृतिमा आँच आउने, सभ्य समाज र संस्कृति माथि प्रहार हुनेगरी समाज बिरोधी र अराजक गतिविधि तथा हत्या, हिंसा, लुटपाट आगजानी जस्ता घटनालाई न्यूनीकरणमा संगठनले सरकारको ध्यानाकर्षण गरेको छ । यसैगरी मुलुकको सार्वभौमिकता, सद्भाव र सहिष्णुता कायम गर्न जोडदार माग गर्दै आर्थिक रुपमा सक्रिय जनसंख्या विदेशीनेक्रमलाई रोक्न र स्वदेशमा रोजगारी सिर्जना गर्दै दीर्घकालीन रणनीति तयार गर्न सरकारसँग जोडदार मागसमेत गरेको छ ।

सामाजिक सञ्जालको प्रयोगमा देखिएको दुरुपयोगलाई नियन्त्रण गर्नको लागि सरकार समक्ष जोडदार माग गर्ने निर्णय संगठनले गरेको छ । संगठनले गरेका नियमित संवाद, भेला तथा विविध गतिविधिहरुले पेसागत एंव निजामती क्षेत्रमा सकारात्मक प्रभाव पार्ने र संगठन गतिशील बनाउछ भन्ने विश्वास संगठनले लिइएको छ । त्यसैले संगठनले विगतदेखि वर्तमानसम्म उठाउँदै आएका विषय, माग र सवाललाई सरकार तथा सरोकारवालाको तर्फबाट यथाशीघ्र पूरा गर्न सम्वन्धित निकायसँग जोडदार माग गरेको छ । संगठनले विश्व राजनैतिक व्यवस्थामा रुस युक्रेन, ईजरायल प्यालेस्टाइन, ईरान, भेनेजुएलालगायतका देशमा आक्रमण गरी जनधनको क्षति गराइएकोमासमेत भर्त्सना गरेको छ ।

**समसामयिक सवालमा**

साथै, उत्पादनशील क्षेत्र खानी उद्योगमा हस्तक्षेप गरी साना देशको सार्वभौमसत्तामा दख्खल पुऱ्याउदै पंचशीलका सिद्धान्तको अवहेलना भइरहेको र विभिन्न क्षेत्रीय तथा विषयगत संस्थाहरुबाट विकसित राज्यहरु बाहिरिदै जाँदा बहुपक्षीय सहयोग नै जोखिम रहेको ठहर गरेको छ । जसप्रति संगठनले सचेत रहन र यसको विरुद्ध अन्तर्राष्ट्रिय मंचमा आवाज उठाउन सरकारको ध्यानाकर्षण गराएको छ ।

एता, संगठनले नेगो एप्समार्फत संगठनको सम्पूर्ण विवरण व्यवस्थित गर्ने भएको छ । संगठनले केन्द्रीय समितिबाट एकीकृत सूचना प्रणालीको विकास गर्दै सूचनाको गोपनीयतालाई व्यवस्थित गर्ने केन्द्रीय समितिको बैठकबाट निर्णय गरेको बताइएको छ । संगठनले अन्तर ाष्ट्रियस्तरका बिदेशी भाईचारा ट्रेड युनियनहरुसँग प्रभावकारी ढंगको अन्तर ाष्ट्रिय सम्बन्ध विस्तारलाई निरन्तरता दिने योजनासमेत तय गरेको संगठनका महासचिव रामचन्द्र अधिकारीले जानकारी दिए । संगठनले आगामी दिनमा एकता, एकीकरण र सामूहिक प्रवेशको कार्यक्रमलाई उच्च प्राथमिकता दिएको बताईन्छ ।

साथै, अभियानको संचालन गर्ने तयारीलाई अगाडि बढाएको छ । एकीकरण तथा सामूहिक प्रवेशको लागि आव्हान गर्दै यसरी संगठनमा आवद्ध हुने पदाधिकारी सदस्यहरुलाई योग्यता, क्षमता, ज्येष्ठता र क्रियाशीलताका आधारमा उपयुक्त जिम्मेवारी प्रदान गर्ने भएको छ । सहकारी र संगठनको अन्तरसम्वन्ध अनिवार्य स्थापित गर्न जिल्ला-विभागीय कार्यसमितिको बैठकमा सहकारी अध्यक्षको अनिवार्य उपस्थिति गराउने र एकजना पदाधिकारीलाई सहकारी समन्वय गर्ने जिम्मेवारी दिने विधानगत व्यवस्था गर्ने लागेको छ । प्रक्षिक्षण, संगठन सुदृढीकरण तथा मिसन पालिका अभियानअन्तर्गत कर्मचारीको कार्य क्षेत्रमा पुगेर कर्मचारीका समस्याको पहिचान गर्ने संगठनको दावी छ ।

समस्याको समाधानको लागि प्रयत्नशील रहने, सेवा प्रवाहकोस्तर सर्भेक्षण, कर्मचारी कल्याण कोष कार्यक्रमलाई सदस्यता वितरण तथा नवीकरणको महत्वपूर्ण कार्यक्रमको रुपमा विकास गर्ने संगठनको योजना रहेको छ । साथै, संगठन सुदृढीकरण अभियान तथा संगठकसँग केन्द्रीय तथा प्रदेश नेतृत्व अभियान नियमितरुपमा वार्षिक कार्ययोजना वनाई संचालन र संगठन तथा राष्ट्रसेवक सहकारीमा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कार्यक्रमसँग जोडी सेवा सुरक्षा जोड दिने योजना सार्वजनिक गरेको छ ।

# सैन्य खरिद : पारदर्शिता कि अविश्वासको जोखिम ?

## बलियो सेना, कमजोर प्रणाली ? हतियारभन्दा महत्वपूर्ण विश्वास



**लोकबहादुर थापा मगर**
सहायक रथी(अप्रा.)

आधुनिक र व्यावसायिक सेनाहरूमा खरिद प्रणाली केवल सामग्री खरिदको प्रक्रिया मात्र नभई राष्ट्रिय सुरक्षा, सैनिकहरूको जीवन र स्वास्थ्य, संस्थागत निष्ठा तथा सार्वजनिक विश्वाससँग गहिरो रूपमा जोडिएको संवेदनशील क्षेत्र हो । विश्वका सफल सेनाहरू-जस्तै भारतीय सशस्त्र बल, बेलायती सेना, क्यानडा, अस्ट्रेलिया र नाटो सदस्य राष्ट्रहरूले देखाएका अभ्यासले स्पष्ट पार्दछ कि पारदर्शी, प्रतिस्पर्धात्मक र व्यावसायिक खरिद प्रणालीले केवल सेनाको युद्ध क्षमता बढाउँदैन, संस्थाको नैतिक शक्ति र सामाजिक वैधतालाई पनि सुदृढ बनाउँछ । यसै सन्दर्भमा नेपाली सेनाको खरिद प्रणालीलाई अझ पारदर्शी र प्रभावकारी बनाउन आवश्यक सुधारको चर्चा आजको आवश्यकता हो ।

भारतीय सशस्त्र बलको खरिद प्रणाली बहु-स्तरीय निर्णय प्रक्रिया, स्पष्ट नियम र कडा लेखापरीक्षण संयन्त्रमा आधारित छ । अत्यन्त संवेदनशील सामग्री-जस्तै लडाकु विमान, हतियार प्रणाली, क्षेप्यास्त्र र रणनीतिक सञ्चार उपकरणका लागि विशेष प्रक्रिया अपनाइन्छ भने दैनिक जीवनसँग प्रत्यक्ष सम्बन्धित वस्तुहरूको लागि खुला वा सीमित प्रतिस्पर्धात्मक टेन्डरलाई प्राथमिकतामा राखिन्छ । उदाहरणका रूपमा भारतीय सेनाले सैनिक जुत्ता, पोशाक र टेन्ट खरिद गर्दा विभिन्न कम्पनीका नमुना उत्पादन सैनिकहरूले वास्तविक अभ्यास, गस्ती र परेडमा प्रयोग गर्छन् । केही महिनाको प्रयोगपछि सैनिकहरूको अनुभव र प्राविधिक परीक्षणको नतिजाका आधारमा अन्तिम निर्णय लिइन्छ । यसले कागजमा मात्र राम्रो देखिने तर व्यवहारमा अनुपयुक्त सामग्री छनोट हुने जोखिम न्यून गर्छ ।

हालका वर्षहरूमा भारतमा ई-टेन्डर प्रणाली व्यापक रूपमा प्रयोग हुँदै आएको छ । टेन्डर आव्हान, बोलपत्र दर्ता, प्राविधिक तथा आर्थिक मूल्यांकन, सम्झौता स्वीकृति-सबै प्रक्रिया सरकारी डिजिटल पोर्टलमार्फत अभिलेखित हुन्छन् । यसले कसले कहिले कागजात बुझायो र निर्णय कहिले भयो भन्ने पूर्ण ट्र्याक राख्छ, जसले मिलेमतो वा दबाबको आरोप लागेमा सहजै छानबिन सम्भव बनाउँछ । उदाहरणका रूपमा, भारतीय सेनाले रासन आपूर्तिमा ढिलाइ वा गुणस्तरमा समस्या आएमा डिजिटल अभिलेखका आधारमा दोष कुन चरणमा भयो भन्ने कुरा पहिचान गर्न सक्छ ।

बेलायती सेनाको अभ्यास अझ परिपक्व र सार्वजनिक उत्तरदायित्वमा आधारित छ । रक्षा मन्त्रालयअन्तर्गतको छुट्टै खरिद निकायले सेनालाई आवश्यक अधिकांश सामग्री खरिद गर्छ । पोशाक, रासन, आवास, यातायात सेवा, तालिम उपकरण र निर्माण कार्यका लागि राष्ट्रिय ई-टेन्डर प्लेटफर्ममा सूचना प्रकाशित गरिन्छ, जसमा स्वदेशी तथा विदेशी कम्पनीहरू प्रतिस्पर्धा गर्न सक्छन् । सुनिश्चित गर्न सोधपुछ समिति र अनलाइन अभिलेख प्रणाली स्थापना गरेको छ, जसले गुणस्तर र समयसीमा दुवै सुनिश्चित गर्दछ ।

ई-टेन्डर प्रणालीका धेरै लाभ छन् । सबै आपूर्तिकर्ताले एउटै समयमा समान जानकारी पाउँछन् । बोलपत्र खोल्ने समय र मूल्यांकन प्रणालीले नियन्त्रण गर्छ, जसले व्यक्तिगत विवेकको दायरा सीमित गर्छ । लेखापरीक्षण र छानबिन सहज हुन्छ । तर, ई-टेन्डर मात्र पर्याप्त हुँदैन । यदि प्राविधिक मापदण्ड कुनै निश्चित आपूर्तिकर्तालाई फाइदा पुग्ने गरी तयार गरिएको छ भने प्रणाली औपचारिकतामा मात्र सीमित रहन्छ । त्यसैले मापदण्ड निर्माणको चरणमा इमानदारी, व्यावसायिकता र सैनिकहरूको प्रयोगात्मक अनुभवलाई आधार बनाउनु अनिवार्य हुन्छ ।

**नेपाली सेनाका लागि सबैभन्दा उपयुक्त बाटो भनेको अन्तर्राष्ट्रिय अभ्यासलाई आफ्नै सन्दर्भअनुसार लागू गर्नु हो । रासन, पोशाक, जुत्ता, औषधि, निर्माण सामग्री, सवारीसाधन तथा अन्य सामान्य आवश्यकताका लागि खुला प्रतिस्पर्धात्मक ई-टेन्डर अनिवार्य गरिनुपर्छ ।**

उदाहरणका रूपमा जाडो क्षेत्रमा तैनाथ सैनिकको पोशाक खरिद गर्दा कपडाको ब्रान्डभन्दा चिसो सहन सक्ने क्षमता, तौल, आरामदायकता र दीर्घकालीन टिकाउपनलाई मुख्य मापदण्ड बनाइन्छ । सम्झौता स्वीकृतिपछि सामान्य जानकारी सार्वजनिक गरिन्छ, जसले संसद्, सञ्चारमाध्यम र नागरिक समाजलाई निगरानीको अवसर प्रदान गर्दै सेनाप्रतिको विश्वास बढाउँछ ।

क्यानडा, अस्ट्रेलिया र नाटो सदस्य राष्ट्रहरूमा पनि यस्तै अभ्यास पाइन्छ । रासन आपूर्ति, पोशाक र सामान्य उपकरण खरिदलाई प्रतिस्पर्धात्मक बनाइन्छ । खरिद प्रक्रियामा संलग्न अधिकृतहरूले सम्भावित स्वार्थको घोषणा गर्नुपर्छ । सेवा निवृत्तिपछि निश्चित अवधिसम्म रक्षा-सम्बन्धी कम्पनीमा काम गर्न नपाउने नीति लागू गरिएको हुन्छ, जसले सेवाकालमा बनेका सम्बन्धको दुरुपयोगबाट संस्थालाई जोगाउँछ । उदाहरणका रूपमा क्यानडाले सेना र औद्योगिक आपूर्तिकर्ताबीच पारदर्शिता

नेपाली सेनाका लागि सबैभन्दा उपयुक्त बाटो भनेको अन्तर्राष्ट्रिय अभ्यासलाई आफ्नै सन्दर्भअनुसार लागू गर्नु हो । रासन, पोशाक, जुत्ता, औषधि, निर्माण सामग्री, सवारीसाधन तथा अन्य सामान्य आवश्यकताका लागि खुला प्रतिस्पर्धात्मक ई-टेन्डर अनिवार्य गरिनुपर्छ । मापदण्ड सरल, कार्यसम्पादनमा आधारित र नेपालको भौगोलिक तथा जलवायु परिस्थितिसँग अनुकूल हुनुपर्छ । उदाहरणका रूपमा, उच्च हिमाली क्षेत्रमा तैनाथ सैनिकका लागि आवश्यक रासन र पोशाक तराई क्षेत्रमा प्रयोग हुने सामग्रीभन्दा फरक हुन सक्छ ।

हतियार, निगरानी प्रणाली र संवेदनशील प्रविधिका लागि विशेष खरिद प्रक्रिया कायम राख्न सकिन्छ, तर निर्णय एकल व्यक्तिको विवेकमा छोडिनु हुँदैन । बहु-विषयगत समिति, मन्त्रालयस्तरीय निगरानी र गोप्य संसदीय निगरानीजस्ता संयन्त्रमार्फत निर्णय गर्दा संस्थागत विश्वसनीयता बढ्छ । आवश्यकताको मूल्यांकनदेखि भुक्तानीसम्मको सम्पूर्ण अधिकार एउटै निकायमा केन्द्रित नहोस् भनेर खरिद र दैनिक सञ्चालनबीच स्पष्ट विभाजन हुनुपर्छ ।

सम्झौता स्वीकृतिपछि संवेदनशील विवरणबाहेकको जानकारी सार्वजनिक गर्ने अभ्यासले नेपाली सेनालाई अझ विश्वसनीय बनाउँछ । कुन कम्पनीले रासन आपूर्ति गऱ्यो, आपूर्ति समयमै भयो कि भएन, गुणस्तर परीक्षण पास भयो कि भएन भन्ने जानकारी साझा गर्दा सैनिक परिवारदेखि आम नागरिकसम्म सकारात्मक सन्देश पुग्छ । सेवा निवृत्त सैनिक अधिकृतहरूलाई निश्चित अवधिसम्म रक्षा-सम्बन्धी ठेक्कामा संलग्न हुन नदिने व्यवस्था कार्यान्वयन गर्दा स्वार्थको द्वन्द्वसम्बन्धी आरोप स्वाभाविक रूपमा कमजोर हुन्छ ।

अन्ततः अन्तर्राष्ट्रिय अनुभवले स्पष्ट देखाउँछ कि बलियो सेना केवल हतियार, तालिम र अनुशासनले मात्र निर्माण हुँदैन । पारदर्शी, निष्पक्ष र व्यावसायिक प्रशासन त्यत्तिकै अनिवार्य छ । यदि नेपाली सेनाले नियमित खरिदमा ई-टेन्डरमा आधारित स्पष्ट मापदण्ड, बहु-स्तरीय निर्णय प्रक्रिया र उत्तरदायित्वलाई संस्थागत संस्कृतिका रूपमा अंगीकार गर्छ भने विवाद घट्नेछ, सार्वजनिक विश्वास गहिरिनेछ र नेपाली सेना राष्ट्रिय गौरवको संस्थाका रूपमा अझ सशक्त भएर उभिनेछ । यसरी सुधार कार्यान्वयन गर्दा सेनाले आफ्नो युद्ध क्षमता मात्र होइन, सामाजिक प्रतिष्ठा र आम जनताको विश्वास पनि बलियो बनाउनेछ ।

(लेखक परिचयः ब्रिगेडियर जनरल लोकबहादुर थापा मगर (सेवानिवृत्त) नेपाली सेनाका पूर्व अधिकृत तथा दक्षिण एसियाली भू-राजनीति र अन्तर राष्ट्रिय सम्बन्धका अनुसन्धानकर्ता हुन् । फोनः +९७७ ९८५१०७३४७७ । इमेलः thapalok53@gmail.com)

# उज्यालो पार्टीका अधिकांश उम्मेदवार नयाँ

**काठमाडौं । ०८२ भदौ २३ र २४ गतेको जेनजी विद्रोहपछि नेकपा एमालेका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको जन निर्वाचित सरकार बिस्थापित हुन पुगेको थियो । लगत्तै भदौ २७ गते राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधि सभा बिघटन गरी पूर्व प्रधान न्यायाधीशसमेत रहेकी सुशीला कार्कीको नेतृत्वमा गठित अन्तरिम सरकारलाई ६ महिना भित्र चुनाव गर्ने म्याण्डेट प्रदान गरेका थिए । कार्की नेतृत्वको सरकारले राष्ट्रपति पौडेलले दिएको म्याण्डेटअनुसार नै आगामी फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्दैछ ।**

सोही अनुसार निर्वाचन आयोगले २०८२ माघ ६ गते मंगलबार प्रतिनिधि सभा निर्वाचनका लागि राजनीतिक दलहरुलाई उम्मेदवारी दर्ताको लागि समय निर्धारण गरेको थियो । जसमा जेनजी आन्दोलनपछि गठित उज्यालो नेपाल पार्टीले अधिकांश जिल्लाहरुमा आफ्नोतर्फबाट उम्मेदवारी दिएको छ । नेपाली काँग्रेस, नेकपा एमाले, नेपाली कम्यूनिष्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले सम्पूर्ण जिल्लाहरुमा उम्मेदवारी दिएको छ । तथापि कतिपय जिल्लाहरुमा राजनीतिक तालमेल गर्ने तयारीसमेत गरिरहेको बताइन्छ ।




तर, जेनजी आन्दोलनपछि गठित कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टीले पनि प्रायजसो सबै जिल्लामा उम्मेदवारी दर्ता गर्न सक्नुलाई भने राजनीतिक बृत्तमा चर्चाको विषय बनेको छ । उज्यालोले खडा गरेका प्राय उम्मेदवारहरुमा जनजातिको बाहुल्यता रहेको आरोपसमेत लाग्ने गरेको छ । त्यसैले सो पार्टीले संघीय राजधानी काठमाडौं उपत्यकालगायत अन्य जिल्लाहरुमा क-कसलाई उम्मेदवार खडा गरेको छ भन्ने कौतूहलतालाई मेटाउन उम्मेदवारको नाम र उनीहरुले दर्ता गरेको जिल्ला र क्षेत्र न. समेत तल उल्लेख गरिएको छ ।

सो पार्टीले २०८२ माघ ६ गते मंगलबार कुल १ सय ६५ निर्वाचन क्षेत्रमध्ये १ सय २० उम्मेदवारी दर्ता गरेको छ । काठमाडौं क्षेत्र न. १ मंगलाल श्रेष्ठ, २ मा पवन पोखरेल र ३ मा भने अध्यक्ष कुलमान घिसिङ रहेका छन् । काठमाडौं क्षेत्र न. ४ मा झनक बहादुर अधिकारी, ५ मा श्रीराम गुरुङ, ६ मा वारिस धरेल, ७ मा बिमला लामा, ८ मा राजन खड्गी, ९ मा रामेश्वर श्रेष्ठ र १० मा भने डा. राकेश न्यौपाने रहेका छन । भक्तपुरको दुईवटा निर्वाचन क्षेत्रमध्ये १ मा रमेश र २ भने जितराम लामाले उम्मेदवारी दिएका छन् ।

त्यस्तै, ललितपुर १ मा पदम तामाङ, २ मा राजाराम तण्डुकार र ३ न. क्षेत्रमा भने डा. आशुतोष विजय पन्तले प्रतिनिधि सभा निर्वाचनका लागि उम्मेदवारी दर्ता गरेको बताइन्छ । काभ्रेपलाञ्चोक १ मा योगेन्द्र लामा र २ मा भने ज्योत्सना सैंजुले उम्मेदवारी दिएका छन् । रसुवामा मानबहादुर तामाङ, नुवाकोट १ मा अमित तामाङ र २ नं क्षेत्रममा ज्ञानेन्द्र प्रकाश घलेले उम्मेदवारी दिएका छन । धादिङ १ मा श्यामराजा पाण्डे र २ मा अमिर तामाङ छन ।

अध्यक्ष घिसिङको गृह जिल्ला रामेछापमा भने दीपबहादुर योञ्जनलाई टिकट दिइएको छ । त्यस्तै, सिन्धुली १ मा मोतीलाल तामाङ, मकवानपुर १ मा सुरेन्द्र लामा र २ मा भने डा. प्रविनकुमार स्याङतान रहेका छन । चितवन १ मा धनबहादुर गुरुङ, २ बाट निकुमार पाख्रिन र ३ बाट भने डम्बरबहादुर तामाङ उम्मेदवार बनेका छन ।

उता, ताप्लेजुङमा कृतिमान मादेन, पाँचथरबाट टेकबहादुर सुब्बा, इलाम १ बाट हरिबहादुर गुरुङ र २ बाट भने दिवश राईले टिकट पाएका छन । सो पार्टीले झापा १ बाट नरेश लावती, २ मा चुडाकर्ण बेघा लिम्बु, ३ मा श्याम कृष्ण पाठक, ४ मा सन्तोष तामाङ र ५ मा भने सबिन राईलाई उम्मेदवार खडा गरेको बताइन्छ । संखुवासभाबाट घनश्याम राई र तेह्रथुममा भने सो पार्टीले उषा तुम्बाहाम्फेलाई उम्मेदवार उठाएको छ । धनकुटाबाट शालिकराम राई, भोजपुरमा जितन राई र सोलुखुम्बुबाट भने पेम्बाछिरि शेर्पा उम्मेदवार बनेका छन ।

ओखलढुंगामा किशोरी कार्की, खोटाङबाट मिरेश राई, उदयपुर १ मा अर्जुन तामाङ र २ बाट भने अरुण राई उम्मेदवार छन । सुनसरी १ बाट डम्बर लावती, २ मा गोपाल तामाङ, ३ बाट जागेश्वर यादब र ४ मा भने बच्चालाल यादबलाई टिकट दिइएको छ । त्यसैगरी, मोरङ १ मा दुर्गामाया तामाङ, २ बाट धनबहादुर सुनुवार, ३ मा मित्रसेन योञ्जन, ४ बाट बिनोद परियार र ६ मा भने बसन्त बुढाथोकी उम्मेदवार बनेका छन । पार्टीले सप्तरी १ मा हर्खनारायण चौधरी, २ बाट दिपक चौधरी, ३ मा परमेश्वरलाल साह र ४ मा भने विश्वकुमार यादवलाई टिकट दिएको छ ।

सिरहा १ बाट सो पार्टीले ताराकुमारी चौधरी, २ मा ललितकुमार सिंह, ३ मा श्रवण पासवान र ४ बाट भने बिनय प्रविणलाई उम्मेदवार बनाएको छ धनुषा १ बाट महेशकुमार यादब, ३ मा डा. प्रमोद साह र ४ मा भने रामकुमार महतोलाई टिकट दिएको छ । महोत्तरी २ मा डा. राकेश मण्डल, ३ मा रंजितकुमार साह र ४ बाट डा. अमितलाई उम्मेदवार खडा गरेको छ । सर्लाही १ उमेश साह, ३ त्रिभुवन सिंह र ४ बाट भने पिताम्बर कुशवाहलाई उठाएको बताइन्छ ।

सो पार्टीले रौतहट १ बाट उमेश साह र ४ मा तुल्सीराम गिरीलाई उम्मेदवार बनाएको छ । उता, बारा १ मा अनवर अन्सारी, २ बाट मेघराज पासवान, ३ मा तिर्थबहादुर गुरुङ र ४ बाट भने सन्तोष कुमार गुप्तालाई उम्मेदवार बनाएको छ । पर्सा १ मा रामकिशोर सिंह, २ बाट कृष्णमुरारी प्रजापति, ३ मा रामरूप साह र ४ बाट भने बिनोद यादवलाई उम्मेदवार बनाएको छ । सो पार्टीले गोरखा १ मा रामकाजी राना र २ बाट भने बलराम तामाङलाई उठाएको छ । तनहुँ १ मा मन्जिल राना मगर र २ मा भने मनराज गुरुङ उम्मेदवार बनेका छन ।

पार्टीले कास्की १ मा मनिषा द्वा, २ बाट कुशल गुरुङ र ३ मा भने तर्कबहादुर गुरुङलाई उम्मेदवार छनौट गरेको छ । स्याङजा १ बाट रबिन्द्र मल्ल, मुस्ताङ मा डा. सुरेन्द्र शेरचन, पर्वतबाट नबिन पुन मगर, नवलपुर १ म पार्वती गुरुङ र नवलपरासी १ मा भने बिजय कँडेललाई उम्मेदवार बनाएको छ । यता, रुपन्देही १ बाट अशोककुमार चौधरी, २ मा सुरज पाण्डे, ३ बाट डा. सरोज सिं थारु र ५ बाट भने केशव भट्टराईलाई उम्मेदवार तोकेको छ । यसैगरी, गुल्मीमा कर्णबहादुर थापा, दाङ १ मा रञ्जित चौधरी, बाँके १ बाट धनबहादुर खड्का र २ मा भने शैलेश कर्णलाई टिकट दिएको छ ।

त्यसैगरी, बर्दिया १ बाट श्याम प्रसाद चौधरी, २ मा धर्म चौधरी, डोल्पाबाट दिलबहादुर बिष्ट, जाजरकोटमा कर्ण नेपाली, दैलेख २ बाट लोकेन्द्र अधिकारी रुकुम (पश्चिम) बाट नरेन्द्र के.सी, सुर्खेत १ मा ठम्मरबहादुर बिष्ट र २ बाट भने गम्भीर सिं भुललाई टिकट दिइएको छ । अछाम १ मा जित निसानी, २ बाट राजेश रावल, डोटीमा काशी बोहरा, कैलाली १ बाट प्रदिप चौधरी, ४ मा सुवास कुँवर र ५ बाट भने चन्द्र साउदले उम्मेदवारी दर्ता गरेका छन ।

उज्यालो नेपाल पार्टीको तर्फबाट कञ्चनपुर १ मा माइकल तामाङ, २ बाट योगेन्द्रबहादुर साउद र ३ बाट भने भिम कुमाल आगामी फागुन २१ ग्ते हुन गइरहेको प्रतिनिधि सभा निर्वाचनको लागि उम्मेदवार बनेका छन । सो पार्टीले उम्मेदवार बनाएर अनुहार राजनीतिक रुपमा नयाँ र पहिलो पटक उम्मेदवार बन्ने अवसर प्राप्त गरेको बताइन्छ ।

## स्वास्थ्य/घरेलु उपचार

# चिसो मौसममा बेसारको महत्व



*नेपालमा अहिले २०८२ को माघ महिना हो । मौसम अति चिसो छ । जाडो बढेसँगै मानिसमा मोसमी रुघाखोकी, घाँटी दुख्ने, ज्वरो र जोर्नी दुखाइ जस्ता समस्या बढ्दै गएका छन् । यस्तो समयमा आयुर्वेदले सिफारिस गर्ने सबैभन्दा प्रभावकारी घरेलु उपचारमध्ये एक हो-बेसार ।*

*आयुर्वेदमा बेसारलाई प्राकृतिक एन्टिबायोटिक मानिन्छ । यसमा पाइने कर्कुमिन तत्वले शरीरमा हुने संक्रमणसँग लड्न मद्दत गर्छ चिसो मौसममा रोग प्रतिरोधात्मक क्षमता कमजोर हुने भएकाले बेसारको प्रयोग अझ उपयोगी मानिन्छ ।*

***विशेषज्ञहरूका अनुसार जाडोमा***

- *तातो दुधमा आधा चम्चा बेसार मिसाएर सुत्नुअघि पिउँदा रुघाखोकी र ज्वरो कम हुन्छ ।*
- *बिहान खाली पेट बेसार मिसाएको तातोपानी पिउँदा पाचन प्रणाली सक्रिय रहन्छ ।*
- *चिसोका कारण जोर्नी दुख्ने समस्या भएकाले बेसारले सूजन कम गर्न सहयोग गर्छ ।*

*नेपालका ग्रामीण र हिमाली भेगमा आज पनि सामान्य चोटपटकमा बेसारको लेदो लगाउने चलन छ । यसले संक्रमण रोक्नुका साथै घाउ चाँडो निको पार्ने विश्वास छ ।*

*तर, चिकित्सकहरू बेसारको अत्यधिक प्रयोग नगर्न सुझाव दिन्छन् । पित्त प्रकृतिका व्यक्ति, गर्भवती महिला र दीर्घ रोगीले औषधिका रूपमा प्रयोग गर्नु अघि चिकित्सकको सल्लाह लिनु उपयुक्त हुन्छ ।*

*जाडो मौसममा सस्तो, सहज र प्रभावकारी उपचारका रूपमा बेसार नेपाली भान्साको अमूल्य औषधि बनेको छ ।*

# जाडोमा तातोपानी किन आवश्यक ?



*माघ महिनाको चिसो मौसममा शरीरको पाचन शक्ति कमजोर हुने, कब्जियत, ग्यास र शरीर भारी हुने समस्या धेरैमा देखिन्छ । आयुर्वेदका अनुसार यस्तो अवस्थामा तातोपानी सबैभन्दा सरल तर प्रभावकारी उपचार हो ।*

*नेपालमा अहिले बिहान-साँझ चिसो बढेकाले बिहान खाली पेट एक गिलास तातोपानी पिउनु विशेष लाभदायक मानिन्छ । तातोपानीले शरीरभित्र जमेको विषाक्त पदार्थ बाहिर निकाल्न मद्दत गर्छ ।*

***जाडोमा तातोपानी***
***पिउनुका फाइदा***

- *पाचन प्रणाली सक्रिय हुन्छ*
- *चिसोका कारण हुने जोर्नी दुखाइ कम हुन्छ*
- *शरीर तताउन सहयोग गर्छ*
- *छाला सुख्खा हुनबाट जोगाउँछ*

***यदि तातोपानीमा***

- *अदुवा मिसाइयो भने रुघाखोकी कम हुन्छ*
- *कागती मिसाइयो भने रोग प्रतिरोधात्मक क्षमता बढ्छ*
- *मह मिसाइयो भने ऊर्जा मिल्छ ।*

*स्वास्थ्यकर्मीहरूका अनुसार, चिसो मौसममा चिसो पानी पिउनु पेट र घाँटीका लागि हानिकारक हुन सक्छ । त्यसैले सम्भव भएसम्म तातोपानी प्रयोग गर्नु राम्रो मानिन्छ । सामान्य देखिने यो बानीले जाडोभरि शरीरलाई स्वस्थ राख्न ठूलो भूमिका खेल्छ ।*

# चिसोमा अदुवा र मह भरपर्दो औषधि



*नेपालमा जाडो बढेसँगै रुघाखोकी, घाँटी दुख्ने र आवाज बस्ने समस्या धेरैमा देखिन थालेको छ । यस्तो अवस्थामा आयुर्वेदले सुझाउने प्रभावकारी घरेलु औषधि हो-अदुवा र मह ।*

*अदुवामा रहेको जिन्जेरोल तत्वले शरीर तताउँछ र कफ पगाल्न मद्दत गर्छ । महमा प्राकृतिक एन्टिब्याक्टेरियल गुण भएकाले संक्रमणसँग लड्न सहयोग पुग्छ । चिसो मौसममा यी दुईको संयोजन झन् प्रभावकारी मानिन्छ ।*

***प्रयोगका तरिका***

- *अदुवाको रसमा एक चम्चा मह मिसाएर दिनमा दुई पटक सेवन*
- *अदुवा उमालेको तातोपानीमा मह हालेर पिउने*
- *घाँटी दुख्दा अदुवा-मह चुस्ने*

*आयुर्वेद चिकित्सकहरूका अनुसार जाडोमा यो मिश्रणले फोक्सो सफा राख्न र शरीरको ताप सन्तुलनमा राख्न मद्दत गर्छ । बालबालिकामा देखिने सामान्य खोकीमा पनि यो सुरक्षित मानिन्छ (एक वर्ष मुनिका बालबालिकालाई मह दिनु हुँदैन) । मधुमेह भएका व्यक्तिले महको प्रयोग सीमित गर्नुपर्ने चिकित्सकहरूको सुझाव छ ।*

*जाडो मौसममा सहजै उपलब्ध, सस्तो र प्रभावकारी भएकाले अदुवा र मह नेपाली घर-घरको भरपर्दो औषधि बनेको छ ।*

# नयाँ प्रतिनिधि सभाको बैठक कहाँ बस्ने भन्ने टुंगो छैन !

# संसद भवन हामी आफैंले निर्माण गर्ने क्षमता थिएन



**एकराम गिरी,**
**सहसचिव एवम् प्रवक्ता, संघीय संसद सचिवालय**

*(अन्तरिम सरकार यतिखेर २०८२ फागुन २१ गते घोषित प्रतिनिधि सभा निर्वाचन सम्पन्न गर्नका लागि अहोरात्र रूपमा खटिँदै अन्तिम तयारीमा जुटिरहेको अवस्था छ । यस अवधिमा निर्वाचन आयोगले आफ्ना गतिविधिहरू निर्धारित कार्यतालिका अनुसार नै अगाडि बढाइरहेको छ । त्यसैले निर्वाचन सम्पन्न पश्चात् अर्थात् सम्पूर्ण मत परिणाम सार्वजनिक भएसँगै १५ दिनदेखि एक महिनाभित्र प्रतिनिधि सभा गठनका लागि बैठक आयोजना गर्नुपर्ने बाध्यतात्मक परिस्थितिमा संघीय संसद सचिवालयको भूमिका रहन्छ ।*

*तर, ०६४ सालको पहिलो संविधान सभा निर्वाचनपश्चात् संसदको बैठक नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र (आईसीसी) मा आयोजना हुँदै आएको थियो । ०८२ भदौ २३ र २४ गतेको जेन–जी आन्दोलनका क्रममा उक्त भवन आगलागीको चपेटामा परेपछि कुनै पनि हालतमा बैठक आयोजना गर्न सकिने अवस्था छैन । उता, सिंहदरबारभित्र निर्माणाधीन नयाँ संसद भवनको सम्पूर्ण निर्माण कार्य पनि अझै सम्पन्न भइसकेको अवस्था छैन । यसले प्रतिनिधि सभा बैठक तत्काल आयोजना गर्न कठिनाइ हुने हो कि भन्ने आशंका बाहिर आइरहेका छन् । त्यस्तै, सचिवालयमा पर्याप्त जनशक्तिको अभाव हुँदा कार्यसम्पादनमा समेत कठिनाइ भइरहेको गुनासो यदाकदा सुनिने गरेको छ । माथि उल्लेखित यी समस्या समाधान गर्न संघीय संसद सचिवालयको आगामी भूमिका, तयारीलगायत विविध विषयमा केन्द्रित रहेर साँघु साप्ताहिकका लागि रामहरी चौलागाईंले प्रवक्ता एकराम गिरीसँग गरेको कुराकानीको सम्पादित अंश: सम्पादक)*

**० जेन–जी आन्दोलनका क्रममा नयाँ बानेश्वरस्थित संघीय संसदको बैठक सञ्चालन हुँदै आएको भवन जलेको र प्रतिनिधि सभाको निर्वाचन २०८२ फागुन २१ गते हुन गइरहेको छ । बैठक आयोजना गर्नका लागि संघीय संसद सचिवालयले के–कस्तो तयारी गरिरहेको छ ?**

प्रतिनिधि सभाको निर्वाचन आगामी फागुन २१ गते हुँदैछ । निर्वाचन सम्पन्न भइसकेपछि करिब २०–२५ दिन, अर्थात् बढीमा एक महिनाभित्र प्रतिनिधि सभाको गठन हुनेछ । तर, वर्तमान अवस्था हेर्दा सचिवालयका लागि ठूलो चुनौती भनेको बैठक आयोजना गर्ने भवनको अभाव हो । जेन–जी आन्दोलनका क्रममा जलेको उक्त भवन अहिलेसम्म मर्मत तथा पुनर्निर्माण हुन सकेको छैन । सिंहदरबारभित्रै नयाँ संसद भवन निर्माणाधीन छ, तर त्यो पनि अझै सम्पन्न भइसकेको छैन ।

**० सचिवालयले वैकल्पिकका लागि केही सोच बनाएको छैन र ?**

यस्तो अवस्थामा सचिवालयले वैकल्पिक व्यवस्था गर्नुपर्ने अवस्था देखिएको छ । उदाहरणका लागि, राष्ट्रिय सभाको बैठक आयोजनाका लागि सचिवालयले कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको हललाई अद्यावधिक गरी प्रयोगमा ल्याइसकेको छ । त्यसैगरी, प्रतिनिधि सभाका लागि पनि अस्थायी रूपमा बैठक सञ्चालन गर्न मिल्ने वैकल्पिक स्थल र संरचना तयार गर्ने विषयमा समेत गृहकार्य भइरहेको छ । संवैधानिक प्रक्रिया र संसदको काम–कारबाही प्रभावित नहोस् भन्ने सवालमा सचिवालय सचेत छ र यही नै हाम्रो मुख्य प्राथमिकता हो ।

**० त्यसो भए आगामी संसदको नयाँ बैठक कहाँ बस्ने भन्ने विषयमा अझै कुनै टुंगो लागेको छैन ?**

अहिलेसम्म प्रतिनिधि सभाको बैठक कहाँ बस्ने भन्ने विषयमा ठोस रूपमा टुङ्गो लाग्न सकेको छैन । राष्ट्रिय सभाको निर्वाचन हिजो सम्पन्न भइसकेको छ । अब छिट्टै सचिवालयले प्रतिनिधि सभा बैठकका सन्दर्भमा पनि सरकारलाई औपचारिक रूपमा जानकारी गराउने तयारी गरिरहेको छ । सम्भवतः यही हप्ताभित्र औपचारिक अनुरोध गर्नेछौँ । किनकि बानेश्वरस्थित पुरानो संसद भवन प्रयोगयोग्य छैन र निर्माणाधीन नयाँ भवन पनि सम्पन्न नभएकाले वैकल्पिक व्यवस्था अपरिहार्य जस्तै बनेको छ ।

**० कथम्कदाचित् उक्त समयमा भवन तयार भएन भने बैठक सञ्चालन विकल्प के त ?**

भवन र सभा कक्ष मात्रै भएर बैठक सञ्चालन गर्न सकिँदैन । यसका प्राविधिक पक्षहरू धेरै छन् । अडियो–भिडियो प्रणाली, पावर सप्लाई, सिट एरेन्जमेन्टलगायतका विषयहरू जोडिएका हुन्छन् । यसबाहेक सुरक्षा, सञ्चार संयन्त्र, प्रशासनिक संरचना र अन्य आवश्यक पूर्वाधारको पनि उत्तिक्कै व्यवस्थापन गर्नुपर्छ । यी सबै प्रक्रिया र मापदण्ड पूरा गरेपछि मात्र बैठक बस्न सक्ने अवस्था आउँछ । अझ भन्नुपर्दा केही दिन रिहर्सलका लागि समेत थप समय आवश्यक पर्न सक्छ । त्यसैले चुनावपछि २०८२ चैतको मध्यसम्ममा हलको व्यवस्था गर्नैपर्ने संवैधानिक बाध्यता छ ।

**० यी सवालमा संसद सचिवालयले प्रधानमन्त्रीसँग परामर्श किन गरिरहेको छैन त ?**

यस विषयमा संसद सचिवालयले नेपाल सरकारलाई बारम्बार जानकारी गराउँदै आएको छ। अन्तरिम सरकारलाई पनि यस विषय र चुनौतीका बारेमा अवगत नै छ । यसअघि पनि मौखिक रूपमा पटक-पटक जानकारी गराइएको थियो । अब सचिवालयले लिखित रूपमा समेत जानकारी गराउने प्रक्रिया अघि बढाएको छ । यो विषयलाई औपचारिक ढंगले अघि बढाउँदै आवश्यक समन्वय र निर्णय गर्न अपरिहार्य भइसकेको छ ।

**० नयाँ संसद भवनको निर्माण अवस्थाबारे सचिवालय अपडेटमा छ कि छैन ?**

शहरी विकास मन्त्रालय मातहतको विशेष भवन आयोजनाले नयाँ संसद भवन निर्माणको जिम्मा तथा रेखदेख गर्दै आएको छ । २०८२ पुस १६ गते निर्माण पक्षको म्याद सकिएको जानकारी हामीले पाएका छौँ । तर, औपचारिक रूपमा सचिवालयलाई जानकारी गराइएको छैन । यद्यपि यसअघि सचिवालयले स्थलगत निरीक्षण गर्दै आएको छ । म्याद सकिएपछि भौतिक र वित्तीय प्रगति के कस्तो छ भन्नेबारे हामी अपडेटमा छैनौँ । निर्माण सम्पन्न गर्न अब कति समय लाग्छ, इन्टेरियर डेकोरेसनको काम कति सम्पन्न भएको छ-यी विषयमा मन्त्रालयले औपचारिक रूपमा जानकारी गराएको भए उपयुक्त हुनेथियो । अनौपचारिक रूपमा भन्नुपर्दा, स्थलगत भ्रमण र अवलोकनका आधारमा २०८२ चैतसम्ममा निर्माण सम्पन्न हुन्छ भन्नेमा विश्वस्त हुन सक्ने आधार भने देखिँदैन ।

**० मन्त्रालयले जानकारी दिनु भन्दा पनि संसद सचिवालयको नेतृत्वले गम्भीर चासो दिनुपर्ने होइन र ?**

तपाईंले सोध्नुभएको प्रश्न एकदमै जायज छ । सचिवालयले यस विषयमा बारम्बार चासो राखेको छ । जेन–जी आन्दोलनका क्रममा नयाँ बानेश्वर स्थित बैठकस्थल सञ्चालन गर्न नसक्ने गरी क्षति भएको थियो । त्यसलगत्तै सचिवालयले अन्तरिम सरकारलाई जानकारी नगराएको पनि होइन । अझ स्पष्ट रूपमा भन्नुपर्दा, निवर्तमान सभामुख तथा हाल राष्ट्रिय सभाका अध्यक्षज्यूले समेत यो विषयमा पटक-पटक जानकारी गराउनु भएको थियो ।

**० सरकारबाट के–कस्तो जवाफ प्राप्त भएको छ त ?**

सरकारले २०८२ पुस १६ गतेसम्म निर्माण सम्पन्न हुन्छ भनेर जानकारी दिएको थियो । साथै निर्वाचनपछि प्रतिनिधि सभा गठन हुने समयसम्म काम सकिन्छ भन्ने मौखिक जानकारीसमेत सचिवालयले पाएको थियो । हामी निरन्तर रूपमा यस विषयमा चिन्ता र चासो व्यक्त गर्दै आएका छौँ । त्यसैले यी सबै विषयलाई मध्यनजर गर्दै आवश्यक व्यवस्थापन गरिदिन सचिवालयले पुनः औपचारिक रूपमा अनुरोध गरी पत्र पठाउने योजना बनाएको छ । हाम्रो भनाइ स्पष्ट छ-प्रतिनिधि सभाको नियमित काम-कारबाही कुनै पनि हालतमा अवरुद्ध हुनु हुँदैन ।

**० बानेश्वरस्थित केन्द्र (आईसीसी) जलेर प्रयोगयोग्य नभएको अवस्थामा सचिवालयले सम्झौताअनुसार भाडा भुक्तानी गरिरहेको छ, हो ?**

सचिवालयले हरेक आर्थिक वर्षमा आईसीसीसँगको सम्झौता नवीकरण गर्दै आएको थियो । सम्झौता नवीकरण गर्दा हरेक वर्षको भाडा दर स्पष्ट रूपमा निर्धारण गरिन्थ्यो । सामान्यतया अघिल्लो आर्थिक वर्षको तुलनामा १० प्रतिशत वृद्धि गर्ने व्यवस्था थियो । त्यसैले चालु वर्षमा पनि हामी सम्झौता नवीकरणकै प्रक्रियामा थियौँ । तर, २०८२ भदौ २३ र २४ गते जेन-जी आन्दोलनका क्रममा भवनमा ठूलो क्षति भयो । क्षति भएपछि सभा सञ्चालन गर्न सक्ने अवस्था रहेन ।

**० सचिवालय के अब गर्ने सोचमा रहेको छ ?**

सचिवालयले जुन उद्देश्यका लागि भाडामा लिएको थियो, पूरा नहुने भएपछि नवीकरण गर्न आवश्यक देखिएन । सचिवालयले औपचारिक रूपमा शहरी मन्त्रालयअन्तर्गतको केन्द्रलाई जानकारी गराइसकेको छ । यो अवधिसम्म जे जति भाडा रकम भुक्तानी गर्नुपर्ने थियो, बुझाइसकेकेको अवस्था छ ।

**० राष्ट्रिय सभाको निर्वाचन हिजो सम्पन्न भइसकेको छ, अब बैठक कहिले बस्ला त ?**

राष्ट्रिय सभाको अधिवेशन यसअघि २०८२ माघ ४ गते नै आव्हान र दास्रो बैठक २०८२ माघ ९ गते सम्पन्न भएको छ । हिजो माघ ११ गते राष्ट्रिय सभाको निर्वाचन सम्पन्न भइसकेकोले नयाँ सदस्यहरूलाई पनि हाल बैठक संचालन भइरहेको हलमा स्वागत गर्ने कार्यक्रम तय गरेका छौं । अर्को व्यवस्था नहुँदासम्म, अर्थात संघीय संसदको नयाँ भवन निर्माण सम्पन्न नहुँदासम्म बैकल्पिक रुपमा राष्ट्रिय सभाका सबै बैठक यही हलबाट सञ्चालन गरिने छन । हाल जुन हलबाट बैठक सञ्चालन भइरहेको छ, २०८२ फागुन २१ गते नव निर्वाचित १९ जना नयाँ सदस्यहरूसहितको बैठक सोही हलबाट सञ्चालन हुनेछ। त्यसैले राष्ट्रिय सभाको काम कारबाही सञ्चालनका लागि भने खासै समस्या छैन ।

**० पुरानो संसद भवनलाई पुन मर्मत वा रेक्ट्रोफिटिङ गर्ने कार्य भइरहेको छ, यसतर्फ सचिवालयको नजर गएको छ कि छैन नि ?**

पुरानो संसद भवनको हकमा पनि अहिले रेक्ट्रोफिटिङ गर्ने कार्य भइरहेको छ । उक्त काम पनि शहरी विकास मन्त्रालयअन्तर्गतकै विशेष भवन निर्माण आयोजनाकै कार्य क्षेत्रमा पर्दछ । त्यसैले नियमित रूपमा कार्य सञ्चालन भइरहेको छ र त्यसमा कुनै खालको व्यवधान आएको सुनिएको छैन । सचिवालयले यसबारेमा पनि चासो भने राख्दै आएको छ । आम नागरिकले बुझ्नुपर्ने विषय संसद सचिवालय यी दुवै भवन निर्माण कार्यमा संलग्न छैन । सचिवालयले समयमै निर्माण सम्पन्न गर्नका लागि सम्बन्धित निकायलाई बारम्बार ध्यानाकर्षण भने गराउँदै आएको छ । संसद भवन समयमै निर्माण सम्पन्न हुन सकेन भने हामी गैर जिम्मेवार बनेको हुने छैनौ । हामीले सरकारसँग आवश्यक समन्वय, निगरानी र ध्यानाकर्षण भने हरबखत गर्दै आइरहेका छौँ ।

**० यदि, त्यसोभए नयाँ संसद भवन निर्माण ढिलाई हुनुमा कसको कमजोरी छ त ?**

कमजोरी कसको भन्दापनि संसद सचिवालयले निर्माण कार्य गर्ने क्षमता राख्दैन । त्यसैले ढिलाइको मुख्य कारण भनेको सम्बन्धित निकाय नै हो । सचिवालयले आवश्यक चासो र ध्यानाकर्षण भने गर्दै आएको छ । सम्बन्धित निर्माण व्यवसायीले समयमै काम पूरा गर्न नसक्नु उसको कमजोरी होला । अनि, सरकारले पनि यो विषयमा अलि बढी ध्यान दिनुपर्ने थियो । हामीले त समयमै खबरदारी र चासो राखेको भएपनि यस्तो अवस्था सिर्जना भइरहेको छ । निर्माण पक्षले ढिलाई गर्नुको मुख्य कारण के हो ? स्पष्ट रुपमा बाहिर आएको छैन । बिनियोजित पुँजीगत खर्च भौतिक प्रगतिसँग तुलना गर्दा कम भएको अनुमान गरिएको छ ।

**० यो बिचमा कुनै ठूलो समस्या नआएपनि निर्माण पक्षले ढिलाई गरेको आरोप लाग्ने गरेको छ, नि ?**

यो बिचमा निर्माण सामग्री आपूर्तिमा पनि कुनै ठूलो समस्या देखिएको छैन । त्यसैले जनशक्तिको कम भएर नै समयमा निर्माण हुन नसकेको भनाईहरु बाहिर आएका छन् । सचिवालयले त जनशक्ति बढाएर, आवश्यक सामग्री आपूर्ति बढाएर भएपनि समयमा सम्पन्न गर्न बाराम्वार निर्देशन दिएका हौं । एक सिफ्टमा दुई, र तीन सिफ्टमा काम गराउन पनि विभिन्न समयमा निर्देशन दिएका थियौं । तरपनि दुःखको कुरा अपेक्षित समय भित्र निर्माण कार्य पूरा हुन सकेको छैन ।

- **संसद भवन अधुरो भएकाले वैकल्पिक तयारीमा लागिरहेका छौं ।**
- **सुरक्षा, अडियो–भिडियो, प्रशासनलगायत सबै पूर्वाधार तयार हुनुपर्छ ।**
- **नयाँ भवन नबने पनि संघीय संसदको काम–कारबाही रोकिँदैन ।**
- **संसद भवन निर्माणमा ढिलाइको जिम्मेवारी सरकारकै हो ।**
- **संसद भवन निर्माण सम्पन्न गर्न अब कति समय लाग्छ अत्तोपत्तो छैन ।**
- **जलेका संसदीय कार्यालयहरू मर्मतपछि सञ्चालनमा आउछन् ।**
- **संसद सचिवालय सूचना प्रवाहप्रति दृढ प्रतिबद्ध छ ।**

**० यसअघि ठूला पार्टीका संसदीय दलका कार्यालयहरुसमेत जलेका छन, अब उनीहरुको व्यवस्थापनका लागि सचिवालयले के कस्तो योजना बनाइरहेको छ ?**

राष्ट्रिय सभाको हकमा संसदीय दलका कार्यालयहरूको सामान्य मर्मत गरी सचिवालयले संचालनमा ल्याइएको छ । सदस्य संख्या कम र संसदीय दलको आकार पनि सानो रहेकाकारण व्यवस्थापन सहज र सम्भव भएको हो । तर, प्रतिनिधि सभाको संख्या नै २ सय ७५ रहेको छ। सो अन्तर्गतका समितिका कार्यालय र दल नै पिच्छेको संसदीय दलहरूका लागि थप स्थान, कार्यकक्ष आवश्यक पर्नेछ । निर्माणधीन संसद भवनमा संसदीय दलका कार्यालयको लागिसमेत छुट्टै भवन निर्माण भइरहेको अवस्था छ। त्यसैले भवन निर्माण सम्पन्न भएको खण्डमा व्यवस्थापनमा अलिक सहज हुनेछ। अन्यथा, प्रतिनिधि सभाको सभा कक्षको व्यवस्थापन मात्र केवल नभएर सचिवालय र संसदीय दलका कार्यालयसमेत व्यवस्थापन गर्नुपर्ने चुनौती सचिवालय समक्ष रहेको छ ।

**० संघीय संसद सचिवालय परिसरमै रहेको एमाले र कांग्रेसका संसदीय दलका कार्यालयहरू अहिले भग्नावशेष अवस्थामा छन, मर्मत संभारका विषयमा सचिवालयको नजर किन जान सकिरहेको छैन ?**

मैले माथि पनि बताइसकें जेनजी आन्दोलनपछि प्रतिनिधि सभा बिघटन हुन पुग्यो । जसले गर्दा कार्यालयहरुको आवश्कयकता नै भएन। राष्ट्रिय सभाको हकमा भने तत्काल काम चलाउनका लागि संसदीय दलका कार्यालय र र समितिका हलहरूलाई सामान्य मर्मत गरी सञ्चालनमा ल्याएका छौँ । नयाँ निर्माणाधीन संसद भवन निर्माण सम्पन्न भएपश्चात यी पुराना भवनहरूलाई भविष्यमा कुनै प्रयोजनका लागि प्रयोग गर्ने सकिने छ। जुन निर्णय शहरी विकास मन्त्रालयको कार्यक्षेत्र र जिम्मेवारी हो । त्यसैले पनि आगजनी गरिएका कतिपय भवन र हलहरुलाई थौरे लगानी गर्दै आवश्यक मर्मत गरेर कार्य सञ्चालनमा ल्याइएको अवस्था छ ।

**० झन्डै एक महिनापछि निर्वाचन सम्पन्न भएर नयाँ माननीहरू आउँदै हुनुहुन्छ, उनीहरूको सेवा सुविधा र आवश्यक सवारी साधनको व्यवस्थापनका लागि सचिवालय के तयारी गरिरहेको छ नि ?**

नवनिर्वाचित सांसदहरूको सेवा सुविधा कानून बमोजिम उपलब्ध गराउने कार्य सचिवालयको जिम्मेवारीभित्र पर्छ । पछिल्लो समय संघीय संसदका पदाधिकारी तथा सदस्यहरूको सेवा सुविधा सम्बन्धी ऐनका अनुसूचीहरू संशोधन भएका छन् । जसकाकारण केही सुविधा कटौती गरिएको छ । जस्तो सांसदहरुले राख्दै आएका स्वकीयहरु हटाइएको छ । अव कानूनले जे-जे सुविधा उपलब्ध गराउन भनेको छ सोहीअनुसार सचिवालयले उपलब्ध गराउँछ नै । नयाँ थप सुविधाहरू उपलब्ध गराउन भने नयाँ कानूनको आवश्यकता र जरुरत पर्ने छ ।

**० जेनजी आन्दोलनकाक्रममा सचिवालयका धेरैजसो सवारी साधनहरु जलेको बताइन्छ, अव नयाँ पदाधिकारीहरुको लागि के कसरी व्यवस्थापन गर्ने सोचमा सचिवालय लागेको छ ?**

आन्दोलनकाक्रममा १८ वटा चारपाङ्गे गाडी र झन्डै ३८-४० वटा मोटरसाइकल जलेको थियो । पूर्व सभामुखहरूले लगेका कतिपय सवारी साधनहरू फिर्ता गरिएको छ । तरपनि अभाव हुनसक्ने सम्भावना उत्तिकै छ । २०८२ फागुन २१ पछि मुख्यतः कति दलहरूले मान्यता पाउने हुन् सो भने प्रतिक्षाको विषय रहेको छ । प्रत्यक्षतर्फ एकसिट र समानुपातिमा खसेको कुल मत संख्याको तीन प्रतिशत पुगेपछि राष्ट्रिय दलको मान्यता पाउने कानूनी व्यवस्था रहेको छ। जसले गर्दा परिणाम सार्बजनिक भएपनि मात्र अपुग वा आवश्यक थप सवारी साधनको सचिवालयले आवश्यक रुपमा नेपाल सरकारसँग सहयोगका लागि पत्र पठाउनेछ । त्यसपछि मात्र सवारी साधनको व्यवस्थापन पूर्णरूपमा सुनिश्चित गर्न सकिनेछ ।

**० नवनिर्वाचित संसदको गठन र बैठक सञ्चालन समयमा गर्न सकिन्छ कि सकिंदैन भन्ने नै हो, यस सन्र्दभमा संसद सचिवालयको नेतृत्वले प्रधानमन्त्री सुशीला कार्कीसँग आवश्यक समन्वय किन गरिरहेको छ कि छैन ?**

यस विषयमा आवश्यक समन्वय भइरहेको छ। प्रतिनिधि सभाको निर्वाचन २०८२ फागुन २१ गते सम्पन्न भएपछि, करिब १५-२० दिनभित्र प्रतिनिधि सभा गठन हुन सक्छ । गठन भइसकेपछि सांसदहरूले शपथ ग्रहण गर्दै कार्य प्रारम्भ र पहिलो बैठक बस्नेछ। पहिलो बैठकले नियमावली, अन्तरिम कार्यविधि, संसदीय दलहरूको आन्तरिक नियमावली र संविधानको व्यवस्था अनुसार केही निश्चित कामहरू अवश्य गर्नेछ । त्यसका लागि प्रतिनिधि सभाको सभा कक्ष, संसदीय दलका कार्यालयहरू र अन्य आवश्यक पूर्वाधारको व्यवस्था हुनु आवश्यक र जरुरी छ नै। यी सबै विषयमा संसद सचिवालयले नेपाल सरकारलाई बारम्बार जानकारी गराइरहेको र आवश्यक परेको खण्डमा पुन थप जानकारी गराउने छ ।

**० संसद सचिवालयले भवन अभाव भएका कारण प्रतिनिधि सभा बैठक संचालनको लागि आवश्यक वैकल्पिक व्यवस्था पनि तयारी गरिरहेको छ कि छैन ?**

वैकल्पिक व्यवस्था भन्दापनि नेपाल सरकारसँग आवश्यक स्थान उपलब्ध गराउन सचिवालयले माग गर्ने हो । जसमा सभा सञ्चालनका लागि आवश्यक भवन, भौतिक पूर्वाधार र प्राविधिक पक्षहरू आवश्यक पर्नेछन् । त्यसो हुन नसके मात्र वैकल्पिक सम्भावनाहरूको खोजी गर्ने प्रक्रिया अगाडि बढनेछ । त्यसपछि सम्भावनाहरूको मूल्यांकन गरेर सरकारले निर्णय गर्नेछ । त्यसैअनुसार तत्काल उपलब्ध विकल्प र अवस्था हेरेर जसरी सम्भव छ, सोहीअनुसार अगाडि बढिने प्रक्रिया अपनाइने छ ।

**० आईसीसीको भवन भाडामा लिएर सभा सञ्चालन गर्दै आएको छ, यो बिचको अवधिमा जलेको भवन निर्माणमा पर्याप्त ध्यान नदिएको आरोप तपाईंहरुमाथि लाग्ने गरेको छ, नि ?**

सचिवालयले नयाँ संसद भवन निर्माणका लागि पहल नगरेको भने होइन। यो अवधिमा विभिन्न ढंगले पहलहरू भइरहेका थिए । खासगरी पहिलो संविधान सभाको निर्वाचनपछि ६ सय १ सदस्य अट्ने सभा हल र बैठक सञ्चालनका लागि आवश्यक स्थानको व्यवस्थापन गर्न सम्मेलन केन्द्र भाडामा लिइएको हो। केन्द्र भाडामा लिएपछि पनि सचिवालयले आफ्नै सभा भवन निर्माणका लागि व्यापकरुपमा पहल नगरेको पनि होइन । पहलको परिणाम स्वरूप सिंहदरबार परिसर भित्र नयाँ भवन निर्माणको लागि प्रक्रिया प्रारम्भ भएको हो । तर, निर्धारित समयमा निर्माण सम्पन्न हुन भने सकेन। त्यसैले यो समस्या आएको र यसबारे सचिवालय निरन्तर निगरानी र समन्वय पनि गरिरहेको अवस्था छ ।

**० झन्डै १८ वर्ष भन्दा बढी समय बित्दासमेत नयाँ संसद भवन निर्माण सम्पन्न भएर बैठक संचालनको लागि असमर्थ हुनु संसद सचिवालय र नेपाल सरकारका लागि लज्जाबोधको विषय होइन ?**

मैले र सचिवालयले भवन शीघ्र निर्माण होस् भन्ने विषयमा बारम्बार सरकारको ध्यानाकर्षण गराउँदै आएको विषयमा जानकारी गराइसकें । तर, अझै स्पष्ट रुपमा भन्नुपर्दा संसद सचिवालयले आफैंले यो परियोजना सञ्चालन गरेको होइन । भवन निर्माण नेपाल सरकार, विशेषगरी शहरी विकास मन्त्रालयको जिम्मेवारी हो । सचिवालयले आफ्नो भूमिका निभाउँदै आएको छ । हाम्रो आवश्यकताहरू के हुन्, कस्तो स्पेस चाहिन्छ, भवन भित्रका प्राविधिक पक्षहरू के-के हुनुपर्छ भनेर बारम्बार जानकारी र समन्वय भने हामीले सम्वन्धित निकायसँग गरिरहेका छौं । निर्माण समयमा सम्पन्न नभएको, आवश्यक चासो नदिएको वा पहलकदमी नलिएको कुरा सम्बन्धित निकायको विषय हो । सचिवालयले प्रारम्भदेखि नै आफ्नो भूमिका, परामर्श, राय-सुझाव र आवश्यक समन्वय उपलब्ध गराइरहेको छ । संसद भवन हामी आफैंले निर्माण गर्ने क्षमता थिएन ।

# ‘बालेन-केन्द्रित निर्वाचन’ले के साँच्चै देश बदल्ला त ?
## राजनीति बदलिँदैछ, अर्थतन्त्र र निजी क्षेत्र अलमलिँदै...!



शंकरमान सिंह

*नेपालको आर्थिक विकास र राजनीतिक स्थायित्वबीचको सम्बन्ध गहिरो छ । राजनीतिक अस्थिरता, चुनावी चहलपहल र नीतिगत अनिश्चितताले निजी क्षेत्रको मनोबल कमजोर बनाएको छ । निजी क्षेत्र नेपालको अर्थतन्त्रमा ८० प्रतिशतभन्दा बढी योगदान पुऱ्याउने प्रमुख शक्ति हो, तर हाल यो क्षेत्र विश्वासको संकट, नीतिगत अड्चन र आन्तरिक कमजोरीहरूको जटिल चक्रमा फसेको अवस्था छ ।*

**नेपालको वर्तमान राजनीति**

नेपालको राजनीति विगत दुई दशकदेखि संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ । राजतन्त्रको अन्त्य, गणतन्त्रको स्थापना र संघीय संरचनाको कार्यान्वयनले देशलाई नयाँ बाटोमा डोऱ्याएको छ । तर, राजनीतिक दलहरूबीचको असहमति, सरकारको अस्थिरता र बारम्बार हुने नेतृत्व परिवर्तनले नीति निर्माणमा निरन्तरता ल्याउन सकेको छैन ।

**राजनीतिक अस्थिरता**

गणतान्त्रिक सरकारको छोटो आयु र बारम्बार हुने नेतृत्व परिवर्तनले दीर्घकालीन नीति निर्माणमा बाधा पुऱ्याएको छ ।

**दलगत प्रतिस्पर्धा**

प्रमुख दलहरूबीचको प्रतिस्पर्धा प्रायः सत्ता प्राप्ति र संरक्षणमा केन्द्रित हुन्छ, जसले विकासका एजेन्डालाई पछाडि पारेको छ ।

**संघीयता र स्थानीय सरकार**

संघीय संरचनाले स्थानीय तहलाई अधिकार दिएको छ, तर स्रोत र क्षमता अभावले स्थानीय सरकारहरूलाई प्रभावकारी बनाउन सकेको छैन ।

**चुनावी चहलपहल**

नेपालमा चुनाव केवल राजनीतिक नेतृत्व चयनको प्रक्रिया मात्र नभई सामाजिक र आर्थिक गतिशीलताको सूचक पनि हो । चुनावी चहलपहलले जनतामा आशा र अपेक्षा जगाउँछ, तर व्यवहारमा चुनावपछिको निराशा पनि उत्तिकै देखिन्छ ।

**चुनावी वाचा र वास्तविकता**

दलहरूले चुनावमा गरेका वाचा प्रायः व्यवहारमा पूरा गर्न सक्दैनन्। जनताको सहभागिता : चुनावमा जनताको सहभागिता उच्च रहन्छ, तर जनताले अपेक्षा गरेको परिणाम प्राप्त गर्न कठिन हुन्छ ।

**चुनावी खर्च र निजी क्षेत्र**

चुनावी खर्चमा निजी क्षेत्रको प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नता हुन्छ, जसले अर्थतन्त्रमा दबाब सिर्जना गर्छ । नेपालको आगामी आम निर्वाचन (५ मार्च २०२६) लाई धेरैले “बालेन-केन्द्रित चुनाव” भनेर व्याख्या गर्न थालेका छन् । पूर्व काठमाडौं महानगर प्रमुख बलिन्द्र (बालेन) शाहले पदबाट राजीनामा दिएर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गरेपछि चुनावी बहसको केन्द्र उनी बनेका छन् । झापा-५ मा एमाले अध्यक्ष केपी शर्मा ओलीसँग प्रत्यक्ष प्रतिस्पर्धा गर्ने उनको निर्णयले राजनीतिक परिदृश्यलाई हल्लाएको छ ।

बालेनको उदय, रवि लामिछानेको समर्थन, मधेशबाट सुरु भएको अभियान, आचारसंहिताको विडम्बना र नेपाल-भारत-चीन-अमेरिका जस्ता बाह्य सन्दर्भसम्मलाई समेट्दै चुनावी वातावरणको विस्तृत अध्ययन हुनु पर्दछ ।

**काठमाडौं-केन्द्रित शासनको आलोचना**

जनकपुरको तिरहुतिया गाछीमा बालेनले पहिलो सार्वजनिक भाषण दिए । उनले भने-“प्रान्तीय सरकारहरू कमजोर रहन्छन्, जबसम्म प्रशासनिक निर्णय काठमाडौंको अनुमतिमा निर्भर रहन्छ ।” उनको भनाइले संघीयताको अभ्यासमा रहेको असन्तुलनलाई उजागर गऱ्यो । मधेशका किसानहरू हरेक वर्ष काठमाडौं धाउनुपर्ने बाध्यता, अधिकार माग्न राजधानी पुग्नुपर्ने विडम्बना र स्थानीय सरकारको सीमित अधिकारलाई उनले व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरेका थिए ।

**बालेनको ‘सामाजिकता अभ्यास’**

काठमाडौंमा मेयर हुँदा उनले गरेका कामहरूलाई उनले “व्यावहारिक समाजवाद” भने । २० हजार विद्यार्थीलाई शिक्षा, १० प्रतिशत बिरामीलाई निःशुल्क उपचार, ३५ नगरपालिकामा एम्बुलेन्स वितरण, मन्दिर र पोखरी संरक्षण-यी सबैलाई उनले उदाहरणका रूपमा प्रस्तुत गरे । उनको प्रश्न थियो-“यदि म मेयर भएर यति गर्न सक्छु भने, प्रधानमन्त्री भएर के गर्न सक्दिन” ?”

**जनकपुरको सम्भावना र पर्यटनको सपना**

बालेनले जनकपुरलाई धार्मिक पर्यटनको केन्द्र बनाउन सकिने दाबी गरे । उनले भने- “जानकी माताले मात्र १ करोड पर्यटक ल्याउन सक्नुहुन्छ ।” तर, जनकपुरका सडकमा अझै धुलो उड्छ, पोखरीमा पानी हराएको छ र मन्दिरको छतमा वाचा मात्र टाँसिएको छ ।

**चुनावी रंगमञ्च**

चुनावको मञ्चमा नाटक चल्छ । जनता दर्शक, नेता कलाकार । आचारसंहिता निर्देशक बने पनि नाटकको अन्त्य फेरि पुरानै हुन्छ । जनताको पेटमा भोक छ, नेताको भाषणमा मिठो वाचा मात्रै छ । सडकमा धुलो छ, सभामा ताली छ । लोकतन्त्रको नाममा फेरि धोका छ ।

नेपालको आगामी चुनाव बालेन-केन्द्रित बनेको छ । उनले काठमाडौं-केन्द्रित शासनलाई चुनौती दिएका छन्, संघीयताको असन्तुलनलाई उजागर गरेका छन् र क्षमता-पहिचानको बहसलाई अगाडि सारेका छन् । तर चुनावी वातावरण अझै विडम्बनाले भरिएको छ-आचारसंहिता कागज मात्र हो, जनताको सपना फेरि बेचिन्छ । पुराना दलहरूको संगठनात्मक बल अझै कायम छ, तर नयाँ दलहरूको उत्साह र युवामुखी अभियानले चुनावी प्रतिस्पर्धालाई चर्काएको छ ।

दर्ता प्रक्रियासँगै निर्वाचन आयोगले आचारसंहिता लागू गरेको घोषणा गरेको छ । आचारसंहिता भनेको केवल कानुनी दस्तावेज मात्र होइन, चुनावी संस्कारलाई मर्यादित बनाउने आधार हो । यसले मन्त्रीलाई सरकारी स्रोत प्रयोग गर्न रोक्छ, कर्मचारीलाई तटस्थ रहन बाध्य बनाउँछ, उम्मेदवारलाई खर्च सीमाभित्र प्रचार गर्न बाध्य बनाउँछ ।

चुनावी माहोल अहिले उत्साह र संशयको मिश्रणमा छ । पुराना दलहरू आफ्नो संगठनात्मक बलमा भरोसा गर्दैछन्, नयाँ दलहरू युवाको ऊर्जा र सामाजिक सञ्जालको प्रभावमा । उम्मेदवारी दर्ता भइसकेपछि अब चुनावी प्रतिस्पर्धा औपचारिक रूपमा सुरु भएको छ । सडकमा झण्डा फहरिन थालेका छन्, टोलमा नारा गुञ्जिन थालेका छन्, तर जनताको मनमा अझै प्रश्न छ-यो चुनावले के साँच्चै देश बदल्ला त ?

**निजी क्षेत्रको भूमिका**

नेपालको आर्थिक विकासमा निजी क्षेत्रको योगदान निर्विवाद छ । निजी क्षेत्रले रोजगार सिर्जना, उत्पादन वृद्धि र आयात-निर्यातमा महत्वपूर्ण भूमिका खेल्छ । तर हाल यो क्षेत्र विभिन्न समस्यामा फसेको छ ।

० आयातमुखी अर्थतन्त्रः निजी क्षेत्रले आयातमा बढी निर्भरता राखेको छ, जसले स्वदेशी उत्पादनलाई कमजोर बनाएको छ ।

० विश्वासको संकटः राजनीतिक अस्थिरता र नीतिगत अनिश्चितताले निजी क्षेत्रको लगानीमा हिच्किचाहट ल्याएको छ ।

० आन्तरिक कमजोरीः निजी क्षेत्र आफैंमा दीर्घकालीन दृष्टिकोणको अभाव छ, जसले अल्पकालीन लाभलाई प्राथमिकता दिएको छ ।

**आलोचनाभन्दा माथिको सहकार्य**

निजी क्षेत्र र अन्य सरोकारवालाहरूले सरकारको आलोचनामा मात्र केन्द्रित नभई स्वदेशी उत्पादनको प्रयोग र स्थानीय तहमा आन्तरिक रोजगारी प्रवर्द्धनमा लाग्नुपर्छ । विकास कुनै एक क्षेत्रको मात्र कार्य नभई सार्वजनिक र निजी दुवै क्षेत्रको क्षमताको उपयोगबाट मात्र सम्भव हुन्छ ।

० सरकारको भूमिकाः सरकारले नियामकभन्दा सहजकर्ताको भूमिकामा आफूलाई रूपान्तरण गर्नुपर्छ ।

० निजी क्षेत्रको आत्म-सुधारः निजी क्षेत्रले सरकारमाथि सबै दोष थोपर्ने प्रवृत्ति त्यागेर आत्म-सुधार गर्दै राष्ट्रिय उत्पादन र रोजगारी सिर्जनामा ध्यान दिनुपर्छ ।

० सहकार्यको आवश्यकताः निजी क्षेत्रको खस्किएको मनोबल उकास्नु र लगानीमैत्री वातावरण सिर्जना गर्नु तत्कालको आवश्यकता हो, जुन सरकार र निजी क्षेत्रबीचको सहकार्यबाट मात्र सम्भव छ ।

**निष्कर्ष**

नेपालको आर्थिक विकासको केन्द्रमा निजी क्षेत्र रहेको कुरा निर्विवाद छ । तर यो क्षेत्र हाल विश्वासको संकट, नीतिगत अड्चन र आन्तरिक कमजोरीहरूको जटिल चक्रमा फसेको छ । राजनीतिक अस्थिरता, कमजोर पूर्वाधार र बोझिलो कर्मचारीतन्त्रले यसको वृद्धिलाई बाधा पुऱ्याएको छ भने निजी क्षेत्र आफैंमा दिगो दृष्टिकोणको अभाव देखिन्छ ।

दिगो आर्थिक सफलताका लागि सरकारले नियामकभन्दा सहजकर्ताको भूमिकामा आफूलाई रूपान्तरण गर्न आवश्यक छ भने निजी क्षेत्रले पनि आत्म-सुधार गर्दै राष्ट्रिय उत्पादन र रोजगारी सिर्जनामा ध्यान दिनुपर्छ ।

## फेसबुक सामाजिक सञ्जाल फेसबुक सामाजिक सञ्जाल

### गगन थापा : महत्त्वाकांक्षा कि अपरिपक्वता ?




गगन थापाजी ठूलो पार्टीको महामन्त्री भएकाले आम जनताको आँखामा परेका हुन्। यिनको प्रस्तुति कला झण्डै महामन्त्री विश्वप्रकाश शर्माकै जस्तो राम्रो छ । काङ्ग्रेसको संस्कार र संस्कृतिभन्दा पृथक भएकै हुनाले गगनले आफूभन्दा धेरै सिनियर नेताहरूलाई उछिनेर उच्च पदिय जिम्मेवारी पनि पाएका हुन्। यिनको महत्वाकाङ्क्षाको बेग र हतारोलाई हेर्दा केटाकेटीमै प्रधानमन्त्री र पार्टी सभापति बन्ने सपना बुनेर अघि बढेजस्तो देखिन्छ ! तर नेपाली राजनीतिमा अति महत्वाकाङ्क्षी मानिसले सधैँ क्षति मात्र पुऱ्याएको दृष्टान्त छ ! (उदाहरणका लागि तुल्सी गिरी, बाबुराम, प्रचण्ड आदि)



शेरबहादुर देउवा अब पार्टी सभापति नबन्ने शतप्रतिशत निश्चित हुँदाहुँदै पनि गगनले नेतृत्व हात पार्न देखाएको हतारोले काङ्ग्रेसलाई धेरै ठूलो क्षति पुऱ्याएको छ ! तीन महिनापछि देउबालाई ससम्मान बिदाइ गर्न पाउने अवस्था हुँदाहुँदै पनि गगनले जे गरे, यसले गम्भीर आशङ्का पैदा गरेको छ । सिनियरलाई सताउने र विधान लत्याउने जुन मार्ग अवलम्बन गरिएको छ, यही परम्परा बस्यो भने भोलि आफूले भोग्ने परिणति पनि ठ्याक्कै यस्तै हुने हो भन्ने हेक्का राख्ने हो कि !

*-देवप्रकाश त्रिपाठी*

### विश्वासको नामः सुशीला कार्की




महिलालाई नेतृत्व दिनुहोस्। फेरि मलाई दिनुहोस् भनेको होइन है ! जेनजी विद्रोहपछिको कठिन घडी, चुनावजस्तो पेचिलो म्यान्डेट बोकेको सरकारमा निर्भीकताका साथ महिलाले देशको प्रधानमन्त्रीको कमान सम्हालिरहनुभएको छ । यो कठिन घडीलाई सत्ता हत्याउने हतियार बनाएर आजको दिनमा चुनाव लड्ने हो भने, यो क्याबिनेटमा सबैभन्दा बढी मानिसले विश्वास गरेको नाम हो-सुशीला कार्की ।

तर, उहाँ अरूजस्तो मौकामा चौका हान्न होइन, देशलाई पार लगाउने दृढताका साथ अघि बढिरहनुभएको छ । यति थोरै मन्त्री भएको क्याबिनेट रित्ताएर चुनावमा हामफाल्नु नागरिक सरकारका मन्त्रीहरूको नैतिक विचलन त हो नै, मानवीय रूपमा पनि त्यो गलत कृत्य हो । हामी सबै मिलेर कार्की सरकारलाई चुनाव सफल रूपमा सम्पन्न गर्न सहयोग गरौं र अब महिलालाई नेतृत्व दिन नहिचकिचाऔं ।


*-सम थापा*

### युद्धभूमिमा धोका दिनेको नाक-कान काटिन्थ्यो



१) नेपाली इतिहासका पुराना युद्ध सन्धिहरू हेर्दा “धर्म सन्धि” अर्थात् देवी-देउता भाकेर, किरिया खाएर, देवी-देउता छोएर गरिने मौखिक सन्धिहरू हुन्थे । अलि पछि आएर लिखित सन्धि हुन थाले । यस्ता धर्मका सन्धि-सम्झौता तोड्ने, धोका दिनेहरूलाई, अनि लडाइँबाट भागेर राष्ट्रलाई धोका दिनेहरूलाई समेत समाजलाई देखाउन र चिनाउनका लागि नाक-कान काट्ने, गालामा डाम्ने, चार पाटा मुड्ने जस्ता सजाय सरकारले दिने गर्दथ्यो ।

२) नेपाली सेनामा पनि यो प्रचलन थियो। नेपाल-अंग्रेज युद्धमा भएको मलाउको लडाइँमा पनि बडाकाजी अमर सिंह थापाले नाक-कान काट्ने सजाय दिएका थिए (योगी नरहरिनाथको सन्धिपत्र सङ्ग्रह हेर्नुस्) । त्यसैगरी वि.सं. १९११-१२ मा भएको अन्तिम नेपाल-भोट युद्धमा लडाइँका सर-सामान बोक्न गएका श्री श्रीनाथ पल्टनका जंगी पिपाहरू केरुङ मोहोरोको लडाइँबाट केरुङ गेबू गाउँको बाटो हुँदै भागी प्याङ गाउँबाट पनासे खोलाको थुमन गाउँ पुगेका थिए । तीमध्ये १ जना पिपा कमाण्डर र अन्य ५ जना गरी ६ जना पिपालाई स्थानीय गाउँलेहरूले पक्राउ गरी रसुवा गढीमा कमाण्डर भई बसेका कमाण्डर कर्नेल सनक सिंह खत्री क्षेत्रीलाई बुझाइदिएका थिए ।



३) युद्धभूमिबाट भागेका ती ६ जना पिपाहरूलाई के-के सजाय दिने भनी प्रधानमन्त्रीलाई लेखी पठाइएकोमा “भाग्न उक्साउने कमाण्डरलाई झुन्ड्याई मृत्युदण्ड दिने र बाँकी ५ जनाको दाहिने कान काटी फेरि युद्धभूमिमै फर्काई काम लगाउने” भन्ने सजाय भएको थियो ।

४) यो पत्र हाल रसुवाको टिमुरे ब्यारेकबाट कमाण्डर कर्नेल सनक सिंह खत्री क्षेत्रीले वि.सं. १९१२ जेठ सुदी ४ रोज १ मा लेखेका थिए ।

५) स्रोत : जैसी कोठामा रहेको प्रमाणको प्रतिलिपि, वि.सं. २०५९ साल ।

*-प्रेम सिंह बस्न्यात*

### २०८२ भदौ २३/२४ बिर्सिंदै गएको राजनीति !

मुलुकमा देखा परेको जटिल अर्थतन्त्र र गन्जागोल राजनीतिलाई ठीक पार्ने रामबाण २०८२ फागुन २१ गतेको निर्वाचन मात्र हो भनेर ढुक्क भएर बस्नु कदापि उचित हुँदैन । हरेक पार्टी र हरेक उम्मेदवारले अहिलेदेखि सोचेर योजना बनाउनु पर्छ-आफू जितेको खण्डमा गत ३५ वर्ष जसरी मुलुक अघि बढेको थियो, त्योभन्दा अलग धारमा अति उन्नत ढङ्गले राज्यसत्ता सञ्चालन गर्न के-के पाइला चाल्ने र कसरी गर्ने भनेर ।

किनभने निर्वाचनको नतिजा आएपछि चुनेर आएका सांसदहरू, प्रधानमन्त्री र मन्त्रीहरू बाहेक राज्यसत्ता सञ्चालनमा संलग्न सम्पूर्ण निकायहरू अहिले जे छन्, त्यही रहने हुन् । विद्यमान ऐन-कानूनहरू ज्यूँका त्यूँ रहन्छन् ।

नयाँ नियुक्त भएका प्रधानमन्त्री र मन्त्रीहरूले गर्न सक्ने भनेको विभिन्न आयोगका प्रमुख आयुक्त र आयुक्तहरू तथा संस्थाहरूका अध्यक्ष, सञ्चालक र कार्यकारी प्रमुखहरू परिवर्तन गरेर नयाँ अनुहारहरू ल्याउने मात्र हो । त्यो पनि न्यायपालिकाले ‘अन्तरिम आदेश’ ले नरोकेको खण्डमा मात्र सम्भव हुन्छ । त्यस बाहेक मन्त्रालय, विभाग, आयोग र संस्थानहरूमा कार्यरत कर्मचारीहरूलाई सरुवा गर्ने बाहेक अरू केही गर्न सक्दैनन् ।



निर्वाचनपछि तामझामका साथ आउने नयाँ सरकारले जति नै फुर्तीफार्ती देखाए पनि विद्यमान ऐनहरू हुबहु अनुकरण नगरी अलग उन्नत धारमा एक पाइला पनि अघि बढ्न नसकिने एक धरातलीय यथार्थ हो। त्यसमाथि कहावतका रूपमा प्रयोग हुने The Sword of Damocles सँग मिल्दोजुल्दो सम्भावित अख्तियारको तरबारलाई दृष्टिगत गरी कुनै ठूला, आँटिला निर्णय नगरी बस्ने सरकारी पदाधिकारीहरूको हकमा के गर्ने भन्ने प्रश्नचिह्न पनि छँदैछ ।


राजनीतिमा अलिकति मात्र चासो राख्ने व्यक्तिले पनि थाहा पाइसकेको छ कि भदौ २३/२४ को घटना ‘जेनजीको माग’ बाट सुरु भएकै हो। उक्त घटनाको पछाडि अन्य भित्री रहस्य भए पनि नभए पनि जेनजीका मागहरूलाई सम्बोधन नगरेसम्म देशको राजनीति न ठीक ठाउँमा आउँछ, न समृद्धिको रफ्तार बढ्छ । तर, राजनीतिक पार्टीहरू र चुनावमा होमिन तरखरमा रहेका व्यक्तिहरू उक्त २०८२ भदौ २३/२४ को घटना ‘बिर्सेको मोड’ मा गइसकेको प्रस्ट देखिन्छ ।

*-सुगत कंसाकार*

## रंग विरंग

### सुपरमूनको चमक, नयाँ वर्षको उपहार

*सन् २०२६ को जनवरी दोस्रो हप्तामा विश्वभरका आकाश प्रेमीहरूले दुर्लभ खगोलीय दृश्य अवलोकन गरेका छन् । जनवरी ३ मा देखिएको सुपरमून र त्यसपछि सन् २०२६ जनवरी १० मा गुरू ग्रह पृथ्वीको सबैभन्दा नजिक पुगेपछि रातको आकाश असाधारण रूपमा उज्यालो बनेको हो ।*



*खगोलविद्हरूका अनुसार चन्द्रमा पृथ्वीको कक्षामा सबैभन्दा नजिक आउँदा देखिने सुपरमून सामान्य पूर्णिमाभन्दा ठूलो र चम्किलो देखिन्छ। यही अवधिमा गुरू ग्रह सूर्य-पृथ्वी अक्षमा प्रतियुत्ति (ओपोसीसन) अवस्थामा पुगेपछि नाङ्गो आँखाले पनि स्पष्ट देखिएको थियो। यसले खगोल विज्ञानमा रुचि राख्ने मात्र होइन, सामान्य नागरिकलाई समेत आकाशतर्फ आकर्षित गऱ्यो ।*

*युरोप, अमेरिका र एसियाका विभिन्न देशमा खगोल क्लब तथा विज्ञान सङ्गठनहरूले सार्वजनिक अवलोकन कार्यक्रम आयोजना गरेका थिए । नेपालमा पनि विभिन्न शहरबाट सुपरमूनका तस्बिर सामाजिक सञ्जालमा व्यापक रूपमा साझा गरिए ।*

*विशेषज्ञहरूका अनुसार, यस्ता खगोलीय घटनाले विज्ञानप्रति जनचासो बढाउनुका साथै प्रकृति र ब्रम्हाण्डबारे जिज्ञासा जगाउने गर्छ । मौसम अनुकूल भएका स्थानमा आकाश अवलोकन गर्नेहरूको संख्या यसपटक उल्लेख्य रूपमा बढेको बताइएको छ । जनवरी महिनाको यो दृश्यलाई धेरैले “नयाँ वर्षको आकाशीय उपहार”का रूपमा लिएका छन् ।*

### खेल रोक्ने पिपीलिका र रमाइलो क्षण !



*लण्डन । बेलायतमा जारी प्रतिष्ठित ‘मास्टर्स स्नूकर’ प्रतियोगिताका क्रममा एक अनौठो घटनाले खेलाडीर र दर्शकहरूलाई हँसाएको छ । खेल भइरहेकै बेला एउटा पिपीलिका स्नूकर तालिकामा देखिएपछि केही समय खेल रोकिएको थियो ।*

*प्रत्यक्षदर्शीका अनुसार, वास्प (पिपीलिका)का बल राखिने क्षेत्र नजिकै उड्न थालेपछि खेलाडीहरू समेत अचम्मित भएका थिए । रेफरीले स्थिति नियन्त्रणमा लिँदै सावधानीपूर्वक गिलासको प्रयोग गरेर पिपीलिकालाई समाते र बाहिर सुरक्षित रूपमा छाडे । त्यसपछि खेल पुनः सुरु गरिएको थियो ।*

*घटनाको भिडियो सामाजिक सञ्जालमा छिट्टै भाइरल बनेको छ । धेरै दर्शकहरूले यसलाई प्रतियोगिताको सबैभन्दा रमाइलो क्षणका रूपमा टिप्पणी गरेका छन् । आयोजकहरूले यो आकस्मिक घटना भए पनि खेलाडीहरूको सुरक्षामा कुनै असर नपरेको स्पष्ट पारेका छन् ।*

*खेल विश्लेषकहरूका अनुसार यस्ता अप्रत्याशित घटनाले खेललाई अझ मानवीय र स्मरणीय बनाइदिन्छ । दर्शकहरूका लागि यो खेलभन्दा बाहिरको मनोरञ्जनको क्षण बनेको छ । पिपीलिकाको छोटो उपस्थितिले अन्तर्राष्ट्रिय प्रतियोगितामा पनि हाँस्य र सहजताको स्थान रहने सन्देश दिएको आयोजकको भनाइ छ ।*

*(चित्रका लागि विवरण : हरियो स्नूकर टेबल, बीचमा सानो पिपीलिका, वरिपरि स्नूकर बलहरू, दर्शकको धुँधलो पृष्ठभूमि, यथार्थपरक खेल दृश्य ।)*

### महिलाको अनौठो खाने शैलीले सामाजिक सञ्जालमा हलचल



*भर्जिनिया, अमेरिका । अमेरिकाको भर्जिनिया राज्यमा एक महिलाले अपनाएको अनौठो खाने तरिकाले जनवरी दोस्रो हप्तामा सामाजिक सञ्जाल तातेको छ । ती महिलाले खाना ब्लेन्ड गरेर नाकमार्फत चुस्ने भिडियो सार्वजनिक गरेपछि विश्वभर चर्चा भएको हो ।*

*सार्वजनिक भएको भिडियोमा उनले आफूले यो तरिका अपनाउनुको कारण “नयाँ अनुभव” भएको बताएकी छन्। केही प्रयोगकर्ताले यसलाई रमाइलो र अनौठो ट्रेन्डका रूपमा लिए पनि स्वास्थ्य विज्ञहरूले गम्भीर चिन्ता व्यक्त गरेका छन् ।*

*चिकित्सकहरूका अनुसार नाकमार्फत खाना सेवन गर्दा स्वासप्रश्वास नलीमा संक्रमण, एलर्जी र अन्य जटिल समस्या उत्पन्न हुन सक्छ । स्वास्थ्य संस्थाहरूले यस्ता गतिविधि नदोहोऱ्याउन चेतावनी दिएका छन् । यद्यपि सामाजिक सञ्जालमा यो विषय मीम, व्यङ्ग्य र बहसको केन्द्र बनेको छ । कतिपयले यसलाई सामाजिक सञ्जालमा चर्चामा आउन गरिने अतिरञ्जित व्यवहारको उदाहरण मानेका छन् ।*

*विश्लेषकहरूका अनुसार यो घटना डिजिटल युगमा सामान्य गतिविधि कसरी अन्तर्राष्ट्रिय समाचार बन्न सक्छ भन्ने स्पष्ट उदाहरण हो । चर्चा भए पनि स्वास्थ्य जोखिमप्रति सचेत रहनुपर्ने सन्देश यस घटनाले दिएको छ ।*

## सर्वोच्चको अन्तिम फैसला, तर अन्त्य नभएको षड्यन्त्र

# सरकारी जग्गा निजीकरणमा भ्रष्ट कर्मचारीको मिलेमतो

● साँघु संवाददाता

**काठमाडौं । सर्वोच्च अदालतबाट अन्तिम फैसला भई नेपाल सरकारको नाममा स्वतः कायम हुनुपर्ने सरकारी जग्गा योजनाबद्ध रूपमा निजी व्यक्तिको नाममा दर्ता गराई राज्यलाई लाखौं होइन, करोडौंको सम्भावित हानिनोक्सानी पुऱ्याइएको प्रकरणले नेपालको भूमि प्रशासन, न्यायिक आदेशको कार्यान्वयन र भ्रष्टाचार नियन्त्रण प्रणालीको नांगो वास्तविकता उजागर गरेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बाँके मालपोत कार्यालयका तत्कालीन कर्मचारी, साविक गाउँ विकास समितिका पदाधिकारी तथा निजी व्यक्तिहरूसहित सात जनाविरुद्ध विशेष अदालत, काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेसँगै यो बहुस्तरीय खेल सतहमा आएको हो ।**

२०८२ माघ ८ गते दायर गरिएको आरोपपत्रले एउटा गम्भीर प्रश्न खडा गरेको छ-यदि सर्वोच्च अदालतको अन्तिम फैसलासमेत कार्यान्वयन हुँदैन भने न्यायिक सर्वोच्चताको अर्थ के रहन्छ ?

**अन्तिम फैसला,**
**तर अन्त्य नभएको षड्यन्त्र**

यो प्रकरणको केन्द्रमा जिल्ला बाँके, साविक बेतहनी गाउँ विकास समिति वडा नं. ४क अन्तर्गतका कित्ता नं. २, ११ लगायतका जग्गा छन् । ती जग्गा स्व. सुरता कुर्मीको नाममा दर्ता थिए । उनको निधनपछि अपुताली हकको विषयमा विवाद उत्पन्न भई मुद्दा बाँके जिल्ला अदालत, पुनरावेदन अदालत नेपालगञ्ज हुँदै सर्वोच्च अदालतसम्म पुगेको थियो ।

सर्वोच्च अदालतले स्पष्ट रूपमा लिलावती कैराती तथा रामजस कुर्मीको परिवारलाई अपुताली हक नपुग्ने ठहर गर्दै मुद्दा अन्तिम रूपमा टुंग्याएको थियो । कानून अझ प्रष्ट छ-प्रचलित मुलुकी ऐन, अपुतालीको महलको १७ नं. अनुसार यस्ता अवस्थामा उक्त सम्पत्ति स्वतः नेपाल सरकारको नाममा कायम हुनुपर्छ । तर, यही बिन्दुबाट कानूनको हत्या सुरु हुन्छ ।

**कानून थाहा हुँदाहुँदै**
**सरकारी सम्पत्तिमा आँखा**

अख्तियारको अनुसन्धानले देखाउँछ-प्रतिवादीहरूलाई सर्वोच्च अदालतको अन्तिम फैसला र कानूनी व्यवस्था दुवैको पूर्ण जानकारी थियो । तर, पनि बदनियतपूर्वक प्रक्रिया अघि बढाइयो । लिलावती कैरातीले स्व. सुरता कुर्मीको नाममा रहेको आधा जग्गा आफ्नो नाममा कायम गरिपाउँ भनी मालपोत कार्यालय, बाँकेमा निवेदन दिइन् ।

सो निवेदनमा रामजस कुर्मीले "सर्वोच्च अदालतबाट अन्तिम फैसला भईसकेको र अपुताली हक नपुग्ने" भनी स्पष्ट आपत्ति जनाए । तर उक्त आपत्ति कुनै अर्थ राखेन । किनभने निर्णय कानूनले होइन, मिलेमतोले गर्ने तय भइसकेको थियो ।




**झुट्टा सर्जमिन :**
**कागजमा सिर्जिएको सत्य**

अनुसन्धान अनुसार प्रतिवादीहरूले वास्तविक तथ्य लुकाई झुट्टा विवरणसहित फिल्ड सर्जमिन मुचुल्का तयार गराएको अख्तियारको अनुसन्धानबाट पुष्टि भएको थियो । साविक गा.वि.स. सचिवबाट गैरकानूनी सिफारिस तयार गराइयो । ती कागजातलाई नै "आधार" बनाएर मालपोत कार्यालयले आधा जग्गा लिलावती कैरातीको नाममा दर्ता गरिदियो ।

यस प्रक्रियामा न त सर्वोच्च अदालतको फैसला हेरियो, न त मुलुकी ऐनको अपुतालीसम्बन्धी प्रावधान । नतिजा-नेपाल सरकारलाई रु. २२ लाख ४२ हजार ७२० बराबरको प्रत्यक्ष सम्पत्ति हानिनोक्सानी । यो घटनाले एउटा गम्भीर प्रश्न उठाउँछ-यदि झुट्टा सर्जमिन र सिफारिसकै आधारमा सरकारी जग्गा निजी बन्न सक्छ भने मालपोत प्रणाली कसको नियन्त्रणमा छ ?

**मिलापत्र : न्यायिक प्रक्रियाको**
**अर्को दुरुपयोग**

पहिलो चरण सफल भएपछि गिरोह दोस्रो चरणमा प्रवेश गर्छ । बाँकी आधा जग्गा हडप्न पुनः योजनाबद्ध ढंगले बाँके जिल्ला अदालतमा जालसाजी मुद्दा दर्ता गराइयो । विरेन्द्र कुमार कुर्मी र लिलावती कैरातीबीच मिलापत्र गराइयो ।

तर, विडम्बना के भने-उक्त जग्गामा दुवै पक्षलाई अपुताली हक नपुग्ने विषयमा पुनरावेदन अदालत र सर्वोच्च अदालतबाट अन्तिम फैसला भइसकेको थियो । कानुनतः यस्तो मुद्दामा मिलापत्र नै हुन सक्दैन ।

मालपोत ऐन, २०३४ को दफा ८(३) ले मिलापत्रका आधारमा दाखिल खारेज गर्दा सम्बन्धित पक्षको जग्गामा हक पुग्ने-नपुग्ने विषय एकिन गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ । तर, सो प्रावधानलाई कुल्चँदै २०७४ माघ २६ गते वीरेन्द्र कुमार कुर्मी र लिलावती कैरातीको नाममा दाखिल खारेज गरियो । यसबाट थप रु. २० लाख ८७ हजार २५९ बराबरको सरकारी सम्पत्ति निजीकरण गरिएको अख्तियारको निष्कर्ष छ ।

गिरोह को-को संलग्न थिए ?

अख्तियारले बाँके मालपोत कार्यालयका तत्कालीन प्रमुख मालपोत अधिकृत ऋषिराम के.सी., मालपोत अधिकृत अशोक कुमार भट्टराई, नायव सुब्बा तारा प्रसाद खनाल, नायव सुब्बा कर्ण बहादुर पुन र साविक बेतहनी गा.वि.स. सचिव मान बहादुर बोगटीविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र दफा ९ अन्तर्गत अभियोग लगाएको छ ।

त्यसैगरी लिलावती कैराती र वीरेन्द्र कुमार कुर्मीलाई मुख्य कसुरदारका मतियारका रूपमा दफा २२ बमोजिम मुख्य कसूरदार सरह सजाय माग गरिएको छ । लिलावतीमाथि रु. २४ लाख ६७ हजार ७२० र वीरेन्द्रमाथि रु. १८ लाख ६२ हजार २५९ बराबरको बिगो कायम गरिएको छ ।

**जग्गा जफत कि व्यवस्थामाथि फैसला ?**

वीरेन्द्र कुमार कुर्मी, सावित्री देवी कुर्मी र राजिया बेगम नाउको नाममा कायम विवादित जग्गा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार ऐनको दफा २९ख. बमोजिम जफत गरी सरकारी सार्वजनिक कायम गर्न माग गरिएको छ । सावित्री देवी कुर्मी र राजिया बेगम नाउलाई जफत प्रयोजनका लागि मात्र प्रतिवादी बनाइएको छ । यो मुद्दा केही कित्ता जग्गाको मात्र प्रश्न होइन । यो प्रश्न हो-के नेपालमा सर्वोच्च अदालतको फैसला साँच्चै "अन्तिम" हुन्छ ?

**निष्कर्ष : कानून शक्तिशाली कि**
**शक्तिशालीका लागि कानून ?**

यो प्रकरणले एउटा असहज सत्य उजागर गरेको छ-यदि मालपोत कार्यालय, स्थानीय निकाय र न्यायिक प्रक्रियामा पहुँच राख्ने गिरोह सक्रिय भयो भने सर्वोच्च अदालतको अन्तिम फैसलासमेत कागजमा मात्रै सीमित हुन सक्छ ।

अब सबैको नजर विशेष अदालतको फैसलातर्फ छ । यो फैसला केवल सात जनाको भविष्य होइन, सर्वोच्च अदालतको न्यायिक आदेशको मूल्य र राज्यको सम्पत्तिमाथिको सुरक्षासँग जोडिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता सुरेश न्यौपानेको भनाइ स्मरणीय छ-"कानूनभन्दा माथि कोही छैन ।" अब प्रश्न छ-यो वाक्य फैसला बनेर देखिन्छ कि फेरि कागजमै सीमित रहन्छ ?

## जाँचबुझ आयोगको ढिलासुस्तीप्रति आलोचना

साँघु संवाददाता

*काठमाडौं । अन्तरिम सरकारले भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलन तथा त्यस क्रममा भएको विध्वंस र जनधनको क्षतिको न्यायिक छानबिन गर्न गठन गरेको जाँचबुझ आयोगको कामकारबाहीप्रति आलोचना सुरु भएको छ । पूर्व न्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा गठित तीन सदस्यीय आयोगको म्याद पुनः २० दिन थप गरिएको छ ।*

*प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले आयोग गठन गर्दा तीन महिनाको समयसीमा तोकेको थियो । उक्त म्याद समाप्त भएपछि पहिलो पटक एक महिना थप गरिएको थियो । चार महिनाको अवधिमा पनि आयोगले प्रतिवेदन बुझाउन नसकेपछि सरकारले फेरि २० दिनको म्याद थप गरेको हो । चार महिनासम्म पनि काम पूरा नगरी ढिलासुस्ती गरेको भन्दै आयोगको आलोचना हुन थालेको छ । सरकारले आवश्यक सबै स्रोत-साधन र जनशक्ति उपलब्ध गराउँदासमेत आयोगले समयमै प्रतिवेदन बुझाउन नसकेको भन्दै प्रश्न उठाइएको हो । आयोगले काठमाडौं जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविलाल रिजाल, जिल्ला प्रहरी प्रमुख, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका प्रमुखहरूसँग बयान लिएको छ । त्यसैगरी राष्ट्रिय अनुसन्धान विभागसहित चारवटै सुरक्षा निकायका प्रमुखहरूसँग पनि बयान लिइसकेको बताइन्छ ।*

*यस्तै, तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, मुख्य सचिव एकनारायण अर्याल र गृहमन्त्री रमेश लेखकसँग समेत बयान लिइएको छ । निर्वतमान प्रधानमन्त्री केपी शर्मा ओलीसँग पनि आयोगले लिखित बयान लिइसकेको छ ।*

*आन्दोलनका क्रममा फिल्डमा खटिएका प्रहरी, घाइते व्यक्ति, मृतकका परिवार तथा जेन-जी आन्दोलनमा सहभागी सुधन गुरुङलगायतसँग पनि बयान लिइसकेको आयोगले जनाएको छ । आयोगले घटनाको विवरण, दोषी पहिचान तथा आन्दोलनबाट भएको क्षतिको विस्तृत विवरण प्रतिवेदनमा समावेश गर्ने बताइएको छ ।*

*निर्वाचनको मुखमा आयोगले सरकारलाई प्रतिवेदन बुझाउने भएकाले घटनाका दोषीमाथि तत्काल कारबाही नहुने सम्भावना बढेको बताइन्छ । निर्वाचन सुरक्षामा चुनौती पर्न सक्ने भन्दै अन्तरिम सरकारले प्रतिवेदन कार्यान्वयन नयाँ सरकारलाई जिम्मा दिन सक्ने अनुमान राजनीतिक वृत्तमा गरिएको छ ।*

## वाणिज्य विभागको खबरदारी निरन्तर

*काठमाडौं । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बजार अनुगमन तथा निरीक्षणलाई निरन्तरता दिँदै व्यवसायीहरूमाथि कडा खबरदारी गर्दै आएको छ । विभागले काठमाडौं, भक्तपुर र ललितपुरका १८ वटा फर्ममा एकै दिन निरीक्षण गरेको थियो । अनुगमनका क्रममा विभागबाट खटिएको टोलीले विभिन्न कैफियत फेला पारेको जनाइएको छ ।*

*कैफियत फेला परेपछि काठमाडौं-२९ नयाँ बसपार्कस्थित न्यू शिव स्टोरलाई रु २ लाख १ हजार बराबरको जरिवाना गरिएको छ । उपभोक्ता संरक्षण ऐन, २०७५ र उपभोक्ता संरक्षण नियमावली, २०७६ बमोजिम उक्त फर्मलाई कारबाही गरिएको विभागले जनाएको छ । त्यसैगरी विभागको टोलीले हिमालयन ब्रुअरी प्रालिलाई व्यवसायसँग सम्बन्धित कागजातसहित तीन दिनभित्र विभागमा उपस्थित हुन निर्देशन दिएको छ । अन्य १६ वटा फर्मलाई सुधारात्मक निर्देशन दिइएको विभागले जानकारी दिएको छ । स्थानीय प्रशासन, उपभोक्ता अधिकारकर्मी तथा स्थानीय सरोकारवालाको उपस्थितिमा विभागले नियमित रूपमा बजार अनुगमन गर्दै आएको छ ।*

## भण्डारी, बस्नेत, जोशी र ढकाल उपसचिवमा बढुवा

*काठमाडौं । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०८२ माघ ८ गते प्राविधिक समूह अन्तर्गतका चार जना शाखा अधिकृतलाई उपसचिवमा बढुवाका लागि सिफारिस गरेको छ । मन्त्रालयले २०८२ माघ ९ गते शुक्रबार सूचना जारी गर्दै रिक्त रहेका उपसचिव पदमा कार्यसम्पादनका आधारमा बढुवा सिफारिस गरिएको जानकारी दिएको हो । मन्त्रालयमा रहेको बढुवा समितिको माघ ८ गते बसेको बैठकले उक्त निर्णय गरेको हो । बढुवा सिफारिस हुनेमा नेपाल इन्जिनियरिङ सेवा, जियोलोजी समूह, जनरल जियोलोजी उपसमूहका सौनक भण्डारी, नेपाल इन्जिनियरिङ सेवा, सर्भे समूहका रामकुमार बस्नेत र शिवप्रसाद जोशी, तथा नेपाल कृषि सेवा, कृषि प्रसार समूहकी शोभा ढकाल रहेका छन् ।*

*भण्डारीले ९७.३१४ अंक प्राप्त गरेका छन् भने बस्नेत, जोशी र ढकालले १०० अंक प्राप्त गरेका छन् । उनीहरूलाई निजामती सेवा ऐन, २०४९ को दफा २० (४) बमोजिम उपसचिवमा बढुवा गरिएको मन्त्रालय स्रोतले जनाएको छ ।*

## विशेष अदालतमा जीवराज पोखरेलविरुद्ध भ्रष्टाचार मुद्दा

# सत्य लुकाउँदा सजायको घेरामा सरकारी साक्षी

● साँघु संवाददाता

काठमाडौं । भ्रष्टाचारविरुद्धको कानुनी लडाइँमा "सरकारी साक्षी" लाई संरक्षण दिने व्यवस्था आफैंमा राज्यका लागि एउटा रणनीतिक औजार मानिन्छ । तर जब यही साक्षीले अदालतमा उपस्थित भई आफ्नो पूर्ववक्तव्यसँग ठाडो रूपमा फरक बयान दिन्छ, तब उक्त व्यक्ति स्वयं नै अनुसन्धान र अभियोजनको घेरामा पर्न सक्ने कानूनी जोखिम उत्पन्न हुन्छ । यस्तै एक गम्भीर घटनाक्रममा विशेष अदालत, काठमाडौंमा सरकारी साक्षीका रूपमा पेश गरिएका जीवराज पोखरेलविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत आरोपपत्र दायर भएको छ ।

यो मुद्दाको मूल केन्द्रमा विशेष अदालतमा दर्ता भएको गैरकानूनी सम्पत्ति आर्जनसम्बन्धी मुद्दा नं. ०८१-ऋच-०११६ रहेको छ, जसमा नेपाल सरकार वादी र राम बाबु महतो भन्ने राम बाबु महतो कोइरी प्रतिवादी रहेका छन् । उक्त मुद्दामा सरकारी साक्षीका रूपमा प्रस्तुत गरिएका महोत्तरी जिल्लाको बर्दिवास नगरपालिका-६ निवासी जीवराज पोखरेलले अदालतमा दिएको बकपत्र आयोगमा गरेको बयानसँग मेल नखाने, तथ्य फरक पर्ने र मूल अभियोजनलाई कमजोर पार्ने प्रकृतिको भएको ठहर भएपछि उनी स्वयं प्रतिवादी बन्न पुगेका हुन् ।

**जग्गा कारोबार र शंकास्पद रकमको अन्तर**

मुद्दाको जड २०७२ सालमा सम्पन्न एउटा जग्गा कारोबारसँग गाँसिएको छ । धनुषा जिल्ला, हरिहरपुर वडा नं. १ स्थित कि.नं. २६१५ र १६०१ को जग्गा जीवराज पोखरेलकी श्रीमती सावित्री पोखरेलको नाममा थियो । उक्त जग्गा प्रतिवादी राम बाबु महतो कोइरीकी श्रीमती माला कुमारी महतोको नाममा मालपोत कार्यालय, धनुषाबाट मिति २०७२/१०/११ मा रजिष्ट्रेशन पास गरिएको देखिन्छ ।

रजिष्ट्रेशन लिखतमा थैली अंक रु.२५,००,००० मात्र उल्लेख गरिएको भए पनि अनुसन्धानका क्रममा प्राप्त बैंक स्टेटमेन्ट र अन्य सबूद प्रमाणबाट वास्तविक कारोबार रकम रु.५२,२३,००० रहेको पुष्टि भएको छ । यो रकम जीवराज पोखरेलले आफ्नै नामको बैंक खातामा प्राप्त गरेको तथ्य आयोगको अनुसन्धानबाट खुल्न आएको छ ।

यही बिन्दुमा राज्यले जीवराज पोखरेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम "पूर्ण छुट" दिई तत्कालीन अवस्थामा प्रतिवादी नबनाई सरकारी साक्षीको रूपमा प्रयोग गरेको थियो । यसको अर्थ, उनले सत्य तथ्य खुलाइ सहयोग गरेको आधारमा अभियोजनबाट उन्मुक्ति पाएका थिए ।

**आयोगको बयान र अदालतको**
**बकपत्रबीचको अन्तर**

तर परिस्थितिले नाटकीय मोड तब लियो, जब जीवराज पोखरेल विशेष अदालतमा उपस्थित भई मिति २०८२/०८/१५ मा बकपत्र गर्दा आयोगमा दिएको बयानभन्दा फरक व्यहोरा लेखाए । आयोगका अनुसार उनले अदालतमा गरेको बकपत्रले वास्तविक कारोबार मूल्य, रकमको स्रोत तथा प्रतिवादी राम बाबु महतो कोइरीलाई गैरकानूनी सम्पत्ति आर्जन गर्न आफूले पुऱ्याएको सहयोगलाई ओझेलमा पार्ने प्रयास गरेको देखियो ।

कानुनी भाषामा भन्नुपर्दा, उनले सत्य लुकाउने, छिपाउने र आपसी मिलेमतोमा मूल मुद्दाका प्रतिवादीलाई लाभ पुग्ने गरी बयान दिएको पुष्टि हुन आयो । यही कार्यलाई अभियोजन पक्षले ब्भ्रृत्क च्भ्क अर्थात् कसुरजन्य क्रियाकलापको रूपमा व्याख्या गरेको छ ।

**मतियारको रूपमा अभियोजन**

अनुसन्धानबाट देखिएको रु.५२,२३,०००। मध्ये रजिष्ट्रेशन लिखतमा देखाइएको रु.२५,००,०००। घटाउँदा बाँकी रु.२७,२३,०००। रकम लुकाई छिपाई कारोबार गरिएको निष्कर्ष निकालिएको छ । अभियोजन पक्षका अनुसार यो रकम नै गैरकानूनी सम्पत्ति आर्जनमा प्रतिवादी राम बाबु महतो कोइरीलाई सहयोग पुऱ्याउन प्रयोग भएको हो ।

यस आधारमा जीवराज पोखरेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम मुख्य कसुरदारले गरेको कसुरको मतियार भई दफा २२ अन्तर्गत कसुर गरेको ठहर गरिएको छ । सोही ऐन बमोजिम बिगो रु.२७,२३,००० कायम गरी जरिवाना र कैद सजाय मागदाबी लिई विशेष अदालत, काठमाडौंमा २०८२ माघ ७ गते आरोपपत्र दायर गरिएको छ ।

**सरकारी साक्षी प्रणालीमाथि उठेका प्रश्न**

यो घटनाले नेपालमा लागू सरकारी साक्षी (Approver/Witness Protection) प्रणालीमाथि गम्भीर प्रश्न उठाएको छ । भ्रष्टाचारजस्ता




जटिल अपराधमा भित्री सूचनादाता र साक्षीबिनाको अभियोजन कठिन हुने भएकाले कानुनले केही सर्तमा सजायमा छुट दिने व्यवस्था गरेको हो । तर जब त्यही साक्षीले अदालतमा पुगेर बयान फेर्छ, तब उक्त व्यवस्था दुरुपयोगको जोखिममा पर्छ ।

कानुनका जानकारहरूका अनुसार आयोगमा दिएको बयान र अदालतको बकपत्रबीच ठूलो अन्तर हुनु केवल व्यक्तिगत असफलता मात्र होइन, समग्र अभियोजन प्रणालीकै विश्वसनीयतासँग जोडिएको विषय हो । यसले अन्य साक्षीहरूलाई पनि "बयान फेरिहाल्दा पनि खासै असर नपर्ला" भन्ने गलत सन्देश दिन सक्ने खतरा औंल्याइन्छ ।

**विशेष अदालतको सम्भावित भूमिका**

अब यो मुद्दामा विशेष अदालतले दुई तहमा निर्णय गर्नुपर्ने देखिन्छ । पहिलो, जीवराज पोखरेलले सरकारी साक्षीको हैसियतमा पाएको छुट आफैंको आचरणले गुमाइसकेका छन् कि छैनन् । दोस्रो, उनले मतियारको रूपमा कति गम्भीर भूमिका खेलेका थिए भन्ने विषयमा प्रमाणको मूल्याङ्कन ।

यदि अदालतले अभियोजनको दाबीलाई ठोस ठहर गऱ्यो भने, यो फैसला भविष्यमा सरकारी साक्षीहरूका लागि चेतावनीपूर्ण नजीर बन्न सक्नेछ । अर्कोतर्फ, यसले भ्रष्टाचारका मुद्दामा "सत्य लुकाउने साक्षी" लाई पनि कानुनी दायरामा ल्याउन सकिने सन्देश दिनेछ ।

**निष्कर्ष**

जीवराज पोखरेलविरुद्ध दायर भएको यो आरोपपत्र सामान्य व्यक्ति प्रतिवादी बन्नुको कथा मात्र होइन । यो राज्य, अनुसन्धान निकाय र न्यायालयबीचको विश्वास प्रणालीसँग गाँसिएको गम्भीर कानूनी प्रश्न हो । सरकारी साक्षीको संरक्षण र जवाफदेहिता बीचको सन्तुलन कति महत्वपूर्ण छ भन्ने कुरा यो प्रकरणले स्पष्ट पारेको छ ।

अब विशेष अदालतको फैसलाले मात्र यो विवादको कानूनी टुंगो लगाउनेछ । तर यति भने निश्चित देखिन्छ–भ्रष्टाचारविरुद्धको लडाइँमा "साक्षी" हुनु सम्मान मात्र होइन, सत्यतर्फ अडिग रहने जिम्मेवारी पनि हो । त्यो जिम्मेवारी चुक्दा परिणाम प्रतिवादीको कुर्सीसम्म पुग्न सक्छ भन्ने सन्देश यो मुद्दाले प्रस्ट रूपमा दिएको छ ।



# अर्थात् : जेमन्त



**– शरदराज गौतम –**

*लगभग एउटा भाष्यमा होमिन खोज्दो छ, मुलुक ।*
*आँधीबेरीको विद्रोह मच्याउनेसित*
*चुनावी परिणाम आफू अनुकूल निकाल्ने साँचो छ भनेर ।*
*यदि यो किस्सा नपत्याउने हो भने*
*मुलुकसित अहिले भएका सारा परिवर्तन*
*ढुस भएको मान्नु पर्ने डर हुन्छ ।*
*तर, यदि यसलाई मानि दिने हो भने*
*सबले बुझेका छन्*
*कुनाकाप्चाका मतदाता समेत कता छन भनेर ।*
*लगभग साठी लाख मतदाताको हाथमा एन्ड्रोयड मोबाइल छ ।*
*र, नब्बे प्रतिशतसित इन्टरनेटको पहुँच ।*
*लगभग एक करोडै मुलुक बाहिर बसेका छन ।*
*तिनका परिवार रेमिन्ट्यान्समा निर्भर छन् ।*
*यस्तोमा, कोही आफ्नो बौद्धिकताको कब्जियत देखाइ बस्छ भने*
*समस्या डिजिटल तरंगको हुँदै होइन ।*
*यो मुलुकमा हरकोइ आफ्नो बौद्धिकतामा बाँच्न स्वतन्त्र छ ।*
*र, हरकोई कब्जियतको किस्सा सुनाउन पनि स्वाधीन ।*
*बुझ्न कति मात्रै छ भने*
*मुलुका सारा फेरबदलसित*
*एउटा टुटुल्के जमात गीत गाइ बसेको छ ।*
*बुझिन्न हौ, यो के भाको भन्ने संगगान ।*
*म त भन्छु,*
*यो सब बुझ्न तन्नेरी दशानन जरुरी छ ।*
*रामायणको किंबदन्तीमा भनिए झैं*
*रावणको दशाननको दश टाउको जरुरी छ ।*
*यतिखेर सारा संग्रहित विद्वता बेकामे भएको छ ।*
*र, ठिस पनि !*
*मानिसहरु सब आफ्ना संग्रहित ज्ञानबाट*
*पराजित छन् र थाकेका ।*
*फास्ट फुडको स्वादमा बसेका पुस्तासित*
*परिवर्तनको राँके हतारो बुझिन्छ, बुझ्न सकिन्छ ।*
*दशानन अवतारमा ती*
*आफ्ना दश टाउकोलाई खुराक दिन आतुर छन ।*
*डिजिटल सोच समात्न नसक्नेहरुलाई मात्रै हो ।*
*यो कमिलालाई मुतको पहिरो ।*
*यसैको उपज हो, बेतुका, मुढे र आजित जमात*
*र, त्यै जमातलाई प्रतिनिधित्व गर्दो नागरिक समाज हो ।*
*यो माखे साँग्लोको धागो नसमात्दा मात्रै हो ।*
*धेरैलाई सकस भएको ।*
*न त हरेक मान्छे देश छोड्न चाहन्छ*
*न बेरोजगारी देखाएर खाडी नै जान्छ ।*
*लोकल कुखुरा झैं लोकल बुद्धिजीवी*
*एउटा सानो ट्याबलेटमा*
*सारा कठिनाईबाट मुक्ति र निदान खोजी बस्दा मात्रै कठिनाई हो ।*
*नत्र, मुलुकमा चुनाव पनि हुन्छ ।*
*मान्छे आफ्नो मत पनि अभिव्यक्त गर्छन् ।*
*र, तिनले शासन व्यवसथामा अभिमत पनि दिने छन् ।*
*हुड्केलोहरु जहिल्यै ताल नभई*
*गोडा मिलाउन जान्दैनन् ।*
*यो चुनाब हुड्केलो जत्थाको ताल मिलाउने उत्सव हुँदैछ ।*
*योभन्दा बढता भाष्य बनाएर दुनो सोझ्याउनु*
*अपराध मात्रै हो ।*
*अहिले देखिएका नव धामी झाँकी विद्वानहरुको*
*रोग निको हुने पुर्जी...*
*तिनले गाउँ नछोडुन्जेलसम्म मात्र हो ।*
*झाँकीले गाउँ छोड्यो रोग जस्ताको त्यस्तै ।*

## निर्वाचन देखावटी...

देखिएपछि 'इन्जिनियरिङ चेन्ज' को अर्को पाटोस्वरूप नेपाली कांग्रेसको विशेष महाधिवेशन गराई गगन थापालाई अगाडि सारिएको देखिन्छ । कांग्रेस विशेष महाधिवेशनको नतिजा र यस्ता निर्णयका लागि निर्वाचन आयोगसमेत परिचालित भएको हो कि भन्ने आशङ्का समेत गरिएको छ ।

**रणनीतिक भिडन्तहरू**

आगामी निर्वाचनमा तय गरिएका विशिष्ट प्रतिस्पर्धाका पछाडि गहिरो रणनीतिक र प्रतीकात्मक अर्थ लुकेका छन् । यी भिडन्तहरू केवल चुनाव जित्नका लागि होइन, नेपाली राजनीतिमा नयाँ 'न्यारेटिभ' स्थापित गर्नका लागि तय गरिएको स्पष्ट बुझिन्छ ।

**पुराना शक्ति बनाम नयाँ विकल्प**

केपी ओली विरुद्ध बालेन शाह : यो परम्परागत संस्थापन र नयाँ लहरबीचको टक्कर मानिदैछ । गगन थापाविरुद्ध अमरेश कुमार सिंह : गगनलाई 'सिस्टम' कि 'परिवर्तन' रोज्ने नैतिक दबाब । रेणु दाहाल विरुद्ध सोभिता गौतम : गढहरू असुरक्षित छन् भन्ने सन्देश । कुलमान घिसिङविरुद्ध राजु पाण्डे : सुशासनका दुई प्रतीकबीचको भिडन्त, जहाँ तेस्रो पक्ष लाभान्वित हुन सक्छ ।

**एजेन्डा र मनोविज्ञान**

यी भिडन्तहरू हेर्ने, बुझ्ने हो भने चुनावलाई दलको झन्डाबाट हटाएर व्यक्ति र एजेन्डामा केन्द्रित गरेका छन् । यसले मतदातालाई यथास्थिति कि पूर्ण परिवर्तनमध्ये एक रोज्न बाध्य बनाउँछ । अदृश्य शक्तिहरुले जनताको आक्रोशलाई सडकबाट ब्यालेट बक्सतर्फ मोडेर व्यवस्थापन गर्ने प्रयास देखिन्छ ।

**सेफ्टी भल्भ राजनीति**

परम्परागत दलप्रति जनताको आक्रोश अनियन्त्रित विद्रोहमा नबदलिएर निर्वाचन र पात्र परिवर्तनमै सीमित गरिनु 'सेफ्टी भल्भ' को रणनीतिक उपज हो भनेर मान्न सकिन्छ । यसरी नाक जोगाउन प्रणाली जोगाइन्छ, पात्र मात्रै फेरिन्छन् ।

**कर्मचारीतन्त्रको राजनीतीकरण**

कुलमान र राजु पाण्डे जस्ता पात्र उतारिनुले कर्मचारीतन्त्र अब पेसागत निष्ठाभन्दा राजनीतिक दाउपेचतर्फ आकर्षित हुने संकेत गर्दछ । यसले सरकारी कामकाजमा गम्भीर असर पार्न सक्छ । यी सबै घटनाक्रमले नेपालको राजनीति विचारधाराबाट हटेर व्यक्तित्व र 'पर्फमेन्स' केन्द्रित बन्दै गएको देखाउँछन् । अदृश्य शक्ति केन्द्रको ग्रान्ड डिजाइन'को अन्त्य नयाँ अनुहार तर पुरानै संयन्त्रमा पुग्ने सम्भावना प्रबल देखिन्छ ।

**बाबुरामको चलायमान भूमिका**

यस पटकथामा डा. बाबुराम भट्टराईले पनि आफ्नो भूमिकालाई निरन्तर जीवित राखेका छन् । सरकार निर्माणमा सहयोग, पार्टी नेतृत्व छोड्नु, नयाँ पार्टी गठन, उम्मेदवारी दर्ता र फिर्ता-यी सबै कदम अदृश्य शक्ति केन्द्रको ग्रान्ड डिजाइन'को योजनाबद्ध रुपमा देखिन्छन् । उनी अझै पनि उच्च राजनीतिक भूमिकाको खोजीमै देखिन्छन् ।

**सरकारको सम्भावित खाका**

अन्तरिम सरकार परिवर्तनको हल्लासँगै उनको आशा पुनः जागेको देखिन्छ । निर्वाचनपछिको सरकारको खाका पनि बनिसकेको चर्चा छ । हालकि अन्तरिम प्रधानमन्त्री सुशीला कार्कीलाई राष्ट्रपतिको भूमिकामा लैजाने, वा डा. बाबुराम भट्टराईलाई राष्ट्रपति बनाउने सम्भावनाबारे विश्लेषण भइरहेका छन् ।

**अब नयाँ प्रधानमन्त्री को त ?**

यदि सबै कुरा योजनाअनुसार अघि बढेमा बालेन शाह प्रधानमन्त्री बन्ने अनुमान गरिएको छ । अदृश्य शक्ति केन्द्रको ग्रान्ड डिजाइन'को चाहनामा भाग्यले साथ दिए अर्थमन्त्रीमा स्वर्णिम वाग्ले, सञ्चारमन्त्रीमा जगदीश खरेल, ऊर्जामन्त्रीमा कुलमान घिसिङजस्ता नामहरू चर्चामा छन् ।

**निर्वाचनको अन्तिम दृश्य**

आगामी निर्वाचनमा कुनै पनि पार्टीको एकल बहुमत आउने सम्भावना न्यून देखिन्छ । रास्वपा पहिलो पार्टी बन्ने अडकलबाजी गरिदैछ, गठबन्धन सरकार गठन हुने, रेणुलाई परीत गर्न सके सोभिता गौतम कानून मन्त्री वा सभामुख बन्ने सम्भावना, कांग्रेस-एमाले दोस्रो स्थानका लागि प्रतिस्पर्धा गर्ने अनुमानहरू चलिरहेका छन् । अब निर्वाचनका लागि करिब ३८ दिन मात्र बाँकी छन्-हेरौं, दृश्यहरू कसरी बदलिन्छन् ?

## रास्वपाभित्र...

***लामिछानेको टिम पनि विभाजित***

*यता, पार्टी सभापति रवि लामिछानेको टिमसमेत विभाजित भएको देखिन्छ । लामिछानेनजिक मानिने दीपक बोहोरा, प्रमोद न्यौपाने, विपिन आचार्यलगायतका नेताहरूलाई पछिल्ला दिनमा रविले क्रमशः बाहिर राख्न थालेको स्रोतहरूको दाबी छ । हाल उनीहरूलाई संसदमा ल्याउने पक्षमा लामिछाने नरहेको बताइन्छ । यसै कारण विपिन आचार्यलाई समानुपातिकबाट हटाएर प्रत्यक्षतर्फ उम्मेदवार बनाइएको र प्रमोद न्यौपानेलाई समानुपातिक सूचीमा सांसद नबन्ने स्थानमा राखिएको चर्चा छ । स्रोतका अनुसार, लामिछानेको पछिल्ला दिनमा डीपी अर्यालसँग पनि सम्बन्ध बिग्रिएको छ ।*

***स्वर्णिम वाग्लेसँग बढ्दो नजिकपन***

*डीपी अर्यालसँग सम्बन्ध बिग्रिएपछि लामिछाने अहिले पार्टीका उपसभापति स्वर्णिम वाग्ले पक्षमा झुकेको देखिएको स्रोतहरूको दाबी छ । वाग्लेसँग हिमचिम बढाउँदै लामिछानेले आफ्नो पुरानो टिमलाई बिस्तारै पाखा लगाउने रणनीति अपनाएको अर्थमा यो घटनाक्रमलाई हेरिएको छ । रास्वपाभित्र चलेको चर्चाअनुसार वाग्ले र लामिछानेबीच ट्युनिङ मिलाउने गरी काम हुन थालेपछि आचार्य, बोहोरा लगायतका नेताहरूको टिम क्रमशः बाहिर पर्दै गएको हो ।*

***अन्तर्घातको जोखिम***

*यसले रास्वपाभित्र समूहगत विभाजन मात्र होइन, चुनावमा अन्तर्घात हुने सम्भावना पनि बढाएको स्रोतहरू बताउँछन् । कतिपय नेताहरूलाई जानाजानी हार्ने सम्भावना भएका क्षेत्रमा प्रत्यक्ष उम्मेदवार बनाइएको र उनीहरूले साथ दिएका केही नेताहरूलाई टिकट नै नदिइएको चर्चा पनि छ । रास्वपाभित्र लामिछानेको समूहलाई पहिलेदेखि नै उपसभापति स्वर्णिम वाग्ले, शिशिर खनाल, सुमना श्रेष्ठ, विराजभक्त श्रेष्ठलगायतले 'ग्यालेक्सी ग्याङ' भनेर आलोचना गर्दै आएका थिए । अहिले लामिछाने स्वयं त्यो 'ग्यालेक्सी ग्याङ'बाट बाहिरिने बाटोमा रहेको र नयाँ शक्ति सन्तुलन बनाउने प्रयासमा रहेको रास्वपा स्रोतहरूको दाबी छ । समग्रमा, रास्वपाभित्र देखिएको यो शक्ति संघर्षले पार्टीको एकता, चुनावी रणनीति र भविष्यको दिशामाथि गम्भीर प्रश्न उठाएको छ ।*

## एमालेभित्रै...

हासिल गर्न अध्यक्ष ओलीले केही हदसम्म झुक्नुपर्ने र चुनावी क्याम्पेनलाई व्यापक बनाउने आवाज उठेको हो । सुरेन्द्र पाण्डे, योगेश भट्टराईसहित कर्ण थापा, गोकुल बास्कोटालगायत दर्जनौं नेताहरूलाई ओलीले विपक्षी टिममा रहेको आरोपमा टिकट दिएका छैनन् । उल्टै उनीहरूप्रति आलोचनात्मक अभिव्यक्ति पनि दिएका छन् ।

तर, ती नेताहरूलाई पुनः विश्वासमा लिएर, असन्तुष्टि सम्बोधन गर्दै चुनावी मैदानमा खटाउन सके भोट सुरक्षित गर्न सकिने नेताहरूको दाबी छ । साथै विद्या भट्टराई, बिन्दा पाण्डे, रचना खड्का, उषाकिरण तिम्सिनाजस्ता प्रभावशाली नेतृहरूलाई पनि साथ लिएर अघि बढ्नुपर्ने तर्क पार्टीभित्र उठिरहेको छ । एमालेभित्र अहिलेको बहस स्पष्ट छ-अध्यक्ष ओलीले एक्लै नेतृत्व गर्ने कि सबै शक्ति समेटेर चुनावी युद्ध लड्ने ? यसको उत्तरले नै एमालेको आगामी चुनावी भविष्य तय गर्ने देखिन्छ ।

## देउवाको...

थापालाई स्वीकार नगरी बोलाएको राष्ट्रिय भेलाबाट दुई महत्वपूर्ण निर्णय निस्कन सक्ने अनुमान गरिएको छ ।

**चुनाव टार्ने प्रयास ?**

पहिलो सम्भावना भनेको चुनाव टार्ने रणनीति हो । कांग्रेसभित्र देखिएको यो भद्रगोल अवस्थाले निर्वाचन प्रक्रियालाई नै प्रभावित पार्न सक्ने अर्थमा यो भेलालाई हेरिएको छ । भेलाका कारण पार्टीभित्र अन्तर्घात बढ्ने, गुटगत तनाव चर्किने र त्यसको परिणामस्वरूप चुनावी नतिजा कमजोर हुने अवस्था सिर्जना भएपछि कांग्रेसभित्रै असन्तोष र रडाको मच्चाउने माध्यमका रूपमा यो भेलाले काम गर्ने अनुमान भइरहेको छ ।

**संसद पुनःस्थापनाको संकेत ?**

दोस्रो सम्भावनाका रूपमा, यो भेला संसद पुनःस्थापनाको बाटो खोल्ने प्रयास को रूपमा पनि हेरिएको छ । कांग्रेसभित्र अहिले यी दुवै खेल समानान्तर रूपमा चलिरहेको स्रोतहरू बताउँछन् । यदि मुलुक संसद पुनःस्थापनाको दिशातिर अघि बढ्यो भने चुनाव हुने वातावरण नै कमजोर हुँदै जाने र अन्ततः निर्वाचन नहुने परिस्थिति बन्ने विश्लेषण गरिएको छ ।

**ओलीको अनिश्चितता र कांग्रेसको भूमिका**

प्रधानमन्त्री केपी शर्मा ओलीले समेत अहिले देश चुनावतर्फ जाने हो कि आन्दोलनतर्फ भन्ने कुरा स्पष्ट भइनसकेको बताइरहेका छन् । यही कारण कांग्रेसको राष्ट्रिय भेलालाई झन् गम्भीर र अर्थपूर्ण रूपमा हेरिएको छ ।

कांग्रेसभित्रको एउटा प्रभावशाली शक्ति अझै पनि देउवा पक्षसँग रहेको र त्यो शक्ति असहयोगी बनेमा आगामी चुनावमा कांग्रेसले धेरै सिट ल्याउने सम्भावना न्यून हुने विश्लेषण भइरहेको छ । यदि कांग्रेसले अपेक्षित सिट ल्याउन सकेन भने त्यसको सम्पूर्ण जिम्मेवारी सभापति गगन थापा माथि थोपरिने र उनको नेतृत्वमाथि गम्भीर प्रश्न उठ्ने कांग्रेसभित्रै टिप्पणी हुन थालेको छ । यसरी हेर्दा, कांग्रेसको राष्ट्रिय भेला केवल संगठनात्मक कार्यक्रम मात्र नभई गगन थापाको नेतृत्व, निर्वाचनको भविष्य र मुलुकको राजनीतिक दिशासँग गाँसिएको निर्णायक घटना का रूपमा अघि बढिरहेको देखिन्छ ।

## चुनावको...

थिए । उम्मेदवारी फिर्ता लिन नमानेपछि मेजर राईलाई पार्टी कारबाहीमा पारिएको हो । यसले उदयपुरमा नेकपाको संगठन र मत समीकरणमा असर पर्ने नेताहरूको बुझाइ छ ।

**मुख्यमन्त्रीलाई पनि कारबाहीमा**

यता, अर्का सिनियर नेता कुलप्रसाद केसी पनि कारबाहीमा परेका छन् । रोल्पाबाट प्रदेशसभा सदस्य जितेर लुम्बिनी प्रदेशको मुख्यमन्त्रीसमेत भइसकेका केसीले दाङबाट बागी उम्मेदवारी दिएका थिए । मुख्यमन्त्री भइसकेका नेता नै बागी उम्मेदवार बनेपछि प्रचण्डको टाउको दुख्नु स्वाभाविक मानिएको छ । प्रचण्डले केसीलाई सम्झाउने प्रयास नगरेका भने होइनन् । तर प्रयास सफल नभएपछि अन्ततः केसीलाई पनि पार्टी कारबाही गरिएको छ ।

नेकपाका नेताहरूका अनुसार केसीको कारण दाङ र प्युठानमा पार्टीको मतमा असर पर्ने सम्भावना रहेको छ । यद्यपि ती क्षेत्रमा नेकपाले चुनाव जित्ने सम्भावना कमजोर देखिए पनि समानुपातिक भोटमा भने उल्लेखनीय असर पर्ने अनुमान गरिएको छ ।

**कारबाहीको समय र सन्देशमाथि प्रश्न**

प्रचण्डले कारबाही गरेका नेताहरू जनमतका हिसाबले अत्यन्त बलिया नभए पनि पार्टीभित्रको प्रभाव, संगठन र चुनावी समयमा गरिएको कारबाहीले दिने सन्देश गलत हुने भन्दै नेकपाभित्रै प्रश्न उठ्न थालेको छ । पार्टीभित्र जनमत नभएका युग पाठकलाई भित्र्याउने, तर जनमत र संगठन भएका गजुरेल र केसीजस्ता नेताहरूलाई चुनावको मुखमा कारबाही गर्ने निर्णयप्रति असन्तोष बढेको छ। यही कारण नेकपाभित्र नेतृत्वको निर्णय क्षमतामाथि प्रश्न उठिरहेको बताइन्छ । समग्रमा, चुनावको संवेदनशील घडीमा प्रचण्डले लिएका यी निर्णयहरूले पार्टीको आन्तरिक एकता, संगठनात्मक मजबुती र चुनावी नतिजामा कस्तो प्रभाव पार्छ भन्ने विषयमा नेकपाभित्र गम्भीर बहस सुरु भएको छ ।

## गुप्तचरमा...

विभागमा कमजोर कार्यक्षमता मानिएका खड्कालाई अतिरिक्त मुख्य अनुसन्धान निर्देशकमा बढुवा गरेको आरोप लाग्ने गरेको छ । खड्का स्व. पूर्वगृह मन्त्री खुमबहादुर खड्काले अनुसन्धान अधिकृतमा छड्के भर्ना गरेका कर्मचारी हुन् । उनी र ओम जोशी कमजोर कार्यक्षमता भएका अतिरिक्त मुख्य अनुसन्धान निर्देशक रहेको चर्चा विभाग परिसर भित्र बाहिर चल्ने गरेको छ ।

उता, प्रतिनिधि सभा निर्वाचनको आचारसंहिता २०८२ माघ ४ गतेदेखि लागु भइसकेको छ । त्यसैले आगामी २०८२ फागुन २१ गतेको निर्वाचन अगाडि प्रदेश प्रमुख रहेका विभागका अनुसन्धान निर्देशकहरूको सरूवा नहुने पक्कापक्की जस्तै भएको स्रोत बताउछ । उनीहरूको सरूवा भएको डेढवर्ष बित्नलाग्दासमेत पनि सरूवा हुन सकिरहेको छैन ।

जबकि, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका दुईजना डीआईजी सरूवा भएर प्रदेशमा तेस्रो लट सरुवा भइसकेको अवस्था छ । यतिखेर गुप्तचर विभागमा अहिले ८ जना उपअनुसन्धान निर्देशक, २० जना प्रमुख अनुसन्धान अधिकृतसहित १ सय ८० भन्दा बढी पद रिक्त रहेको स्रोतले बताएको छ । जसको बढुवा प्रक्रियासमेत यतिखेर अलपत्र अवस्थामा रहेको बताइन्छ । विभागका प्रमुख टेकेन्द्र कार्कीले बढुवा र सरूवालाई प्राथमिकतामा राख्न नसक्दा सयौं कर्मचारीहरूको क्यारियर चौपट्ट हुन लागेको गुनासो बढेको छ ।

चुनावका लागि भन्दै निर्वाचन आयोगले आचारसंहिता जारी गरिसकेकोले अत्यावश्यकबाहेक अन्य सरूवा र बढुवाका लागि स्वीकृति दिदैन । त्यसो हुँदा आगामी २०८२ चैत्र महिनायता विभागको सरूवा र बढुवा ठप्प हुने भएको भन्दै विभागका कार्यरत कतिपय कर्मचारीहरू चिन्तित हुन पुगेका छन् । साथै, जेन-जी आन्दोलनले ध्वस्त भएका काठमाडौं, चितवन र कास्कीको कार्यालय भवन पुनर्निर्माणका लागि विभागको नेतृत्वले अर्थ मन्त्रालयसँग रकम मागेर पठाउन नसकिरहेको आरोप खेप्दै आएको छ ।

जसले गर्दा कार्यालयका प्रमुखहरूले काला र शंकास्पद व्यवसायीहरूसँग जी-हजुरी गरेर जेनतेन कार्यालय निर्माण गरी काम चलाउँदै आएका छन् । काठमाडौंका सेक्टरहरूमा मासिक ८ हजारका दरले पानी, बिजुलीको पैसा र चिया खाने रकम विभागको नेतृत्वले निकासा दिएर ठूलै काम गरेको भन्दै गफ चुट्ने गरेको बताइन्छ ।

## कालापानीबाट...

र अनुभवी कर्मचारीहरूलाई भन्सार कार्यालय, आन्तरिक राजस्व कार्यालयमा नखटाउँदा व्यापक रूपमा राजस्व चुहावट बढेको गुनासाहरुसमेत बाहिर आइरहेका छन् ।

अर्कोतिर, मन्त्री खनालले मातहत निकायमा कार्यरत कर्मचारीहरुलाई कसेर उद्यमी र व्यवसायीहरूसँग राजस्व असुल नगर्न निर्देशन दिँदै आएका छन् । जसको पुष्टि मन्त्री खनालले आन्तरिक राजश्व विभागमार्फत ठूला करदाता कार्यालय र कर कार्यालयहरुलाई तत्काल कर परीक्षण नगर्न निर्देशन दिएको घटनाले पनि गर्दछ । त्यस्तै, भन्सार नाकामा स्वघोषणा अनुसार भन्सार क्लिरियन्स गर्न, चेकजाँच गरेर आयात व्यवसायीलाई दुःख नदिने नीति मन्त्री खनालले लिएका छन् ।

सोही कारण चालु आर्थिक वर्षको ६ महिनामै राजस्व लक्ष्यको भन्दा एक खर्ब कम उठेको अवस्था छ । यस्तै स्थिति हुने हो भने चालु आर्थिक वर्षमा लक्ष्य भन्दा करिब दुई खर्ब कम राजस्व उठ्ने अवस्था छ । अहिले कर परीक्षण गर्न नदिएको कारण व्यापारीले खरिद गरेको सामान सबै बिक्री गरिसक्दा पनि सरकारलाई आयकर, भ्याट र अन्तशुल्क बुझाएका छैनन् । स्टकमा सामान रहेको रेकर्ड राखेर सरकारलाई भुक्तानी गर्नुपर्ने राजस्व रकम नगरी व्यापारीहरू स्वयम्ले खर्च गरेको अर्थका जानकारहरु बताउँछन् ।

कर परीक्षण नगर्न मन्त्री खनालले आदेश र निर्देशन दिएका कारण राजस्व संकलन घटेको उनीहरुको दावी रहेको छ । मुलुक प्रतिनिधि सभा निर्वाचनको अन्तिम तयारीमा जुटिरहेको छ । यही मौकामा चोरी, तस्करी झन बढेको छ । अर्कोतिर निर्वाचन सम्पन्न गर्नको लागि रु. २४ अर्व भन्दा बढी नै खर्च लाग्ने अनुमान गरिएको छ । जसले गर्दा मुलुकको विकास-निर्माण, सामाजिक न्याय र आर्थिक समृद्धिको कार्यक्रमलाई निरन्तरता दिन सरकारसँग आर्थिक स्रोत अभाव हुने अवस्था बढ्दै गएको छ ।

## राजनीति किन...

हरूको अवस्था झन् टिठलाग्दो देखिन्छ । उनीहरूले अहिलेसम्म पुराना दलका नेता र विगतका सरकार हरूलाई गाली गर्ने बाहेकको कुनै काम गरेको देखिँदैन । त्यसैले अहिले मुलुकमा नयाँ अनुहार र पुराना अनुहार दुवैथरिबाट गाली-पुराण वाचन भइरहेको सुनिन्छ । मुलुक समन्वय, सद्भाव, समृद्धि, सहकार्य र एकतातिर होइन, झन्-झन् निषेधको राजनीति र द्वन्द्वतिर अग्रसर भइरहेको जस्तो देखिन्छ ।

**जनमत संग्रहको स्मृति र आजको व्यवहार**

यस बेला मलाई मैले अनुभव गरेको एउटा पुरानो घटनाको सम्झना भइरहेको छ । त्यसबेला म स्नातक तहमा अध्ययनरत थिएँ । जनमत संग्रहमा आ-आफ्नो पक्षको प्रचार गर्न हामीहरू आ-आफ्नो घर, गाउँ-शहरतिर लागेका थियौं । म पनि अर्घाखाँचीमा आफ्नो घरतिर लागेको थिएँ ।

त्यसबेला अहिलेजस्तो घर-घरैसम्म गाडी चल्ने अवस्था थिएन, पैदल पनि हिँड्नुपर्दथ्यो । हिँडदाहिँड्दै झमक्क साँझ परेकोले म र मेरा साथीहरू कृष्ण पन्थी र ज्ञानप्रसाद बेल्बासे तीनै जना अर्घाखाँचीको खन्निबास भन्ने ठाउँमा एउटा पसलमा बास बसेका थियौं ।

बसिसकेपछि मैले घरधनीलाई "तपाईं बहुदलमा मत दिनुहुन्छ कि निर्दलमा ?" भनेर सोधेको थिएँ । उनले निर्धक्कसित "निर्दललाई मत दिन्छु" भनेर बताएका थिए । "तपाईं किन निर्दललाई मत दिन लाग्नुभएको हो ?" भनेर मैले सोध्दा उनले भने, "मेरो दाइले बहुदलको प्रचारप्रसार गर्न थालेका छन्, त्यसैले मैले निर्दललाई मत दिन्छु ।"

मैले फेरि प्रतिप्रश्न गरेँ, "तपाईंका दाइले आफ्नो विचार फेरेर निर्दललाई मत दिने निधो गर्नुभयो भने त तपाईंहरू दुवै भाइको मत एउटै पक्षमा पर्ने भयो नि ?" उनले तुरुन्तै जवाफ दिए, "त्यसो भयो भने म बहुदललाई मत दिइहाल्छु नि । हामी दुई भाइको मत कुनै हालतमा पनि एउटै पक्षमा पर्दैन ।" मैले "व्यक्तिगत रिसइबी राखेर होइन, कसलाई मत दिँदा समाजलाई के फाइदा पुग्छ भन्ने हिसाब गरेर मत दिनुपर्छ" भनेर धेरै आग्रह गरेँ, तर उनी टसबाट मस भएका थिएनन् ।

**चेतनाको स्तर : चार दशकमा पनि उही ठाउँ**

अहिले प्रतिनिधिसभाको निर्वाचनको तयारीका क्रममा कथित नयाँ र युवा उम्मेदवारहरू तथा मतदाताहरूले देखाइरहेको व्यवहार र विक्रम २०३६ सालको जनमत संग्रहताका हामी बास बसेको घरका घरधनी मतदाताले देखाएको व्यवहारबीच अनौठो तादात्म्य भेटिन्छ ।

नयाँ अनुहारहरूले पुराना अनुहारलाई गाली गर्ने बाहेक कुनै नयाँ र तर्कसंगत प्रस्ताव अघि सारेको कुरा जनसाधारणले थाहा पाउन नसकेको तथ्यले अहिलेका दल, ती दलमार्फत अगाडि आएका उम्मेदवार र पदाकांक्षीहरूको चेतनाको स्तर र आजभन्दा ४६-४७ वर्षअघि अर्घाखाँचीको एउटा गाउँमा सामान्य पसल गरेर बसेका मानिसको चेतनाको स्तरमा तात्विक फरक देखिँदैन । सम्भवतः यही हाम्रो मुलुकको वर्तमानको सबैभन्दा ठूलो विडम्बना हो ।

नशाको सुरमा आधा रातमा फेसबुकबाट राजनीतिक दल र नेताहरुलाई अमर्यादित र अश्लील शब्द प्रयोग गरेर गाली गर्ने प्रवृत्तिको पुनरावृत्ति भइरह्यो भने मुलुकको कस्तो दशा होला ? भन्ने प्रश्न अहिले निर्वाचनको प्रचार-प्रसारमा हिँडेकाहरूसँग मतदाताले राख्न सक्छन् कि सक्दैनन्, र उम्मेदवार तथा पदाकांक्षीहरूले त्यस्तो प्रश्नलाई के कति सहज ढङ्गले लिन्छन् कि लिँदैनन् भन्ने कुरा अत्यन्त महत्वपूर्ण हुन्छ ।

पुरानाप्रतिको वितृष्णाको वृक्षको आडमा विध्वंस, तोडफोड र आगजनीका घटना तथा त्यस्ता घटनाका कारक र जिम्मेवार मानिसको महिमामण्डन गरियो भने त्यसले मुलुकलाई सही गन्तव्यमा पुऱ्याउँदैन भन्ने कुरामा हामी सबै चनाखो हुनुपर्छ । चुनावमा उमेर र अनुहारको नयाँपन, वा चुनावी चटक र नाटक हेरेर होइन, उम्मेदवारहरूको सोच, व्यवहार, चरित्र, व्यवहारिक संगति र दृष्टिकोणको स्पष्टता हेरेर मतदान गरियो भने मात्रै मुलुक सही दिशातिर उन्मुख हुन सक्छ ।

## प्रधान सेनापतिसम्म...

सम्बन्धी सुझावहरू प्राप्त भइसकेका छन् । सहायक सेनानीदेखि उपरथीसम्म बन्नका लागि निश्चित सेवा अवधि तोक्ने व्यवस्था गरेमा बढुवा प्रक्रियामा बेसिक सिनियरिटी (वरिष्ठता) लाई उचित स्थान दिन सकिने, कमाण्ड एन्ड कन्ट्रोल प्रणाली सहज हुने र संस्थागत अनुशासन अझ सुदृढ हुने अपेक्षा गरिएको छ ।

यस्तो संशोधनले समान योग्यता, क्षमता र व्यावसायिक दक्षता भएका अधिकृतहरूबीच देखिएको असन्तोष घट्ने, राजनीतिक वा संरचनागत प्रभावबाट मुक्त हुँदै शुद्ध पेशागत मूल्याङ्कनको अभ्यास स्थापित हुने दाबी गरिएको छ ।

**प्रतिभा पलायन रोक्ने अन्तिम अवसर ?**

सैनिक स्रोतहरूका अनुसार, यदि समयमै नियमावली संशोधन गरी बढुवा प्रणालीलाई सन्तुलित, न्यायिक र प्रेरणादायी बनाउन सकिएन भने आगामी वर्षहरूमा अझ ठूलो संख्यामा होनहार, व्यवसायिक दक्षता भएका अधिकृतहरू संस्थाबाट बाहिरिने जोखिम रहन्छ । यसले केवल जनशक्ति क्षति मात्रै होइन, राष्ट्रिय सुरक्षा संयन्त्रको दीर्घकालीन क्षमता कमजोर पार्ने खतरा पनि निम्त्याउने विश्लेषण गरिएको छ । यही कारणले वर्तमान सैनिक नेतृत्व र सरकारप्रति पीडित अधिकृतहरूले ठूलो अपेक्षा राखेका छन् । नियमावली संशोधनमार्फत संस्थाभित्र आशा, भरोसा र भविष्यको स्पष्ट मार्गचित्र देखाउन सकिएमा नेपाली सेना अझ चुस्त, सक्षम, नैतिकवान र पेशागत रूपमा सुदृढ बन्ने विश्वास गरिएको छ ।

**संस्थागत न्याय र भविष्यको बाटो**

सैनिक सेवा नियमावलीको छैठौं संशोधन केवल कानूनी प्रक्रिया मात्र नभई संस्थागत न्याय, नेतृत्व विकास र राष्ट्रप्रतिको दीर्घकालीन प्रतिबद्धतासँग जोडिएको विषय हो । योग्य, सक्षम र समर्पित अधिकृतहरूले देश र संस्थाका लागि जीवन अर्पण गर्न उत्साहित हुने वातावरण सिर्जना गर्नु नै संशोधनको मूल उद्देश्य हुनुपर्नेमा अधिकांश सैनिक वृत्त एकमत देखिन्छ । अब प्रश्न यो छ-नेपाली सेनाले होनहार सेनानीको पलायन रोक्न समयमै निर्णायक कदम चाल्छ, कि संस्थागत पीडालाई मौन रूपमा बढ्न दिनेछ ? साँघु साप्ताहिकका लागि यो विषय केवल समाचार होइन, राष्ट्रको सुरक्षा र संस्थागत भविष्यसँग गाँसिएको गम्भीर बहस हो ।

## निर्वाचन...

र अर्कोतिर मन्त्रालयको नेतृत्व गरिरहेका मन्त्री र सचिव नै विदेश सयरमा जानु कति सान्दर्भिक हुन्छ भन्ने प्रश्न कर्मचारीहरुले गरेका छन् ।

यसैबिच, सञ्चार, सूचना तथा प्रविधि मन्त्री जगदीश खरेलले राजीनामा दिएर अनैतिक रुपमा रास्वपा प्रवेश गरी चुनावमा होमिएका छन् । उनी सरकारका प्रवक्तासमेत रहेका थिए । निवर्तमान मन्त्री खरेल ललितपुर क्षेत्र नं २ मा प्रतिनिधि सभा सदस्य उम्मेदवार बनेसँगै सरकारको प्रवक्तासमेत परिवर्तन गरिएको छ । प्रधानमन्त्री कार्की नेतृत्वको सरकारले गृह मन्त्रालयकोसमेत कार्यभार संहाल्दै आएका मन्त्री ओमप्रकाश अर्याललाई प्रवक्ताको जिम्मेवारी तोकेको छ । संचार मन्त्रालयको कार्यभार भने प्रधानमन्त्री कार्कीले नै सम्हालेकी छिन ।

## मन्त्री...

माघ ४ गते आईतवारबाट आचारसंहिता जारी गरिसकेको छ । जसले गर्दा मन्त्रालयले आयोगको सहमति बिना कर्मचारी खटाउन सक्ने छैन ।

मन्त्रालयको नेतृत्व भने आयोगको सहमति लिएर भएपनि विभागको महानिर्देशक परिवर्तन गर्ने सोचमा पुगेको छ । तर, मन्त्रालय र मातहत निकायमा कार्यरत सहसचिवहरुले उक्त जिम्मेवारीमा जान इन्कार गर्दै आएको बुझिएको छ । हाल मन्त्रालयमा सहसचिव ध्रुवप्रसाद घिमिरे, गोबिन्द प्रसाद रिजाल र नारायण प्रसाद सापकोटा प्रशासनतर्फका कार्यरत रहेका छन् । तर, उनीहरु तीनैजनाले बिभागमा जान खासै रुची नदेखाएको जानकार स्रोत बताउँछ । मन्त्रालय मातहतका अन्य निकायमा कार्यरत प्रशासन समूहका सहसचिवहरुले बिभागको नेतृत्वमा खटिन खासै चासो नदिएको बताइन्छ ।

भूमि व्यवस्थापन तथा अभिलेख बिभागमा सफ्टवेयरलगायत ५० देखि ५५ वटा खरिद र अन्य फाइलहरुको निर्णय तत्काल गर्नुपर्ने अवस्था रहेको स्रोतको दावी छ । ती फाइलको अध्ययन र निर्णय गर्न अनुभवी कर्मचारीहरुको टिमका आवश्यकता पर्ने देखिन्छ । तर, नयाँ महानिर्देशकमा खटिएर जाने सहसचिवले आफू अनुकूलको टिम बनाउन आचारसंहिताका कारण नयाँ कर्मचारीहरुलाई तत्काल सरुवा गरेर भित्र्याउन सक्ने अवस्था छैन । त्यसकारण पनि बिभागको नेतृत्वमा जान सहसचिवहरुले आनाकानी गरेको स्रोतको भनाई रहेको छ ।

यो बिचको अवधिमा बिभागको नेतृत्वमा रहेका महानिर्देशकहरुले जरुरी र महत्पूर्ण फाइलहरुको निर्णय गर्नुको साटो कर्मचारी सरुवाबाटै प्राप्त हुने अतिरिक्त लाभमा नै रमाउँने गरेको स्रोतको दावी छ । यही कारण लामो समयदेखि बिभागले गर्नुपर्ने निर्णयका फाइलहरु पेन्डिङमा रहेको बताइन्छ ।

## वनमा...

राम्रै आम्दानी गर्न सफल भएको चर्चा मन्त्रालय परिसरमा चल्ने गरेको छ ।

त्यहीभएर राजेन्द्र शाहीले यसपटक पनि सल्लाहाकार न्यौपानेमार्फत मन्त्रालय र मातहत निकायमा आफू अनुकूलका कर्मचारीहरुलाई अनियमित सरुवा गरेर मन्त्रीलाई विवादमा पार्दै आएको स्रोत बताउँछ । हाले यी दुईजना पात्रको जोडबलमा मन्त्रालयमा सवैभन्दा आकर्षक महाशाखा मानिने योजना तथा वैदेशिक समन्वय महाशाखामा सहसचिव डा. राजेन्द्र केसीको सरुवा गरिएको छ ।

प्राविधिक सहसचिव केसी मन्त्रालयमा भित्रिनु अगाडि बबरमहलस्थित वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको महानिर्देशकको भूमिकामा रहेको स्रोत बताउँछ । उनै सहसचिव केसीलाई मन्त्रालयको सो महाशाखामा भित्र्याउन मन्त्री चौंलागाईंमाथि सल्लाकार न्यौपाने र पूर्वमन्त्रीका छोरा राजेन्द्रले ठूलै दवाव र प्रभाव पारेको चर्चा मन्त्रालयमा परिसरमा चल्ने गरेको छ । उक्त महाशाखा ०८२ मंसिर १ गतेदेखि नेतृत्वविहीन अवस्थामा रहेको थियो । तत्कालीन महाशाखा प्रमुख सहसचिव शिवकुमार वाग्ले ५८ वर्षे उमेरहदका कारण अवकाशमा गएको कारण महाशाखा रिक्त हुन पुगेको बताइन्छ ।

यो बिचमा मन्त्रालयका सिनियर प्राबिधिक सहसचिव डा. रामचन्द्र कँडेललाई सहभागितामूलकसहित उक्त महाशाखाको समेत जिम्मेवारीदिइएको थियो । तर, उनैलाई सो महाशाखामा खटाउनुको साटो चलखेल गरेर केसीलाई खटाइएको बताइन्छ । उनी उमेरहदका कारण आगामी वर्ष सेवा निवृत्त हुने लाइनमा रहेका छन् । त्यसैले सो महाशाखामा वरिष्ठ र अनुभवी सहसचिव कँडेललाई खटाउन यसअघिका सचिव डा. राजेन्द्र मिश्रलगायतका कर्मचारीहरुले जोडबल गरेका थिए ।

अन्तत केन्द्रको नेतृत्वमा रहेकै अवस्थामा बिचौलियाहरुले मन्त्रीलाई प्रभावमा पारेर केसीको सरुवा गर्न सफल भएको बताइन्छ । सहसचिव केसी आफ्नो क्षेत्रमा दखखल, सक्षम, अनुभवी भन्दापनि सामाजिक संजालमा नानाथरी पोष्ट सार्वजनिक गरेर रमाउने कर्मचारीमा दर्ज हुँदै आएको स्रोत बताउँछ । त्यतिमात्र नभएर उनी केन्द्रको नेतृत्वमा रहँदा पनि सीमित निर्माण व्यवसायीको प्रलोभनमा परेर रमाउने गरेको भन्दै आलोचित हुँदै आएका थिए ।

## पुजारी...

मन्त्रालय स्रोतले जानकारी दिएको स्रोतको दावी छ । जसका कारण सो समयदेखि नै बौद्धका स्थानीय बासिन्दाहरूले चर्को विरोध जनाउँदै उनलाई हटाउन मन्त्रालयको नेतृत्वलाई भित्रभित्रै दवाव दिइरहेको बुझिएको छ । स्थानीयहरुले गुठी संस्थान र भूमि व्यवस्था मन्त्रालयमार्फत पुजारीबाट हटाउन माग गर्दै आएका पनि छन् । चिनियाँ लामा पाँच वर्षका लागि नियुक्त भएको र उनको कार्यकाल अझै चार वर्ष बाँकी रहेको स्रोत बताउछ ।

लामालाई वर्तमान मन्त्री प्रा. डा. कुमार इङनामको पहलमा हटाउन लागिएको मन्त्रालय स्रोतले जानकारी दिएको छ । लामा यतिखेर तिब्बत स्वतन्त्रताको बिरोधी र चिनियाँ सरकार पक्षधर हुन् । लामाले स्थानीय तामाङ समुदायलाई मेलम्ची घ्याङ गुठीको जग्गा सामुहिक कार्यमा उपयोग गर्न नदिई आफू खुसी व्यापारीहरूलाई भाडामा लगाएर आर्थिक लाभ हात पार्ने गरेको आरोप स्थानीय तामाङ समुदायका व्यक्तिहरूले लगाउँदै आएका छन् । बौद्ध वडा नम्वर ६ का अध्यक्ष भुवन लामा, पूर्व वडा अध्यक्ष दीपेन्द्र लामा, प्रदेश सांसद छिरिङ दोर्जे लामा, जापानका पूर्व राजदुत गणेश योन्जन, खड्ग लामा, सम्पूर्ण कुमार लामा, राजकुमार लामा, पूर्ण बहादुर लामा, बौद्ध तामाङ घ्याङ गुठी, सुखदुःख तामाङ गुठीका पदाधिकारी, सदस्यलगायतका स्थानीय ६९ घर परिवार लामालाई पुजारी नियुक्ति गरेकोमा असन्तुष्ट रहँदै आएको स्रोत बताउछ ।

०८२ पुस अन्तिम साता मन्त्री इङनामले पनि तत्कालीन मन्त्री अधिकारीमाथि अनियमित रुपमा नियुक्ति गरेको आशंका व्यक्त गरेका थिए । त्यसबखत नै मन्त्री इङनामले पुजारी लामालाई हटाएर पूर्णबहादुर लामालाई नियुक्ति गर्न चाहेको संकेत गरेका थिए । तरपनि थैली बुझेर लामा पुजारी नियुक्ति गरेको स्पष्ट आधार र कारण भने मन्त्री इङनामले फेला पार्न सकिरहेको छैनन् । वर्तमान अन्तिरिम सरकारले पनि सो आरोपलाई पुष्टि गर्नका लागि कुनै छानबिन अनुसन्धान अगाडि बढाएको छैन । त्यसकारण पनि आरोप पुष्टि हुने सरकारी प्रतिवेदनबिना आरोपको भरमा उनलाई हटाउन खोजिएको दाबी लामाले गर्दै आएका छन् ।

चिनियाँ लामाको नियुक्ति र उनको कामले नेपालमा मात्र नभइ अन्तर्राष्ट्रियस्तरमा समेत प्रभाव पार्ने बताइन्छ । त्यसकारण पनि यो विषयसाई संवेदनशील विषय मानिदै आएको स्रोत बताउछ । चिनियाँ लामाको कनेक्सन भारत, मलेसिया, सिंगापुर, हङकङ, भियतनाम, म्यान्मार र तिब्बतसम्म रहेको बताइन्छ । धर्मगुरु दलाई लामाको विवाद अन्तर्राष्ट्रियस्तरसम्म जोडिएको छ । चिनियाँ लामा तीन महिना नेपालमा र ९ महिना विदेश घुमेर बौद्धनाथमा पूजा गर्ने नाममा भेटी संकलन गर्दै हिंड्ने गरेको आरोप लाग्ने गरेको छ ।

बुद्ध धर्मका १४औं दलाई लामा हाल भारतको धर्मशालामा निर्वासित जीवन बिताइरहेका छन् । बौद्धमा चिनियाँ लामाको नियुक्ति र बर्खास्तीको चर्चाले भू-राजनैतिक अस्थिरता निम्त्याउन सक्ने जानकारहरु बताउँछन् । यतिखेर पुजारी लामामाथि जे जस्तो आरोप लगाइएको छ यी विषयमा नियुक्ति गर्नु अगाडि छानबिन गर्नुपर्ने स्रोतको भनाई रहेको छ । पुजारी लामामाथि लागेका आरोप प्रमाणित नभएपछि मात्रै उनलाई संचालक समितिले नियुक्ति गर्नुपर्नेमा सो प्रकिया पूरा नगरी गरिएको भन्दै विरोध हुँदै आएको छ ।

पुजारी लामालाई काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी चुडामणि शर्मा हुँदा लामा गुरु भनेर नामका पछाडि पदवी लिएर नागरिकताको प्रतिलिपि लिएको स्रोतको दाबी छ । उनले तीन पटक भन्दा बढी नागरिकताको प्रतिलिपि लिदा नाम, थर र पदवी लामालाई गरेर लिएको स्रोतको दावी छ । उता, गुठी संस्थानका प्रशासक शैलेश कुंवरले पुजारी चिनियाँ लामा बज्रलाई हटाउने वा नहटाउने विषयमा छलफल चलिरहेको जानकारी दिए । तरपनि मन्त्री इङनामले भने लेनदेनको आधारमा गरिएको नियुक्ति भन्दै कुनैपनि हालतमा हटाउने पक्षमा अडिग रहेको मन्त्रालय स्रोत बताउँछ ।


**मतदान गर्ने अधिकारको प्रयोग गरौं**

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं ।
- मतदानको समयमा विवेकको प्रयोग गरौं ।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं ।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं ।
- निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं ।
- असल, विवेकशील, गतिशील र दूरदर्शी नेतृत्व चयन गरौं ।
- सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


**प्रकाशक** : गोपाल बुढाथोकी, **सम्पादक** : रामकला बुढाथोकी, **कार्यालय** : बागबजार, यतिप्लाजा (पद्मकन्या क्याम्पस अगाडि), काठमाडौं, **फोन** : ५३३०७४८, पो.ब.नं. २९८४, **मुद्रण** : ॐ शिवशक्ति प्रेस, बागबजार